नीअप्र प्रकाशन सङ्ख्या १२७


नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक प्रतिवेदन

आ.व. २०८२/८३

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
नारायणहिटी, काठमाडौं

नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ को दफा २४(१) र (२)
बमोजिम नेपाल सरकारसमक्ष पेस गरिएको

नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक प्रतिवेदन आ.व. २०८२/८३





नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute



नारायणहिटी, काठमाडौं

असोज, २०८३

नीअप्र वार्षिक प्रतिवेदनः ००६

लेआउट : सुविन उलक

फोटो : विमल चन्द्र शर्मा र मणिश चन्द्र राई

प्रकाशन मिति : असोज, २०८३

प्रकाशन प्रति : १५०

नीति अनुसन्धान प्रतिष्ठान

नारायणहिटी, काठमाडौं, नेपाल

इमेलः info@pri.gov.np

वेबः www.pri.gov.np

फोनः +९७७-१-४५३०५१७/४५३४९७९

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति

अध्यक्ष



डा. गुणाकर भट्ट
(उपाध्यक्ष, राष्ट्रिय योजना आयोग)
(२०८३ असार ३२ देखि)

सदस्यहरू



डा. पुकार मल्ल
(सदस्य, राष्ट्रिय योजना आयोग)
(२०८३ असार ३२ देखि)



प्रा. डा. भोला थापा
(उपकुलपति, त्रिभुवन विश्वविद्यालय)
(२०८३ असार ३२ देखि)

कार्यकारी निर्देशक



लक्ष्मण प्रसाद भट्टराई
(२०८३ असार ३२ देखि)

अध्यक्षको मन्तव्य

नेपाल सरकारको नीति अनुसन्धान गर्ने निकायको रूपमा नीति अनुसन्धान प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण छ । आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनले प्रतिष्ठानले गरेका प्रमुख कार्य र उपलब्धिहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गरेको छ । प्रतिष्ठानले सार्वजनिक महत्त्वका विषयमा अनुसन्धान तथा नीतिगत विश्लेषण गर्ने, प्रमाणमा आधारित नीति सुझाव र सिफारिस प्रस्तुत गर्ने, सार्वजनिक नीति संवाद सञ्चालन गर्ने तथा सरकारका नीति निर्माण प्रक्रियामा आवश्यक सहयोग पुऱ्याउने कार्य गर्दै आएको छ । यसले अनुसन्धानबाट प्राप्त ज्ञानलाई नीति निर्माण तहसम्म पुऱ्याउन महत्त्वपूर्ण सहयोग गरेको छ ।

अनुसन्धान, नीति संवाद, ज्ञान उत्पादन तथा प्रसार र संस्थागत सहकार्यलाई अघि बढाउँदै प्रतिष्ठानले आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ । अनुसन्धानको गुणस्तर, प्रमाणको विश्वसनीयता र नीतिगत सान्दर्भिकतालाई प्राथमिकतामा राख्दै प्रतिष्ठानले बदलिँदो राष्ट्रिय आवश्यकताअनुरूप आफ्नो कार्यप्रणालीलाई समेत सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

नेपालको सार्वजनिक नीति निर्माण र कार्यान्वयन प्रक्रियामा विद्यमान जटिल र बहुआयामिक चुनौती सम्बोधनका लागि विश्वसनीय प्रमाण, वस्तुनिष्ठ विश्लेषण, खुला संवाद र प्रभावकारी संस्थागत सहकार्य आवश्यक हुन्छ । प्रतिष्ठानले आगामी दिनमा पनि अनुसन्धान र नीतिबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै नेपाल सरकारलाई समयानुकूल उपयोगी र प्रमाणमा आधारित नीतिगत सुझाव उपलब्ध गराउने विश्वास लिएको छु ।

यस अवधिमा प्रतिष्ठानले सम्पन्न गरेका कार्य र त्यसबाट प्राप्त उपलब्धिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालयहरू, अन्य सम्बन्धित सरकारी निकाय, विश्वविद्यालयहरू लगायत विषय विज्ञ एवम् अनुसन्धानकर्ताहरूप्रति आभार व्यक्त गर्दछु । साथै, प्रतिष्ठानका अनुसन्धाता तथा कर्मचारीहरूले पुऱ्याउनु भएको योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

डा. गुणाकर भट्ट
२०८३ असोज

कार्यकारी निर्देशकको भनाइ

यस वार्षिक प्रतिवेदनमा नीति अनुसन्धान प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका प्रमुख कार्य तथा उपलब्धिहरू समेटिएका छन् । प्रतिष्ठानको कार्यादेश अनुसार यस अवधिमा सम्पन्न नीति अनुसन्धान, प्रकाशन, नीति सिफारिस तथा पृष्ठपोषण, नीति संवाद तथा प्रवचन, अनुसन्धान सहकार्य, ज्ञान व्यवस्थापन र संस्थागत विकासका गतिविधिहरूको विवरण प्रतिवेदनमा प्रस्तुत गरिएको छ । साथै, आर्थिक वर्षको वित्तीय अवस्था, लेखापरीक्षण प्रतिवेदन तथा प्रतिष्ठानको संस्थागत अवस्था, चुनौती र आगामी कार्यका अवसरहरू पनि यसमा समेटिएका छन् ।

यस आर्थिक वर्षमा प्रतिष्ठानले सार्वजनिक नीतिका विविध र समसामयिक विषयमा अनुसन्धान तथा विश्लेषणलाई निरन्तरता दिँदै १३ वटा अनुसन्धानसम्बन्धी प्रकाशन सार्वजनिक गरेको छ । थप ६२ वटा अनुसन्धान परियोजनाका मस्यौदा प्रतिवेदन तयार भई आन्तरिक तथा बाह्य समीक्षा र प्रकाशनका विभिन्न चरणमा पुगेका छन् । अनुसन्धानका निष्कर्षलाई सरकारी नीति निर्माणसँग जोड्ने क्रममा विभिन्न नीति, ऐन तथा रणनीतिका मस्यौदामाथि ११ वटा नीति तथा पृष्ठपोषण सिफारिस गरिएका छन् । नीति प्रयोगशाला मार्फत अघि बढेका नीतिगत विषयमा पनि प्रतिष्ठानले राय तथा सुझाव प्रस्तुत गरेको छ ।

अनुसन्धान र नीतिबिचको संवादलाई थप अर्थपूर्ण बनाउने क्रममा १७ वटा नीति संवाद तथा विभिन्न समसामयिक विषयमा ६ वटा नीति प्रवचन यस अवधिमा सम्पन्न गरिएका छन् । सार्वजनिक नीति स्रोतकेन्द्रमा नीति अध्ययन सामग्री सङ्कलन गर्ने कार्यलाई पनि यस अवधिमा पनि निरन्तरता दिइयो ।

यी उपलब्धिहरू प्रतिष्ठान एक्लैको प्रयासबाट सम्भव भएका होइनन् । प्रतिष्ठानका कार्यमा निरन्तर सहयोग र सहजीकरण गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछु । नीति अनुसन्धान, नीतिगत पृष्ठपोषण तथा सहकार्यका विभिन्न प्रक्रियामा सहयोग पुऱ्याउने सङ्घीय सरकारका मन्त्रालय तथा निकायहरूप्रति पनि धन्यवाद व्यक्त गर्दछु । प्रतिष्ठानका अध्यक्ष तथा सदस्यहरू, सल्लाहकारहरू, अनुसन्धानकर्ता तथा विश्लेषकहरू र सम्पूर्ण प्रशासनिक कर्मचारीले अनुसन्धान तथा व्यवस्थापनका कार्यमा देखाउनुभएको समर्पण प्रशंसनीय छ । साथै, अनुसन्धानका सहभागी, विज्ञ, सरोकारवाला, नीति संवाद तथा प्रवचनमा सहभागी महानुभाव तथा संस्थालगायत प्रत्यक्ष वा परोक्ष रूपमा प्रतिष्ठानका कार्य र उपलब्धिमा योगदान पुऱ्याउने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि यस्तै सहयोग, सहकार्य र रचनात्मक पृष्ठपोषणको अपेक्षा राख्दछु ।

यस प्रतिवेदन तयारीको संयोजन गरी आवश्यक सामग्री सङ्कलन तथा सम्पादन गर्नुहुने प्रतिष्ठानका सहअनुसन्धानकर्ता दिपेन्द्र प्रसाद पन्त, भाषा शुद्धाशुद्धिमा योगदान गर्नुहुने विश्लेषक सोनिया बस्याल र प्रतिवेदनको ग्राफिक डिजाइन गर्नुहुने प्रतिष्ठानका वरिष्ठ सहायक सुविन उलकप्रति विशेष धन्यवाद व्यक्त गर्दछु ।

लक्ष्मण प्रसाद भट्टराई
कार्यकारी निर्देशक
२०८३ असोज

सारसङ्क्षेप

१. नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश २०७५ अनुरूप २०७५ कार्तिक २८ गते विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) को रूपमा नेपाल सरकारद्वारा स्थापना भएको नीति अनुसन्धान प्रतिष्ठानले नेपाल सरकारबाट प्राप्त बृहत् कायदिश र कार्यक्षेत्र अनुसार राष्ट्रले विविध विषयमा अपनाएका-अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रमको अनुसन्धान गर्दैआएको छ ।

२. नीति अनुसन्धान प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्यहरूका लागि रणनीतिक नेतृत्व र मार्गदर्शन प्रदान गर्न पाँच सदस्यीय नीति अनुसन्धान प्रतिष्ठान विकास समिति रहने व्यवस्था अनुसार (नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ ले नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको पुनर्संरचना गरेको - हेर्नुहोस् अनुसूची १) यस अवधिमा कार्यकारी अध्यक्षको नेतृत्वमा रहेको समितिले जम्मा दुई वटा बैठक बसी विभिन्न नीतिगत विषयहरूमा मार्गदर्शन गरेको थियो ।

३. यस अवधिमा नीति अनुसन्धान प्रतिष्ठानमा रहेका तीन विभागहरू (अनुसन्धान विभाग, सूचना तथा ज्ञान व्यवस्थापन विभाग र व्यवस्थापन विभाग) र अन्तर्गतका केन्द्रहरू मार्फत प्रतिष्ठानको स्वीकृत पदहरूमध्ये तत्काल कायम रहेका ६ जना वरिष्ठ अनुसन्धानकर्ता, ६ जना अनुसन्धानकर्ता, ६ जना सहअनुसन्धानकर्ता, ४ जना विश्लेषक, कार्यालय प्रबन्धक (नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अनुसार कार्यकारी निर्देशक - हेर्नुहोस् अनुसूची १) सहित १५ जना प्रशासनिक कर्मचारी र ७ जना इन्टर्न परिचालन गरी विभिन्न विज्ञ परामर्शदाताहरू समेतको योगदानमा प्रतिष्ठानले आफ्ना क्रियाकलापहरू सञ्चालन गरेको हो ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट उपशीर्षकहरू ३०१०००१२३ र ३०१०००१२४ बाट प्रतिष्ठानलाई बजेट प्राप्त हुने व्यवस्थाबमोजिम यस आर्थिक वर्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रतिष्ठानलाई आ.व. २०८२/८३ मा नेपाल सरकारबाट रु. ६ करोड ८७ लाख ७० हजार ५ सय (रु. ६ करोड ७५ लाख ३७ हजार ५ सय चालु र रु. १२ लाख ३३ हजार पुँजीगत)अख्तियारी भएको थियो । उक्त रकममध्ये जम्मा रु. ५ करोड ८६ लाख ३४ हजार २ सय ४० (रु. ५ करोड ७४ लाख ८९ हजार ७ सय ३९ चालु र रु. ११ लाख ४४ हजार ५ सय १ पुँजीगत) यस आर्थिक वर्षमा खर्च भएको छ । यस आर्थिक वर्षमा ८५.२६ प्रतिशत वित्तीय प्रगती भएको थियो ।

५. यस अवधिमा सुरक्षा, प्राकृतिक स्रोत, निर्वाचन, दिगो विकास लक्ष्य सम्बन्धमा चार वटा अनुसन्धान सम्पन्न भई प्रतिवेदन प्रकाशित भएका छन् । सङ्घीयता र संरचनागत सुधारसम्बन्धी दुई वटा सम्पादित सँगालो प्रकाशित गरिएका छन् । त्यसैगरी, नेपाल सरकारको दुई वटा नीतिको समीक्षा सम्पन्न भएको छ भने तीन वटा सोचपत्रहरू प्रकाशित भएका छन् । प्रकाशित प्रतिवेदनहरू निम्नानुसार छन् ।

अनुसन्धान प्रतिवेदन

- गैरपरम्परागत सुरक्षाः नेपालमा उर्जा सुरक्षाको परिदृश्य
- नेपालमा नदीजन्य निर्माण सामग्रीको दिगो र वातावरणमैत्री उत्खननः नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन
- विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू
- Nepal's Journey Towards Zero Hunger: The Triple Challenge of Food Security, Food Self-Sufficiency and Economic Prosperity

सम्पादित सँगालो

- Transforming Nepal Through Structural Reforms
- नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस

नीति समीक्षा प्रतिवेदन

- जलविद्युत् विकास नीति, २०५८ः समीक्षा र भविष्यका लागि मार्गदर्शन
- राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

नीति सङ्क्षेप

- स्थानीय तहमा न्यायिक समितिको कार्यप्रभावकारिता अभिवृद्धिका उपायहरू

सोचपत्र

- संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता
- नेपालमा सामाजिक सद्भावः मधेशको सन्दर्भ
- नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

सेमिनार प्रतिवेदन

- Moving Towards a Shared Future: Review of and Prospects for Nepal-China Strategic Partnership of Cooperation

६. यस अवधिमा ६२ वटा अनुसन्धान परियोजनाका मस्यौदा प्रतिवेदनहरू तयार भई केही प्रतिवेदनहरू आन्तरिक तथा वाह्य समीक्षाका चरणमा रहे भने केही प्रतिवेदनहरू प्रकाशनको चरणमा रहे ।

७. मुलुकमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनुपर्ने नीति र उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, निजामती वा सार्वजनिक सेवालाई थप प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधार लगायतका सम्बन्धमा अध्ययनबाट प्राप्त निष्कर्षमा आधारित भई नेपाल सरकार तथा मातहतका

विभिन्न मन्त्रालय र निकायहरूलाई सुझाव दिने कार्यलाई निरन्तरता दिँदै निम्नानुसारका मस्यौदा नीति, ऐन र नियमावली सुधारका लागि जम्मा ११ वटा नीति तथा पृष्ठपोषण सिफारिस गरिएको छ ।

- राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) उपरको पृष्ठपोषण प्रतिवेदन
- वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३ - २०८६/८७) (मस्यौदा) मा थप परिमार्जनका लागि सुझाव
- राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ (मस्यौदा) माथि टिप्पणी
- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सङ्घीय निजामती सेवा विधेयक, २०८३) को मस्यौदामा सुधारका लागि नीति अनुसन्धान प्रतिष्ठानको सुझाव तथा पृष्ठपोषण
- भूमि प्रशासन र व्यवस्थापनसम्बन्धी मौजुदा व्यवस्थामा सुधारका लागि नीति सिफारिसहरू, २०८३
- सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन (२०५२) र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको सङ्क्षेपीकरण तथा सुझाव
- राष्ट्रिय कृषि नीति २०८२ (मस्यौदा) सुधार तथा परिमार्जनका लागि सुझाव
- तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा पृष्ठपोषण तथा सुझाव
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदामा थप सुधारका लागि पृष्ठपोषण तथा सुझाव
- राष्ट्रिय भू-उपग्रह नीति, २०८२ (मस्यौदा) मा सुधारका लागि पृष्ठपोषण तथा सुझावहरू
- व्यक्तिगत डाटा संरक्षण नीति-२०८२ को मस्यौदामा सुधार तथा परिमार्जनका लागि सुझाव

८. नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा ९ जनाको नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको ५ वटा बैठकमा सहभागी भई ९ वटा नीति मस्यौदाहरू (व्यक्तिगत डाटा संरक्षण नीति, २०८२; राष्ट्रिय भू-उपग्रह नीति, २०८२; सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२; राष्ट्रिय सडक सुरक्षा नीति, २०८२; वित्तीय क्षेत्र विकास रणनीति, २०८२/८३-२०८६/८७; तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति, २०८२-२०८७; राष्ट्रिय कृषि नीति, २०८२; राष्ट्रिय संस्कृति नीति, २०८३ र राष्ट्रिय झोलुङ्गेपुल नीति, २०८२) मा राय सुझाव प्रदान गरिएको छ ।

९. नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरूमा नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराई आफूले गर्ने

नीति अध्ययन तथा विश्लेषणमा सुझाव लिने उद्देश्यले यस आर्थिक वर्षमा स्थलगत नीति संवादहरू समेत गरी जम्मा १७ वटा नीति संवादहरू आयोजना गरिएका छन् ।

१०. नीति अध्ययन अनुसन्धानमा समन्वय र सहकार्यका साथै सहयोग समेतको प्रायोजनको लागि यस आर्थिक वर्षमा चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबिच अनुसन्धान सहकार्य सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

११. सार्वजनिक नीतिसम्बन्धी अवधारणागत तथा सैद्धान्तिक लगायत अनुसन्धान योजनामा परेका नीति अनुसन्धानसँग सम्बन्धित ६ विषयहरू (नेपालको एआई महत्त्वाकाङ्क्षाका लागि आवश्यक आधारभूत संरचना तथा पूर्वाधार निर्माण, नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार, नागरिक समाजसँगको सहकार्य, नेपालको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा, ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र सार्वजनिक नीति निर्माणमा गुणात्मक अनुसन्धानको प्रयोग) मा नीति प्रवचन आयोजना गरिएको छ ।

१२. यस आर्थिक वर्षमा जम्मा एउटा (नीति अनुसन्धान प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति नवप्रवर्तन प्रशिक्षण) तालिममा प्रतिष्ठानको सहभागिता रहेको छ ।

१३. नीति अनुसन्धान प्रयोजनका लागि स्वतन्त्र र विधागत विशेषज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तवरले समेत सूचीकृत हुन आह्वान गरी प्रतिष्ठानले विज्ञहरूको सूची तयार गर्दै आएकामा यस आर्थिक वर्षमा पनि सो कार्यलाई निरन्तरता दिइएको छ ।

१४. नीतिसँग सम्बन्धित सामग्रीहरूको पहुँचलाई सहज बनाउन र यस्ता सामग्रीहरूको एकीकृत सङ्ग्रह व्यवस्थित गर्ने उद्देश्यले सार्वजनिक नीति स्रोतकेन्द्र (पुस्तकालय) को स्थापना गरी सो केन्द्र संस्थागत गर्दै आएकामा यस आर्थिक वर्षमा नीतिसँग सम्बन्धित पुस्तक, जर्नल, नीति-ऐन-नियमावली, श्रव्य/श्रव्य-दृष्य सामग्री, मन्त्रिपरिषद्का निर्णयहरू र सम्बन्धित प्रतिवेदन, विज्ञप्ति आदि गरी जम्मा ३ हजार ५ सय २४ नीति अध्ययन सामग्रीहरू सङ्ग्रह गरिएका छन् ।

१५. प्रतिष्ठानले यस अवधिमा अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरू समेत गरी जम्मा ८ जना नयाँ नियुक्ति गरेको छ ।


१६. न्यून बजेट, दक्ष तथा अनुभवी अनुसन्धान जनशक्ति आकर्षित र टिकाइ राख्ने सन्दर्भमा आर्थिक लगायतका क्षमता तथा सीमितताले दीर्घकालीन, बहुविषयक र गहन नीति अनुसन्धान गर्ने कार्यमा चुनौती रहेको छ । सीमित बजेट र जनशक्तिका कारण फिल्डमा आधारित अनुसन्धान तथा तथ्याङ्क सङ्कलन, स्थानीय तहका तथ्याङ्क र क्षेत्रगत ठुला अध्ययनका लागि अनुसन्धान पूर्वाधार, डेटा पहुँच, डिजिटल प्रणाली र प्राविधिक स्रोतसाधनको विकासमा पनि चुनौती छन् ।

सङ्घीय, प्रदेश र स्थानीय तहबिचको समन्वय पर्याप्त सुदृढ हुन नसक्दा बहुस्तरीय शासन संरचनासँग नीति अनुसन्धानको प्रभावकारी सम्बन्ध निर्माण गर्न तथा नीति सिफारिसको कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्य सुदृढ गर्न चुनौती रहेको छ । क्षेत्रगत मन्त्रालयबाट नीति मस्यौदामा पृष्ठपोषण माग गर्दा पर्याप्त समय नपाइने भएकाले सरोकारवालाका धारणा समेटी पृष्ठपोषण गर्न पनि चुनौती छ । अनुसन्धान प्रतिवेदन तथा नीति सुझाव सरकारी निर्णय प्रक्रियामा कुन हदसम्म

प्रयोग भए भन्नेबारे व्यवस्थित पृष्ठपोषण प्रणालीको अभाव छ । न्यून बजेट र अनुसन्धान पूर्वाधार तथा प्राविधिक स्रोतसाधनको सीमितताले अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्कसँगको समन्वय, सहकार्य र अनुभवका आधारमा प्रतिष्ठानलाई थप प्रभावी, पेसागत र प्रतिस्पर्धी बनाउने कार्यमा समेत चुनौती रहेको छ ।

१७. नेपालमा प्रमाणमा आधारित नीति निर्माण र ज्ञानमा आधारित निर्णय प्रक्रियाप्रति सरकारको बढ्दो चासोले प्रतिष्ठानको भूमिका विस्तार गर्ने अनुकूल वातावरण बनेको छ । नीति प्रयोगशालामा प्रतिष्ठानको समन्वयात्मक तथा बौद्धिक भूमिकाको परिकल्पना, सङ्घीयतासँगै तीनै तहमा बढ्दो नीति अनुसन्धानको आवश्यकता तथा जटिल नीतिगत विषयमा अनुसन्धानको मागले यसको कार्यक्षेत्र विस्तार गर्ने अवसर दिएको छ । साथै, संसदीय समिति, संवैधानिक आयोग र सरकारी निकायसँग सहकार्य बढाउनुका साथै अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, विश्वविद्यालय र थिङ्क ट्याङ्कसँग संयुक्त अनुसन्धान तथा ज्ञान आदानप्रदान गर्न सकिने अवसर छ । डिजिटल प्रविधि, कृत्रिम बौद्धिकता र डेटा प्रणालीको उपयोग तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय नीति संवादमा सहभागिताले अनुसन्धानको पहुँच र प्रभाव विस्तार गर्न थप अवसर प्रदान गरेको छ ।

समग्र भौतिक तथा वित्तीय प्रगति



विषय सूची

अध्यक्षको मन्तव्य iii

कार्यकारी निर्देशकको भनाइ v

सारसङ्क्षेप vii

परिच्छेद १

नीति अनुसन्धान प्रतिष्ठानको सङ्क्षिप्त परिचय **१**

१.१ गठन तथा कार्य क्षेत्र १

१.२ दूरदृष्टि, ध्येय र लक्ष्य २

१.३ नीति अनुसन्धान प्रतिष्ठान विकास समिति ४

१.४ प्रतिष्ठानको अनुसन्धान कार्यशैली ५

परिच्छेद २

प्रशासनिक संरचना, अनुसन्धान प्रक्रिया र संयन्त्र **७**

२.१ सङ्गठनात्मक संरचना ७

२.२ प्रतिष्ठानको नियमित कर्मचारी (अनुसन्धान तथा प्रशासन) १५

२.३ इन्टर्न अनुसन्धानकर्ता १६

२.४ विज्ञसूची १६

परिच्छेद ३

वित्तीय विवरण र सम्पत्ति हस्तान्तरण **१७**

३.१ वित्तीय विवरण १७

३.२ प्रतिष्ठानको पुँजीगत सम्पत्ति हस्तान्तरण विवरण १८

परिच्छेद ४

सम्पादित कार्य तथा उपलब्धिहरू **१९**

४.१ सम्पन्न भएका अध्ययनहरू १९

४.२ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष नीति सिफारिस २८

४.३ मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन प्रतिवेदनहरू ३५

४.४ प्रतिष्ठानको जर्नल 'Nepal Public Policy Review' को प्रकाशन ३६
४.५ समझदारीपत्रमा हस्ताक्षर ३७
४.६ सार्वजनिक नीति संवाद ३७
४.७ नीति प्रवचन ५४
४.८ तालिम तथा अभिमुखीकरण ५९
४.९ सरकारका मन्त्रालयहरू र अन्य निकायहरूसँगको अन्तरक्रिया तथा समन्वय ६०
४.१० अन्तर्राष्ट्रिय निकायहरूसँगको समन्वय तथा सहकार्य ७१
४.११ सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार ७५
४.१२ कर्मचारी तथा इन्टर्नहरूको नियुक्ति ७६
४.१३ नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू ७६
४.१४ बोर्ड र नीतिगत मामिला पहिचान समितिको बैठक ७७
४.१५ तथ्याङ्कमा समग्र कार्यसम्पादन तथा उपलब्धिहरू ७८

परिच्छेद ५

समस्या, चुनौती र अवसर **८१**

५.१ समस्या र चुनौतीहरू ८१
५.२ अवसरहरू ८२

अनुसूचीहरू **८५**

परिच्छेद १

नीति अनुसन्धान प्रतिष्ठानको सङ्क्षिप्त परिचय

१.१ गठन तथा कार्य क्षेत्र

नीति अनुसन्धान प्रतिष्ठान २०७५ असोज १० गते स्थापना[१] भएको विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) हो। नीति अनुसन्धान प्रतिष्ठानले नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेशको दफा ६ मार्फत बृहत् कार्यादेश र कार्यक्षेत्र प्राप्त गरेको छ। प्रतिष्ठानले आफ्ना अध्ययनका मुद्दा र विषयवस्तुका लागि संविधानका निर्देशक सिद्धान्तहरू (धारा ५०) र राज्यका नीतिहरू (धारा ५१) लाई आत्मसात् गरेको छ। धारा ५१ प्रत्यक्ष रूपमा नीति अनुसन्धान प्रतिष्ठानको कार्यादेशसँग सम्बन्धित रहेको छ।

राष्ट्रले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने, मुलुकले कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रमको अनुसन्धान गर्ने, नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति एवम् परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनुपर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने कार्य नीति अनुसन्धान प्रतिष्ठानले गर्दछ।

मुलुकमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनुपर्ने नीति र उपायहरूका सम्बन्धमा र निजामती वा सार्वजनिक सेवालाई थप प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र नेपाल सरकारको अनुरोधमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कुनै खास विषयमा अपनाउनुपर्ने नीतिको मस्यौदा गरी कारबाहीको लागि सम्बन्धित मन्त्रालय पठाउने प्रतिष्ठानका अन्य कार्यहरू हुन्।

प्रतिष्ठानले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य गर्ने भएकाले प्रतिष्ठानले गर्ने अनुसन्धान अन्य अनुसन्धानहरूभन्दा फरक छन्।

प्रतिष्ठानका अनुसन्धानले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्दछन्। प्रतिष्ठानले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान परिषद्हरूसँगको निकट सम्बन्धमा रहेर 'विकास र परिवर्तनका लागि अनुसन्धान' भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ।

---

१ विकास समिति ऐन २०१३ को धारा ३ ले दिएको अधिकार प्रयोग गरी गठन भएको प्रतिष्ठानको 'नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५' को सूचना भने नेपाल सरकारले २०७५ कार्तिक २८ मा नेपाल राजपत्रमा प्रकाशित गरेको थियो।

नीति अनुसन्धान प्रतिष्ठानको संस्थागत विकास र सञ्चालनका लागि नेपाल सरकारबाट विभिन्न समयमा आवश्यक नियमावलीहरू - नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कार्य सञ्चालन) नियमावली २०७५, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी) नियमावली २०७६, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (आर्थिक प्रशासनसम्बन्धी) नियमावली २०७५, नीति अनुसन्धान प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ पारित भई कार्यान्वयनमा रहेका छन् ।

१.१.१ नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ मा दोस्रो संशोधन

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ लाई नेपाल सरकारले मिति २०८३ असार ३२ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी संशोधन आदेश जारी गरेको छ । संशोधनपछि यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ । मूल आदेशको दफा २, ३, ४, ५, ७, ८, ९, ११, १४ र २३ मा संशोधन गरिएको हो (हेर्नुहोस् अनुसूची १) ।

१.२ दूरदृष्टि, ध्येय र लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानका दूरदृष्टि, ध्येय र लक्ष्यहरू प्रतिष्ठान विकास समितिको ३४औं बैठकले २०७८ जेठ २५ मा पारित गरेको नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक योजना (२०७७ - २०८२) मा आधारित छन् ।

दूरदृष्टि

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि राष्ट्रिय समृद्धिको लागि प्रभावकारी र उत्तरदायी सार्वजनिक नीति तर्जुमाको लागि योगदान पुऱ्याउनु हुनेछ ।

ध्येय

नीति अनुसन्धान प्रतिष्ठानलाई प्रमाणमा आधारित (सुसूचित) नीति निर्माणमा अब्बल संस्थाको रूपमा स्थापित गर्नु यसको ध्येय हुनेछ ।

लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक उद्देश्य सार्वजनिक नीतिका लागि विश्वसनीय, तथ्यमा आधारित तथा परिवर्तनकारी ज्ञान सिर्जना गर्नु हुनेछ ।

मूल मान्यताहरू

गुणस्तरीयताः नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठानका कर्मचारी तथा शोधकर्ताहरूले तयार गर्ने शोधकार्यहरू एवम् अन्य विज्ञहरू मार्फत सम्पन्न गरिने सामग्रीहरू तथा प्राप्त हुने सेवाहरूमा गुणस्तरीयता कायम हुने गरी कार्य गर्दछ ।

वस्तुपरकताः कुनै मुद्दा, विचार र विषयवस्तुलाई प्रमाणहरूको कसीमा राखेर आलोचनात्मक ढङ्गले हेर्ने प्रतिष्ठानको अभ्यास रहँदै आएको छ । व्यक्तिगत पूर्वाग्रह तथा भावनात्मक अनुभूतिका कारण वस्तुपरकता कायम हुन नसक्ने अवस्था आउन नदिन प्रतिष्ठान सजग रहन्छ ।

सत्यनिष्ठाः प्रतिष्ठान आपसी सम्मान र सहयोग, इमानदारी र सत्यताजस्ता आधारभूत नैतिक सिद्धान्तहरूप्रति प्रतिबद्ध रहँदै आएको छ । संस्थागत व्यावसायिकता कायम गर्ने, समूहगत कार्य र द्वन्द्व व्यवस्थापनमा जोड दिने तथा कृपावाद र स्वार्थको टकराबजस्ता विषयलाई रोक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सत्यनिष्ठाको दृढतापूर्वक पालना गर्दछ ।

विविधताः फरक सिद्धान्त, ज्ञान, अनुभव, संस्कृति, जातीयता, लिङ्ग, धर्म तथा शारीरिक क्षमताको सम्मान गर्दै समावेशी कार्य वातावरण निर्माण गर्नेतर्फ प्रतिष्ठान कार्यरत छ । यस प्रयोजनको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रतिष्ठान इमानदारीका साथ योग्यतामा आधारित प्रणालीको अभ्यासमा प्रयत्नशील रहन्छ ।

पारदर्शिताः नीति अनुसन्धान प्रतिष्ठानका क्रियाकलापहरू पारदर्शी रहन्छन् । पारदर्शिताले आफ्ना कामहरू र सोबाट प्राप्त नतिजाहरूबारे आम जनतालाई सुसूचित गराउनुका साथै उनीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी उपयोगी सूचना खोज्न र प्राप्त गर्न प्रोत्साहित गर्दछ भन्ने मान्यतामा प्रतिष्ठानको विश्वास रहेको छ ।

जवाफदेहिताः प्रतिष्ठानका क्रियाकलापहरू जवाफदेहितामा आधारित रहन्छन् । आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरू उनीहरूका कामप्रति जवाफदेही रही कार्य गर्ने वातावरण कायम गर्नुपर्ने विषयमा प्रतिष्ठान अत्यन्त सजग रही कार्यरत छ । आफ्ना स्रोत-साधनहरूको विवेकशील, मितव्ययी र प्रभावकारी प्रयोगको लागि प्रतिष्ठानले सम्भव भएसम्म आवश्यक सबै उपायहरूको अवलम्बन गर्दछ ।

सहभागिताः नीति अनुसन्धान प्रतिष्ठानले आफ्ना कार्यहरूलाई विभिन्न उपाय र विचारहरू मार्फत थप गहन बनाउन सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई विशेष महत्त्व प्रदान गर्दछ । अध्ययन अनुसन्धानमा रहेका कुनै पनि विषयवस्तु वा मुद्दाको बारेमा पूर्ण जानकारी प्राप्त गर्न र सम्बन्धित विषयमा जतिसक्दो धेरै क्षेत्रहरूबाट अधिकतम सुझाव सङ्कलन गर्न सरोकारवालाहरूको सहभागिता आवश्यक पर्ने विषयलाई प्रतिष्ठानले आत्मसात् गर्दछ ।

१.३ नीति अनुसन्धान प्रतिष्ठान विकास समिति

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अनुसार नीति अनुसन्धान प्रतिष्ठानको पाँच सदस्यीय नीति अनुसन्धान प्रतिष्ठान विकास समिति रहने व्यवस्था छ, जसमा एक जना अध्यक्ष र चार जना सदस्यहरू रहन्छन् । वैज्ञानिक अनुसन्धान, नीति नवप्रवर्तन, रणनीतिक नेतृत्व र सामाजिक परिवर्तनमा उत्कृष्ट छवि बनाएका राष्ट्रिय व्यक्तित्वमध्येबाट मन्त्रिपरिषद्ले समितिको गठन गर्दछ । विकास समिति गठनका क्रममा समावेशिता र विविधताको सिद्धान्त पालना गरिन्छ (यस आर्थिक वर्षमा कायम नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको विवरणको लागि पृष्ठ i र बोर्डले गरेका निर्णयहरूका सङ्क्षिप्त विवरणका लागि परिच्छेद ४.१३ हेर्नुहोस्) ।

प्रतिष्ठान विकास समितिको मुख्य काम 'थिङ्क ट्याङ्क' को रूपमा काम गर्नु हो । समितिले नीति अनुसन्धान प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्यहरूका लागि रणनीतिक नेतृत्व र मार्गदर्शन प्रदान गर्दछ । प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्य अन्तर्गत नीति अनुसन्धान गर्ने, सरकारको कार्यान्वयनका लागि नीति सिफारिस तयार पार्ने, प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम र बजेटको समीक्षा गर्ने तथा पारित गर्ने र प्रतिष्ठानका योजना एवम् प्रतिबद्धता प्रभावकारी ढङ्गले पूरा गर्न सहज वातावरण निर्माण गर्ने कामहरू पर्दछन् । यी प्रयोजनका लागि आवश्यकताअनुरूप निर्णयहरू लिन नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेशको प्रावधानअनुरूप विकास समितिको बैठक नियमित रूपमा बस्दछ ।

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अनुसार प्रतिष्ठानमा कार्यकारी निर्देशक रहने व्यवस्था छ । कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था छ ।

(क) प्रतिष्ठानको समग्र व्यवस्थापन, सञ्चालन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,

(ग) विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,

(घ) प्रतिष्ठानको अध्ययन वा अनुसन्धान गर्ने विषयको छनोट गरी त्यसको कार्य क्षेत्रगत सर्त (टर्म्स अफ रेफरेन्स) सहित समितिमा पेस गर्न लगाउने,

(ङ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गरी आवश्यकतानुसार निर्देशन दिने,

(च) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सङ्घ, संस्थासँग सम्पर्क राख्ने,

(छ) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

नीति अनुसन्धान प्रतिष्ठानको व्यवस्थापन सहभागितामूलक बनाउन वरिष्ठ अनुसन्धानकर्ता र विभागीय प्रमुखहरू समेतको संयन्त्र सक्रिय छ ।

१.४ प्रतिष्ठानको अनुसन्धान कार्यशैली

नीति अनुसन्धान प्रतिष्ठानले आफैं वा विश्वविद्यालयहरू, नीति प्रतिष्ठानहरू र अन्य 'थिङ्क ट्याङ्क' जस्ता सार्वजनिक प्राज्ञिक संस्थाहरूसँगको सहकार्यमा अनुसन्धान गरी नेपाल सरकारसमक्ष नीति सिफारिस गर्दछ । आपसी सहमतिअनुसार नीति अनुसन्धान प्रतिष्ठानले सरकारका मन्त्रालयहरू र विभागहरू, प्राज्ञिक निकायहरू, प्रतिष्ठानहरूजस्ता संस्थाहरूसँग मिलेर काम गर्दछ । प्रतिष्ठानले गर्ने अध्ययन-अनुसन्धानका करिब ७० प्रतिशत विषय तथा क्रियाकलापहरू सरकारका मन्त्रालय तथा विभागहरू र अन्य सरकारी निकायहरूबाट प्राप्त हुन्छन् भने बाँकी ३० प्रतिशत आवश्यकताको आधारमा प्रतिष्ठानले निर्धारण गर्दछ । सार्वजनिक बहसका विषय, विज्ञ, सामाजिक अगुवा तथा निजी क्षेत्रले गरेका अनुरोधहरू अनुसन्धान छनोटका स्रोतहरू हुन् । प्रतिष्ठानले नवीन किसिमका नीति सिफारिस दिनसक्ने उच्च गुणस्तरका अनुसन्धान परियोजना कार्यान्वयन गर्नका लागि बहुक्षेत्र तथा विधाका विज्ञ र अनुसन्धानकर्तासम्म पुग्नका लागि सामूहिक प्रयास गर्दै आएको छ (हालसम्म प्रतिष्ठानले अध्ययन अनुसन्धान गरेका प्रमुख क्षेत्र-विषयहरू र यस आर्थिक वर्षमा प्रकाशित प्रतिवेदनहरू परिच्छेद ४.१ मा हेर्नुहोस) ।

प्रकाशन प्रतिष्ठानका महत्त्वपूर्ण कामहरूमध्ये एक हो । यस प्रतिष्ठानबाट सम्पन्न भएका गुणस्तरीय अनुसन्धानहरूलाई अनुसन्धान प्रतिवेदन, बहसपत्र, कार्यपत्र, सोचपत्र, मार्गदर्शन, नीति सङ्क्षेप, इन्फोग्राफिक्स, पुस्तक, विशेषाङ्क प्रकाशनको रूपमा प्रकाशन गरिन्छ । नेपाल र नेपालबाहिर रही नेपाली प्राज्ञ, विज्ञ तथा अनुभवी, अनुसन्धानकर्ता, नीति पैरवीकर्ताहरूबाट योगदान रहने नीतिसम्बन्धी लेखहरू पनि Nepal Public Policy Review (NPPR) जर्नल मार्फत प्रतिष्ठानले सूचना तथा ज्ञान व्यवस्थापन विभागको संयोजनमा प्रकाशन गर्दै आएको छ ।

परिच्छेद २

प्रशासनिक संरचना, अनुसन्धान प्रक्रिया र संयन्त्र

२.१ सङ्गठनात्मक संरचना

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अनुसार प्रतिष्ठानमा अध्यक्षको नेतृत्वमा पाँच सदस्यीय समिति रहन्छ भने कार्यालयको समग्र व्यवस्थापन र सञ्चालन कार्यकारी निर्देशकले गर्ने व्यवस्था छ । कार्यकारी निर्देशकको मातहतमा रही तीनवटा विभागहरू (अनुसन्धान विभाग, व्यवस्थापन विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभाग) मार्फत प्रतिष्ठानले कार्य गर्दछ । ती विभागहरू अन्तर्गत पनि विभिन्न केन्द्रहरूको व्यवस्था गरिएको छ । प्रतिष्ठानको सङ्गठनात्मक संरचना अनुसूची २ मा दिइएको छ ।

२.१.१ प्रतिष्ठानका विभाग र केन्द्रहरू

नीति अनुसन्धान प्रतिष्ठानमा तीन विभागहरू- (१) अनुसन्धान विभाग, (२) सूचना तथा ज्ञान व्यवस्थापन विभाग र (३) व्यवस्थापन विभाग रहेका छन् । प्रतिष्ठानले आफ्ना कार्यदिशमा परेका विषयहरूमाथि अनुसन्धान विभाग अन्तर्गतका चार वटा अध्ययन केन्द्रहरू तथा मातहतका एकाइहरू र सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत रहेका चार वटा केन्द्रहरू मार्फत अनुसन्धान र सम्बन्धित कार्यहरू सञ्चालन गर्दछ । प्रशासन विभाग अन्तर्गत दुई एकाइहरू रहेका छन् ।

२.१.१.१ अनुसन्धान विभाग

प्रतिष्ठानको अनुसन्धान विभागको काम नीति अनुसन्धान गर्ने हो । विभागले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य गर्ने भएकाले प्रतिष्ठानले गर्ने अनुसन्धानहरू अन्य अनुसन्धानभन्दा फरक छन् । प्रतिष्ठानका अनुसन्धानले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्दछन् । विभागले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान परिषद्हरूसँगको निकट सम्बन्धमा रहेर 'विकास र परिवर्तनका लागि अनुसन्धान' भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ । यसरी गरिएका अनुसन्धानअनुसार बुलेटिन, नीति सङ्क्षेप, प्रतिवेदन र पुस्तकका रूपमा ज्ञान सामग्रीहरू प्रकाशित हुन्छन् । अनुसन्धान विभागमा विषयगत विधामा विशिष्ट ज्ञान र विज्ञता भएका वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता र विश्लेषकहरू रहने व्यवस्था छ । अनुसन्धान विभाग अन्तर्गतका केन्द्र र तिनका कार्य क्षेत्रहरू निम्नानुसार रहेका छन्:

केन्द्र १: आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र (Center for Economic and Infrastrucrure Development Policy)

आर्थिक तथा पूर्वाधार नीति अध्ययन केन्द्रले नेपाल सरकारका सम्बन्धित क्षेत्रका नीतिहरू, साझा सरोकार र हितका विषयहरूमा सरकारलाई सहयोग गर्दछ । सम्बन्धित विषयहरूमा प्रश्न गर्ने, प्रमाण सङ्कलन गर्ने, विश्लेषण गर्ने र अध्ययन मार्फत प्राप्त हुने निष्कर्षहरू व्यापक रूपमा प्रसार पनि गर्ने गर्दछ । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) आर्थिक विकास, ख) वाणिज्य, उद्योग, वित्तीय, मौद्रिक तथा सहकारी क्षेत्र, ग) पूर्वाधार विकास

केन्द्र २: शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र (Center for Governance, Federalism and Social Affairs Policy)

नेपाल सरकारका लागि आवश्यक सुसूचित, सुविचारित र सान्दर्भिक नीतिका विकल्प र सुझावहरू जुटाउने उद्देश्यले सङ्घीय मामिला, सुशासन र सार्वजनिक सेवाप्रवाह क्षेत्रका मौजुदा सार्वजनिक नीति, कार्यक्रम तथा रणनीतिहरूको अनुसन्धान, समीक्षा र विश्लेषण गर्ने यस केन्द्रको समग्र उद्देश्य रहेको छ । बहुविषयलाई समेट्ने यस नीति अध्ययन केन्द्रका क्रियाकलापहरू यसका क्षेत्र अन्तर्गत समेटिने व्यापक विषयका नीति अनुसन्धान र संवादमा केन्द्रित रहन्छन् । आम नागरिकहरू सार्वजनिक नीति प्रक्रियाको केन्द्रमा रहनु पर्दछ भन्ने मान्यतामा आधारित भई यस केन्द्रले कार्य गर्दछ । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) शासकीय प्रबन्ध, ख) सार्वजनिक सेवाप्रवाह, ग) सङ्घीय मामिला, घ) कानुनी मामिला, ङ) सार्वजनिक संस्थाहरू, च) शिक्षा, स्वास्थ्य, समाज कल्याण तथा सामाजिक सुरक्षा

केन्द्र ३: परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र (Center for Foreign and Strategic Affairs Policy)

परराष्ट्र, सुरक्षा, वैदेशिक सम्बन्ध तथा रणनीतिक मामिलासँग सम्बन्धित मौजुदा सार्वजनिक नीति र क्रियाकलापहरूको समीक्षा र अध्ययन गर्नु यस केन्द्रको समग्र उद्देश्य रहेको छ । यस केन्द्रसँग सरोकार राख्ने अन्तर्राष्ट्रिय क्षेत्रमा घटेका घटना र विकास भएका परिस्थितिसँग सम्बन्धित रही अनुसन्धान, समीक्षा र विश्लेषण मार्फत सुसूचित, सुविचारित तथा सान्दर्भिक नीति विकल्पहरू तय गरी सरकारलाई सिफारिस गर्नु पनि यस केन्द्रको उद्देश्य हो । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा रणनीतिक मामिला, ख) राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा तथा सुरक्षा निकाय-संयन्त्र, ग) मानव अधिकार र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता

केन्द्र ४: प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र (Center for Natural Resources and Technology Policy)

कृषि, चिकित्सा क्षेत्र, उद्योग, प्राकृतिक स्रोत, वातावरण, जैविक विविधता लगायतका क्षेत्रहरूमा नवप्रवर्तन, प्रविधि र विज्ञानको प्रयोग मार्फत प्रतिस्पर्धात्मक, दिगो र तीव्र वृद्धि तथा विकासमा सहयोग पुऱ्याउनु यस केन्द्रको समग्र उद्देश्य रहेको छ। यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) कृषि, वन तथा अन्य प्राकृतिक स्रोतहरू, ख) पर्यावरण, वातावरण तथा जलवायु परिवर्तन, ग) विज्ञान, प्रविधि तथा नवप्रवर्तन, घ) सूचना प्रविधि तथा कृत्रिम बौद्धिकता (artificial intelligence)

२.१.१.२ सूचना तथा ज्ञान व्यवस्थापन विभाग

प्रतिष्ठानका सूचना तथा ज्ञानका सामग्रीलाई सूचना तथा ज्ञान व्यवस्थापन विभागले ज्ञान सामग्रीको रूपमा अन्तिम रूप दिई तिनीहरूको सङ्ग्रह गर्छ र सम्बन्धित सबैसम्म प्रसार गर्दछ। धेरैजसो ज्ञान सामग्रीहरू अनुसन्धान विभागबाट प्राप्त हुन्छन् भने सार्वजनिक चासोका विषयमा बहुसरोकारवालाहरूको सहभागितामा आयोजना हुने सार्वजनिक नीति संवादहरू, उच्चतहका बहालवाला र पूर्वसरकारी कर्मचारीहरू, प्राज्ञ, अनुसन्धानकर्ता लगायतका विचार र सोचपत्रहरू ज्ञान सामग्रीका अन्य स्रोतहरू हुन्।

विभागले ज्ञान सामग्रीहरू डिजिटल र छापा दुवै स्वरूपमा विकास गरी ती सामग्रीहरू विभाग अन्तर्गत रहेको सार्वजनिक नीति स्रोतकेन्द्रमा सङ्ग्रह गर्दछ। सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत वरिष्ठ अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता, विश्लेषक, वरिष्ठ सहायक र अन्य कर्मचारीहरू तथा इन्टर्नहरू कार्यरत छन्।

सार्वजनिक नीति संवाद केन्द्र (Public Policy Dialogue Center)

सार्वजनिक नीति संवाद केन्द्रले नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरू पहिचान गर्ने प्रयोजनका लागि नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराउँछ। केन्द्रले तुरुन्त संवाद आवश्यक भएका विषय पहिचान गरी ती विषयका अनुसन्धान मार्फत सम्बोधन गरिनुपर्ने सवाल सुल्झाउनेतर्फ योगदान गर्ने, सार्वजनिक नीतिमा सम्बन्धित सबैको स्वामित्वको भावना वृद्धि गर्ने उपायहरूको खोजी गर्ने र अनुसन्धान निष्कर्षहरूमा सम्बन्धित सरोकारवालाहरू र विषयका विज्ञहरू संलग्न गराई निष्कर्षको वैधता कायम गर्ने कार्य गर्दछ। त्यसैगरी, अनुसन्धानबाट प्राप्त निष्कर्षहरू नीतिनिर्माता र सरोकारवालाहरूबिच पुऱ्याई समीक्षा गर्ने, अनुसन्धान गर्ने निकायहरू र विशेषज्ञ समूहहरूलाई उनीहरूका अनुसन्धानसँग सम्बन्धित विचार, विषय र निष्कर्षहरूमा छलफल गर्ने मञ्च प्रदान गर्ने, नीति अनुसन्धान प्रतिष्ठानका सूचना तथा जानकारीहरू नेपाल सरकार, नीति सरोकारवालाहरू र आम नागरिकलाई उपलब्ध गराउने पनि यस केन्द्रका अन्य कार्यहरू

हुन् । आवधिक रूपमा राष्ट्रिय सम्मेलन, सेमिनार, छलफलहरूको आयोजना गर्ने, नेपाल भ्रमणमा रहेका विदेशी विशिष्ट महानुभावहरूलाई संलग्न गराई नीतिसम्बन्धमा उच्चस्तरीय प्रवचन र छलफल सञ्चालन गर्ने लगायतका राष्ट्रिय संवाद-बहसका सबै पक्षहरू पनि सार्वजनिक नीति संवाद केन्द्रका कार्यहरूभित्र पर्दछन् ।

सार्वजनिक नीति स्रोत केन्द्र (Public Policy Resource Center)

सार्वजनिक नीतिसँग सम्बन्धित आधारभूत स्रोतहरूको सङ्ग्रह गर्ने केन्द्रको रूपमा सार्वजनिक नीति स्रोत केन्द्र सञ्चालन भइरहेको छ । नीति अनुसन्धानसँग सम्बन्धित स्रोतहरूको सङ्कलन तथा अभिलेखीकरण गर्ने, स्रोतकेन्द्रलाई स्तरोन्नति गर्ने, केन्द्र व्यवस्थापनका लागि आवश्यक विद्युतीय र अन्य प्रणालीहरू जस्तै डाटाबेस तथा सान्दर्भिक तथ्याङ्क र सूचना सङ्कलन एवम् भण्डारण प्रणालीको खरिद, विकास र अद्यावधिक गर्ने सार्वजनिक नीति स्रोतकेन्द्रका प्रमुख जिम्मेवारीहरू हुन् । त्यसैगरी, सङ्ग्रहित सामग्रीहरूको आवश्यक विद्युतीय प्रतिहरू विकास गर्ने, नेपाल सरकारका सम्बन्धित निकायहरू, अनुसन्धान निकायहरू, नीति विश्लेषण र अध्ययन अनुसन्धान गर्ने विज्ञ एवम् संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्यको सम्बन्ध विकास र विस्तार गर्ने कार्य पनि सार्वजनिक नीति स्रोत केन्द्रको हो ।

प्रकाशन तथा प्रसार केन्द्र (Publication and Dissemination Center)

नीति अनुसन्धान प्रतिष्ठानले आयोजना गर्ने रणनीतिक महत्त्वका बैठक तथा छलफलहरूको निष्कर्षको आधारमा सूचना-सामग्री तयार गरी प्रतिष्ठानको वेबपेज तथा सामाजिक सञ्जाल मार्फत प्रसार गर्ने, प्रतिष्ठानले तयार गरेका सबै सूचना तथा सामग्रीको गुणस्तर र तथ्यपरकता सुनिश्चित गर्न विज्ञ-समीक्षा लगायतमा आवश्यक पहल गर्ने, अङ्ग्रेजी र नेपाली दुवै भाषामा प्रतिष्ठानको वेबसाइट सञ्चालन गर्ने र तिनलाई नियमित रूपमा अद्यावधिक गर्ने तथा प्रतिष्ठानको आफ्नै संस्थागत प्रकाशन निर्देशिका (institutional style guide) तयार गर्ने र सोहीअनुसार प्रतिष्ठानका प्रकाशनहरू प्रकाशित गर्ने प्रकाशन तथा प्रसार केन्द्रका कार्यहरू हुन् ।

प्रकाशन तथा प्रसार केन्द्रले नीति प्रतिष्ठानको काममा आधारित रेडियो तथा टेलिभिजन कार्यक्रम तयार गर्न र प्रसार गर्न सहयोग गर्ने, प्रतिष्ठानका प्रमुख प्रकाशन - नेपाल पब्लिक पोलिसी रिभ्यू (Nepal Public Policy Review) को तयारी, प्रकाशन र वितरणसम्बन्धी सम्पूर्ण कामको संयोजन गर्ने तथा प्राविधिक नेतृत्व प्रदान गर्ने काम पनि गर्दछ ।

सूचना तथा सञ्चार केन्द्र (Information and Communication Center)

यस केन्द्रले प्रकाशन तथा प्रसार केन्द्रसँग नजिकबाट समन्वय गरी आमसञ्चारका माध्यम (विद्युतीय तथा प्रिन्ट) र सम्बन्धित संस्थासँग संयोजन गरी प्रतिष्ठानको काम, उपलब्धि र ज्ञानसामग्रीहरूको प्रचारप्रसार गर्ने, प्रतिष्ठानका लागि आवश्यक सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी संरचना तयार गर्ने, सञ्चालन गर्ने र आवश्यकताअनुसार अद्यावधिक गर्ने कार्य गर्दछ । यसैगरी, प्रतिष्ठानले खरिद गर्ने विद्युतीय उपकरणहरूको प्राविधिक विश्लेषण गरी खरिद प्रक्रियालाई सहयोग गर्ने, प्रतिष्ठानद्वारा उत्पादित सबै ज्ञानसामग्रीहरू

सम्बन्धित सबै पक्षसमक्ष वितरण गर्ने, वितरण भएको सुनिश्चितता कायम गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्क, विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूबिच सहकार्य विस्तार गरी प्रतिष्ठान र ती संस्थाहरूबिच सिर्जनशील साझेदारी कायम गर्ने कार्य केन्द्रले गर्दछ। त्यसैगरी, नियमित रूपमा आन्तरिक साथै बाह्य सिकाइ तथा ज्ञान आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने गराउने, प्रतिष्ठानको प्रवक्ताको रूपमा स्वस्थ र सिर्जनशील सार्वजनिक सम्बन्ध कायम गर्ने, प्रतिष्ठानको काम र सूचना सम्बन्धित पक्षको जानकारीका लागि प्रेषित गर्ने र प्रतिष्ठानको नाम, प्रतिष्ठा र हैसियत प्रवर्धन र विस्तार गर्न आवश्यक काम गर्ने गराउने समेत यस केन्द्रका कार्यहरू हुन्।

२.१.१.३ व्यवस्थापन विभाग

व्यवस्थापन विभागले प्रतिष्ठानको दैनिक कार्यालय प्रशासन, कर्मचारी प्रशासन, व्यवस्थापन र सञ्चारको समन्वय एवम् सञ्चालन गर्दछ। यस विभागको अर्को महत्त्वपूर्ण काम प्रतिष्ठान विकास समितिको सचिव तथा सचिवालयको कार्य हो। त्यसैगरी, यसले छुट्टै एकाइ मार्फत वित्तीय व्यवस्थापनको रेखदेख गर्दछ। प्रतिष्ठानले आयोजना गर्ने अनुसन्धान र ज्ञान व्यवस्थापनसम्बन्धी सम्पूर्ण कामको सहजीकरण गर्नु पनि व्यवस्थापन विभागको मूल जिम्मेवारी हो। यसका अतिरिक्त, यस विभागले वार्षिक कार्य योजना निर्माणको संयोजन गर्ने, आवधिक प्रगति प्रतिवेदनको निर्माण गर्ने तथा प्रशासनिक र वित्तीय विषयको सहजीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बन्धित अन्य मन्त्रालयहरूसँग समन्वय गर्ने गर्दछ।

अन्य परम्परागत संस्थाको व्यवस्थापनभन्दा फरक कार्यशैली तथा कार्यादेश भएको यस विभागको जिम्मेवारी पनि कार्यकारी निर्देशकसँग रहन्छ भने विभाग सहव्यवस्थापक (प्रशासन), सहव्यवस्थापक (लेखा), वरिष्ठ सहायक (प्रशासन), कार्यालय सहायक र सवारी चालकहरू मार्फत परिचालित हुन्छ।

२.१.२ नीतिगत मामिला पहिचान समिति

राष्ट्रले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने तथा मुलुकले कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रम सम्बन्धमा वैज्ञानिक अनुसन्धान गरी नेपाल सरकारलाई सुझावहरू उपलब्ध गराउने भएकाले प्रतिष्ठानबाट गरिने अनुसन्धानात्मक कार्यहरूले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दछन्। त्यसैले, यसरी हुने अनुसन्धानका लागि नीतिगत मामिलाहरूको पहिचान महत्त्वपूर्ण हुन्छ। यसै वास्तविकतालाई मध्यनजर गर्दै नीतिगत क्षेत्रको सुधार तथा विकासका लागि प्रतिष्ठानबाट मुलुकको आवश्यकताअनुसार विभिन्न विधाहरूमा गरिने अध्ययन अनुसन्धानलाई आवश्यक सम्बन्धित क्षेत्रभित्रका नीतिगत मामिला तथा विषयवस्तुहरू पहिचान गरी अध्ययन अनुसन्धान कार्य अगाडि बढाउन सिफारिस गर्ने प्रयोजनार्थ एक नीतिगत मामिला पहिचान समिति क्रियाशील रहेको छ।

नीति अनुसन्धान प्रतिष्ठान सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ ले निर्दिष्ट गरेबमोजिम खासगरी प्रतिष्ठानद्वारा नेपालको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा गरिने अध्ययन

अनुसन्धानका लागि सम्बन्धित क्षेत्रभित्रका नीतिगत मामिलाका विषय पहिल्याई अध्ययन अनुसन्धान कार्य अगाडि बढाउने उद्देश्यले यो समिति निर्माण भएको हो । यस आर्थिक वर्षमा समितिले गरेका निर्णयहरू परिच्छेद ४.१४ मा हेर्नुहोस् ।

तालिका २.१: नीतिगत मामिला पहिचान समितिको संरचना

कार्यकारी अध्यक्ष*	संयोजक
अनुसन्धान विभाग प्रमुख	सदस्य
सूचना तथा ज्ञान व्यवस्थापन विभाग प्रमुख	सदस्य
सबै वरिष्ठ अनुसन्धानकर्ताहरू	सदस्य
कार्यालय प्रबन्धक*	सदस्य सचिव

** २०८३ असार ३२ गतेको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अघिको प्रावधान*

यस समितिले विभिन्न क्षेत्रका समसामयिक अवस्थाको समीक्षा, विश्लेषण तथा मूल्याङ्कन गरी-गराई वर्तमानमा गरिनुपर्ने सुधार र भविष्यको आवश्यकता समेतलाई दृष्टिगत गरी प्रतिष्ठानद्वारा अध्ययन अनुसन्धान गरिनुपर्ने विषयवस्तुको प्रारम्भिक पहिचान गर्ने र सोको अन्तिम स्वीकृतिका लागि सञ्चालक समितिसमक्ष पेस गर्दछ । सञ्चालक समितिबाट निर्णय भएअनुरूपका विषयवस्तुको अनुसन्धान प्रस्ताव तयार गर्न लगाई स्वीकृत गर्ने र उक्त प्रस्तावका आधारमा अध्ययन अनुसन्धान कार्य अगाडि बढाउने तथा अध्ययन अनुसन्धान कार्य सम्पन्न भएपछि प्राप्त मस्यौदा प्रतिवेदनलाई अन्तिम स्वरूप दिन परिष्कृत गर्ने-गराउने यस समितिका प्रमुख कार्यहरू हुन् ।

२.१.३ अनुसन्धान कार्यान्वयन तथा अनुगमन समिति

नीति अनुसन्धान प्रतिष्ठानले आफ्नो रणनीतिक योजना र वार्षिक कार्यतालिकाअनुरूप सञ्चालन गर्ने अनुसन्धान परियोजनाहरूको योजनाबद्ध र अपेक्षित कार्यान्वयनका लागि नियमित अनुगमन गरेर आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा आवश्यकतानुसार थप निर्णय लिने प्रयोजनका लागि नीति अनुसन्धान प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ का आधारमा अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समिति स्थापना गरी क्रियाशील गराएको छ ।

तालिका २.२: अनुसन्धान कार्यान्वयन तथा अनुगमन समितिको संरचना र कार्यहरू

कार्यकारी अध्यक्ष*	संयोजक
विभागीय प्रमुखहरू (अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभाग)	सदस्य
व्यवस्थापन विभाग प्रमुख	सदस्य सचिव

** २०८३ असार ३२ गतेको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अघिको प्रावधान*

समितिको मुख्य जिम्मेवारी तथा कार्य विवरण निम्नानुसार रहेको छः


(क) प्रतिष्ठानले गरेका र यस मार्फत गराइएका अध्ययन अनुसन्धान कार्यहरू अपेक्षित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने-गराउने अभिप्रायले त्यस्ता अध्ययन अनुसन्धान कार्यको कार्यान्वयन अनुगमन गर्ने,

(ख) अध्ययन अनुसन्धान कार्य अपेक्षित गतिमा भए-नभएको समीक्षा गरी अध्ययन अनुसन्धान कार्यमा आइपरेका बाधा अड्चनहरू पहिल्याएर तिनको समाधान गर्ने तथा लक्ष्यअनुसार कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने ।

२.१.४ प्रकाशन पुनरावलोकन तथा सिफारिस समिति

प्रतिष्ठानको विधागत अनुसन्धान केन्द्रहरू र विभागबाट प्रकाशनको लागि सिफारिस गरिएका दस्ताबेजहरूको संरचना र अन्तर्वस्तुको अध्ययन गरी ती दस्ताबेजहरू प्रतिष्ठानको निर्धारित मापदण्डअनुरूप प्रकाशनयोग्य भए-नभएको बारे निर्णय गर्ने कार्य यस समितिले गर्दछ । प्रकाशन स्वीकृतिको लागि प्राप्त दस्ताबेजमा सुधार र परिमार्जनको आवश्यकता देखिएमा कारण र विवरण खुलाई सम्बन्धित अनुसन्धान केन्द्र वा विभागमा राय पठाउने र परिमार्जित भइआएको दस्ताबेजउपर पुनः राय दिने वा निर्णय गर्ने पनि यसको कार्य हो । त्यसैगरी, प्रतिष्ठानले प्रकाशन गर्ने दस्तावेजको प्रकाशनयोग्यता लगायत प्रकाशन हुने सामग्रीको माध्यम (डिजिटल, छापा) र ढाँचा र सङ्ख्याको बारेमा समेत राय सुझाव दिने प्रयोजनका लागि प्रकाशन समीक्षा तथा सिफारिस समिति सक्रिय रहँदै आएको छ ।


चित्र २.१: प्रकाशन समीक्षा प्रक्रिया



प्रतिष्ठानका कार्यकारी अध्यक्षबाट[२] अनुसन्धान विभाग प्रमुख संयोजक, कार्यकारी अध्यक्षद्वारा तोकिएका कम्तीमा तीन अनुसन्धानकर्ताहरू र एक जना सदस्य सचिव रहने गरी कम्तीमा तीन सदस्यीय प्रकाशन समीक्षा तथा सिफारिस समिति गठन हुने व्यवस्था छ।

नेपाल सरकार र मातहतका निकायहरूबाट समीक्षाको लागि प्रतिष्ठानमा पठाएको नीति मस्यौदाउपर समीक्षा गर्नको लागि चित्र २.२ मा उल्लेख गरिएको प्रक्रिया अवलम्बन गर्दै आएको छ।

चित्र २.२: प्रतिष्ठानले नीति मस्यौदा समीक्षा गर्दा अपनाउने प्रक्रिया



२.१.५ विधागत विज्ञ समूह

प्रतिष्ठानको अनुसन्धानका सम्बन्धित केन्द्रहरूलाई सुझाव तथा मार्गनिर्देश गर्ने उद्देश्यले प्रतिष्ठान विकास समितिले एक वरिष्ठ विधागत विज्ञहरूको समूह गठन समेत गरेको छ। वरिष्ठ विधागत विज्ञ सल्लाहकार समूहका सदस्यहरूलाई प्रतिष्ठानले तीन वर्षको कार्यकाल हुने गरी मनोनित गर्दछ र उहाँहरू अवैतनिक हुनुहुन्छ।

२ २०८३ असार ३२ गतेको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अघिको प्रावधान

उहाँहरूको चाख, क्षमता र प्रतिष्ठानको आवश्यकताको तालमेल मिलेको क्षेत्रमा सार्वजनिक नीति अनुसन्धानका समग्र प्रक्रियाहरूमा प्रतिष्ठानले आवश्यक सेवा लिँदै आएको छ । यसरी प्राप्त हुने सेवा पनि प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि तथा नियमित रूपमा प्रतिष्ठानमा कार्यरत अनुसन्धानकर्ता र कर्मचारीहरूको कार्यलाई प्रभावकारी, कार्यकुशल र व्यावसायिक बनाउन महत्त्वपूर्ण भएको छ ।

२.१.६ संस्थागत सहकार्य

प्रतिष्ठानले विभिन्न अनुसन्धान संस्था-निकाय वा विश्वविद्यालयहरूसँग सहकार्य गरी खासखास विधागत क्षेत्रका उक्त संस्थाहरूमा उपलब्ध विज्ञ र विशेषज्ञहरूको परिचालन गर्दछ । खासगरी ठुला अनुसन्धान परियोजनाहरू कार्यान्वयनमा संस्थागत सहकार्य मार्फत ती संस्थाका विज्ञहरू परिचालन हुन्छन् । संस्थागत सहकार्यका लागि यस अर्थिक वर्षमा भएको समझदारीको विवरण परिच्छेद ४.५ मा हेर्नुहोस् ।

२.२ प्रतिष्ठानको नियमित कर्मचारी (अनुसन्धान तथा प्रशासन)

प्रतिष्ठानले नियमित कायम गर्नुपर्ने गुणस्तर, अनुगमन, मूल्याङ्कन, नीति सिफारिस र निश्चित क्षेत्रको अनुसन्धान तथा नेपाल सरकारका मन्त्रालय र अन्य निकायहरूसँग समन्वय एवम् सम्पर्क लगायतका कार्यहरू सम्पन्न गर्नका लागि सीमित सङ्ख्यामा अनुसन्धान तथा प्रशासनिक कर्मचारी परिचालन गर्दछ (हेर्नुहोस् तालिका २.३) । यस प्रावधानले प्रतिष्ठानलाई चलायमान, नियमित र नेपाल सरकारले चाहेको समयमा चाहेको सवालमा नीति सिफारिसमा सहजीकरण गर्दछ । साथै, यही प्रावधान अन्तर्गत प्रकाशनको गुणस्तर कायम गर्ने र प्रकाशनको नियमितता, ज्ञान प्रसार, नागरिकका सरोकार सङ्कलन र विश्लेषण आदि जस्ता महत्त्वपूर्ण कार्य सम्पन्न गर्दछ ।

तालिका २.३: स्वीकृत पद तथा सङ्ख्या

अनुसन्धान समूह	प्रशासन समूह
वरिष्ठ अनुसन्धानकर्ता - ६	कार्यालय प्रबन्धक - १*
अनुसन्धानकर्ता - ६	सहप्रबन्धक - २
सहअनुसन्धानकर्ता - ६	वरिष्ठ सहायक - ५
विश्लेषक - ४	सवारी चालक - १
	कार्यालय सहयोगी - ३

** २०८३ असार ३२ गतेको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ अघिको प्रावधान*

यस आर्थिक वर्षमा प्रतिष्ठानमा रही कार्य गर्ने अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको विवरण अनुसूची ५ मा छ ।

२.३ इन्टर्न अनुसन्धानकर्ता

प्रतिष्ठानले खासखास र विशेषरूपमा केन्द्रित रहनुपर्ने साना अनुसन्धानहरूमा विश्वविद्यालयहरूमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्दै गरेका विद्यार्थीहरूसँग इन्टर्नको रूपमा वा सिधै अनुसन्धान सहायक वा अनुसन्धानकर्ताको रूपमा सहकार्य गर्ने प्रावधान छ । यस प्रयोजनका लागि प्रतिष्ठानले इन्टर्नशिप कार्यक्रम सञ्चालन निर्देशिका २०७७ तयार गरी लागु गरेको छ ।

सार्वजनिक नीतिका सबै विषयगत क्षेत्रहरूमा प्रतिष्ठानले गर्दै आएका अध्ययनहरूमा योगदान लिने प्रयोजनार्थ यस अवधिमा प्रतिष्ठानले सार्वजनिक विज्ञापन मार्फत इन्टर्नहरू छनोट गरी सम्बन्धित केन्द्र तथा विभागहरूमा ६ महिनाको लागि नियुक्त गऱ्यो (हेर्नुहोस् अनुसूची ५) ।

२.४ विज्ञसूची

नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धानकार्यका लागि विज्ञहरूको सूची तयार गर्दछ । स्वतन्त्र र विधागत विशेषज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तवरले समेत सूचीकृत हुन आह्वान गरी सूची तयार हुन्छ । यसरी सूचीकृत भएका विज्ञलाई विज्ञताको आधारमा अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन गर्ने, नीति संवादमा सहजीकरण गर्ने, दृष्टिपत्र लेखन, प्रतिवेदन मूल्याङ्कन लगायत जर्नल प्रकाशनमा योगदान गर्ने अवसर प्रदान गरिन्छ । प्रतिष्ठानले निर्माण गरेको विज्ञहरूको सूची मन्त्रालय, विभाग र अन्य निकायलाई पनि उपयोगी हुनेछ । यस आर्थिक वर्षमा पनि विज्ञसूची अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइयो ।

परिच्छेद ३

वित्तीय विवरण र सम्पत्ति हस्तान्तरण

३.१ वित्तीय विवरण

नीति अनुसन्धान प्रतिष्ठान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको निकाय भएकाले प्रतिष्ठानलाई नेपाल सरकारबाट प्राप्त हुने बजेट उपशीर्षकहरू ३०१०००१२३ र ३०१०००१२४ बाट प्राप्त हुने व्यवस्था छ । प्रतिष्ठानको निरन्तर प्रयासका बाबजुद पनि बजेट पुस्तिका (रातो किताब) मा प्रतिष्ठानकै नामबाट बजेट व्यवस्था भने हालसम्म हुनसकेको छैन ।

प्रतिष्ठानले आय तथा खर्च विवरणको लेखा परीक्षण आन्तरिक र अन्तिम दुवै तरिकाबाट गर्दै आएको छ । आन्तरिक रूपमा आय-व्यय विवरणको परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुन्छ भने अन्तिम लेखा परीक्षण माहालेखा परीक्षकको कार्यालयबाट हुँदैआएको छ ।

प्रतिष्ठानलाई आ.व. २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त रु. ६ करोड ८७ लाख ७० हजार ५ सय अख्तियारी भएको थियो । उक्त रकममध्ये जम्मा रु. ५ करोड ८६ लाख ३४ हजार २ सय ४० यस आर्थिक वर्षमा खर्च गऱ्यो । यस आर्थिक वर्षमा ८५.२६ प्रतिशत बजेट खर्च भएको थियो ।

अघिल्ला वर्षहरूमा नेपाल सरकारबाट प्रतिष्ठानलाई प्राप्त हुने बजेट प्रतिष्ठानको सञ्चालक समितिबाट विभिन्न खर्च शीर्षकमा बाँडफाँट गरी वार्षिक कार्यक्रम समेत स्वीकृत गरिँदै आएकामा यस वर्ष भने प्रतिष्ठानको बजेट मन्त्रालयगत बजेट सूचना प्रणली (LMBIS) मार्फतनै सञ्चालन भएको थियो । आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण अनुसूची ६ मा हेर्न सकिन्छ ।

आ.व. २०८१/८२ को लेखा परीक्षणले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी शीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने, इन्धन खर्च PAMS मा प्रविष्टि गरी सोही प्रणालीबाट खर्च गरी पारदर्शिता कायम गरिनुपर्ने, लागत अनुमानलाई मितव्ययी, वास्तविक, यथार्थपरक र पारदर्शी बनाउनुपर्ने, चालु अनुसन्धानहरू समयमा नै सम्पन्न गर्नुपर्ने, प्रतिष्ठानले गरेका नीति सिफारिसहरूको कार्यान्वयन अवस्था र प्रभाव मूल्याङ्कन गरिनुपर्ने सुझाव दिएको थियो । त्यसैगरी, परीक्षणले कार्यक्रमहरूको लागत अनुमान स्वीकृत गरी अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०८१ अनुसार गरिनुपर्ने, विद्युत् महसुल समयमै भुक्तानी गरी खर्च नियमितता र मितव्ययीता कायम गरिनुपर्ने र बेरुजु फछ्यौंट गरी सम्परीक्षणको लागि पेस गर्नुपर्ने सुझाएको थियो । साथै, कानुनी प्रावधान हुँदाहुँदै फरक बजेट रकम नम्बर र स्वीकृत खरिद विधि विपरीत सवारी साधन खरिद भुक्तानी भएको र दरबन्दीवेगर कर्मचारी नियुक्ति भएको पनि परीक्षणले जनाएको थियो ।

सोहीअनुरूप प्रतिष्ठानले आफ्ना व्यवस्थापकीय टिप्पणीहरू महालेखा परीक्षकको कार्यालयमा पेस गरेको थियो । लेखा परीक्षण प्रतिवेदन र लेखा परीक्षणबाट आएका टिप्पणी तथा सुझावहरूको व्यवस्थापकीय टिप्पणी अनुसूची ७ मा दिइएको छ ।

३.२ प्रतिष्ठानको पुँजीगत सम्पत्ति हस्तान्तरण विवरण

प्रतिष्ठानको नाममा दर्ता भई स्वामित्व कायम रही अनुसन्धानको काममा प्रयोगमा रहेका देहाय बमोजिमका तीन थान सवारी साधन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न मितिमा माग भई आए बमोजिम उपलब्ध गराई प्रतिष्ठानको पुँजीगत सम्पत्ति (सवारी साधन) हस्तान्तरण गरिएको छ ।

१) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र सङ्ख्या ०८१/८२, च.नं. प्र/३११/७३६४, मिति २०८२/०३/२२ गतेको पत्रबमोजिम र प्रतिष्ठानको मिति २०८२/०३/२३ गतेको निर्णयअनुसार प्रतिष्ठानको नाममा दर्ता रहेको बागमती प्रदेश ०३-००१ ब १५०३ नं. को Hyundai Santro GL Plus सवारी साधन (Chassis No. MALAA51HLDM818445*H, Engine No. G4GHGDM729664) उक्त कार्यालयलाई उपलब्ध गराइएको छ ।

२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र सङ्ख्या ०८२/८३, च.नं. प्र/३११/१०२१, मिति २०८२/०६/०७ गतेको पत्रबमोजिम यस प्रतिष्ठानको मिति २०८२/०६/०८ गतेको निर्णयअनुसार प्रतिष्ठानको नाममा दर्ता रहेको बागमती प्रदेश ०३-००१ झ ००८० नं. को Skoda Rapid 1.6 MPI Active सवारी साधन (Chassis No. TMBBDGNA4EH015316, Engine No. CL5305280) समेत उक्त कार्यालयलाई उपलब्ध गराइएको छ ।

३) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चलानी नं. प्र.शा./३११/४६०१, मिति २०८३/०२/०१ गतेको पत्रबमोजिम यस प्रतिष्ठानको मिति २०८३/०२/०४ गतेको निर्णयअनुसार GAC Aion Y, 100 KW Black Electric Car (Engine No. A2001PC102908K, Chassis No. LANDKAB33PIE80008, गाडी नं. ६९००) एक थान विद्युतीय सवारी साधन उक्त कार्यालयलाई उपलब्ध गराइएको छ ।

परिच्छेद ४

सम्पादित कार्य तथा उपलब्धिहरू

४.१ सम्पन्न भएका अध्ययनहरू

नीति अध्ययन अनुसन्धान गर्ने कार्य प्रतिष्ठानको अनुसन्धान विभागको जिम्मेवारी हो । विभागले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सो प्रयोजनको लागि सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान परिषद्हरूसँगको निकट सम्बन्धमा रही कार्य गर्दछ ।

आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका अनुसन्धान परियोजनाहरूमा आधारित जम्मा १३ वटा अध्ययन प्रतिवेदनहरू सार्वजनिक गरिएका छन् ।

४.१.१ अनुसन्धान प्रतिवेदन

- गैरपरम्परागत सुरक्षाः नेपालमा उर्जा सुरक्षाको परिदृश्य
- नेपालमा नदीजन्य निर्माण सामग्रीको दिगो र वातावरणमैत्री उत्खननः नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन
- विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू
- Nepal's Journey Towards Zero Hunger: The Triple Challenge of Food Security, Food Self-Sufficiency and Economic Prosperity

४.१.१.१ गैरपरम्परागत सुरक्षाः नेपालमा उर्जा सुरक्षाको परिदृश्य

यस अध्ययनले ऊर्जा सुरक्षालाई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गका रूपमा लिँदै यसको सैद्धान्तिक आधार, अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालको सन्दर्भमा यसको महत्त्वको विश्लेषण गरेको छ । साथै, ऊर्जा सुरक्षासम्बन्धी नीतिगत व्यवस्था, नेपालको ऊर्जा खपतको अवस्था, सम्भावना तथा चुनौतीहरूको मूल्याङ्कन लगायत ऊर्जा बजारको विकास र नीतिगत व्यवस्थाबिचको समन्वय तथा सहसम्बन्धको विश्लेषण पनि यसले गरेको छ ।

यस अध्ययनमा गुणात्मक तथा व्याख्यात्मक कार्यविधि अवलम्बन गरिएको छ । अध्ययनको विषयवस्तु, क्षेत्र र उद्देश्यअनुसार विभिन्न नीतिगत दस्तावेज, अनुसन्धानमूलक लेख, प्रतिवेदन तथा ऊर्जा सुरक्षासँग सम्बन्धित मन्त्रालय, विभाग र अन्य निकायहरूले प्रकाशित गरेका आधिकारिक सामग्रीहरूको समीक्षा र विश्लेषण गरी अध्ययन सम्पन्न गरिएको छ ।

अध्ययनले नेपालको ऊर्जा सुरक्षामा पेट्रोलियम पदार्थमा अत्यधिक आयात निर्भरता रहेको, हिउँदयाममा विद्युत् आयातको आवश्यकता तथा नदी प्रवाहमा आधारित जलविद्युत् प्रणालीका कारण ऊर्जा आपूर्तिमा जोखिम रहेको यसले निष्कर्ष निकालेको छ । विशेषगरी सुख्खा मौसममा ऊर्जा सुरक्षालाई सुनिश्चित गर्न जलाशययुक्त जलविद्युत् आयोजनाको विकास अपरिहार्य रहेको पनि औँल्याइएको छ । साथै, जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जनका चुनौतीलाई दृष्टिगत गर्दै र परम्परागत तथा खनिज इन्धनको प्रयोग घटाई नवीकरणीय ऊर्जाको उत्पादन एवम् उपयोग विस्तार गर्नु नेपालको ऊर्जा सुरक्षा सुदृढीकरण तथा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न आवश्यक रहेको निष्कर्ष अध्ययन प्रतिवेदनले देखाएको छ ।

४.१.१.२ नेपालमा नदीजन्य निर्माण सामग्रीको दिगो र वातावरणमैत्री उत्खननः नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन

यस अनुसन्धानले नदीजन्य निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा, माटो र गेग्रयान) को उत्खननलाई दिगो र वातावरणमैत्री बनाउने सम्बन्धमा आवश्यक कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थाको अध्ययन गरी नेपाल सरकारलाई नीति सुझाव प्रदान गरेको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट तथ्याङ्क प्रयोग भएको यस अनुसन्धानमा मुख्य रूपमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको थियो ।

अध्ययनले नदीजन्य निर्माण सामग्रीको उत्खननलाई केवल आर्थिक लाभसँग मात्र जोडेर नहेरी नदीको पारिस्थितिकीय सन्तुलन, दिगोपन तथा वातावरणीय संरक्षणलाई समान रूपमा प्राथमिकता दिनुपर्ने निष्कर्ष निकालेको छ । बढ्दो पूर्वाधार विकाससँगै ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा गेग्रयानको माग बढ्दै गए तापनि यसको अव्यवस्थित उत्खननले वातावरणीय तथा पारिस्थितिकीय जोखिम बढाएको देखिएको छ । त्यसैले, नदीजन्य निर्माण सामग्रीको उत्खनन र प्रयोगलाई व्यवस्थित, दिगो तथा वातावरणमैत्री बनाउन स्पष्ट कानुनी, नीतिगत र संस्थागत व्यवस्था सुदृढ गर्नुका साथै प्रभावकारी कार्यान्वयन र व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक रहेको निष्कर्ष अध्ययनले प्रस्तुत गरेको छ ।

४.१.१.३ विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू

यस अध्ययनले विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूको मतदान अधिकार सुनिश्चित गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्थाको समीक्षा गरी उपयुक्त सुझाव प्रस्तुत गरेको छ ।

गुणात्मक ढाँचामा गरिएको यस अध्ययनमा मुख्यतया प्रकाशित अनुसन्धान प्रतिवेदनहरू, विभिन्न निर्वाचनसम्बन्धी हातेपुस्तिका र विश्वका विभिन्न देशले अभ्यास गरेका मोडेलहरू तथा ती मोडेलहरूमाथि भएका अध्ययन समीक्षाहरूको प्रयोगबाट आवश्यक तथ्याङ्क र जानकारीहरू लिइएको थियो । अध्ययनमा प्राथमिक र द्वितीयक दुवैखाले तथ्याङ्कको प्रयोग गरिएको भए तापनि यो अध्ययन मुख्य गरी द्वितीयक तथ्याङ्कमा बढी आधारित थियो । प्राथमिक तथ्याङ्क खासगरी गुणात्मक तथ्याङ्क सङ्कलनका लागि

सरोकारवाला तथा विज्ञहरूबिच सार्वजनिक नीति संवाद र केन्द्रित समूह छलफल गर्नुका साथै केही मुख्य सूचनादाताहरूसँग सघन अन्तर्वार्ता पनि गरिएको थियो । नेपालको मुख्य राजनीतिक पार्टीहरूसँग लिखित सुझाव तथा पृष्ठपोषण पनि माग गरिएको थियो । सङ्कलित सबै तथ्याङ्कको विश्लेषण व्याख्यात्मक तथा विश्लेषणात्मक शैलीमा गरिएको थियो ।

अध्ययनले निर्वाचन लोकतन्त्रको आधारभूत माध्यम भएकाले प्रत्येक योग्य नेपाली नागरिकको मतदान अधिकार सुनिश्चित हुनु आवश्यक रहेको निष्कर्ष निकालेको छ । विद्यमान कानुनी व्यवस्थाका कारण विदेशमा बस्ने तथा नेपालमै आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका ठुलो सङ्ख्याका नेपाली नागरिकहरू मतदानको अवसरबाट वञ्चित भइरहेका र विश्वका धेरै देशहरूले बाह्य मतदान प्रणाली सफलतापूर्वक कार्यान्वयन गरिसकेको सन्दर्भमा नेपालले पनि निर्वाचन कानुनमा आवश्यक संशोधन गरी सूचना प्रविधिमा आधारित उपयुक्त मतदान प्रणाली विकास गर्नुपर्ने आवश्यकता अध्ययन प्रतिवेदनले औँल्याएको छ । साथै, मतदान प्रक्रियाप्रति राजनीतिक दल र मतदाताको विश्वास कायम गर्दै शान्ति-सुरक्षा, स्रोत-साधन र आवश्यक संस्थागत तथा अन्तर्राष्ट्रिय सहकार्य सुनिश्चित गरी बाह्य मतदान प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने निष्कर्ष अध्ययन प्रतिवेदनले प्रस्तुत गरेको छ ।

४.१.१.४ Nepal's Journey Towards Zero Hunger: The Triple Challenge of Food Security, Food Self-Sufficiency and Economic Prosperity

नेपालले शून्य भोकमरी (Zero Hunger) लक्ष्यतर्फ गरेको प्रगति मूल्याङ्कन गर्ने, घरायसी खाद्य सुरक्षा र पोषण अवस्थाको स्थिति बुझ्ने र कृषि उत्पादन, व्यापार निर्भरता, जलवायु जोखिम एवम् नीति तथा कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन प्रतिवेदन नेपाल विकास अनुसन्धान प्रतिष्ठान र नीति अनुसन्धान प्रतिष्ठानले संयुक्त रूपमा तयार गरेका हुन् ।

यो प्रतिवेदन राष्ट्रिय र अन्तर्राष्ट्रिय सर्वेक्षणहरू, प्रतिवेदनहरू र संयुक्त राष्ट्र संघलगायतका तथ्याङ्क विश्लेषणको आधारमा तयार गरिएको छ । अध्ययनमा घरेलु खाद्य खपत, बच्चाहरूको उचाइ-तौल, महिला र बालबालिकामा एनीमिया, कृषि उत्पादन, आर्थिक अवस्था, रोजगारी, र आप्रवासनजस्ता विविध कारकहरूलाई समग्र खाद्य प्रणाली दृष्टिकोणबाट मूल्याङ्कन गरिएको छ ।

प्रतिवेदनले नेपालमा खाद्य सुरक्षा र पोषणमा सुधार आएको देखाएको छ । पाँच वर्षमुनिका बच्चाहरूको पुड्कोपन घटेको र खाद्य उपभोगमा विविधता आएको तथा फलफूल, दूध, मासु र तरकारीको सेवन बढेको प्रतिवेदनले देखाएको छ भने एनीमिया र सुक्ष्मपोषणको कमी अझै चुनौतीपूर्ण रहेको पनि यसले देखाएको छ । तथापि, कर्णाली प्रदेशमा उच्च खाद्य असुरक्षा, लुम्बिनी र मधेश प्रदेशमा पोषणको कमीको अवस्था भने कायम छ । यस सन्दर्भमा, प्रतिवेदनले लक्षित पोषण कार्यक्रम, बहुक्षेत्रीय समन्वय, कृषि उत्पादन वृद्धिद्वारा खाद्य आत्मनिर्भरता, रोजगार सिर्जना र प्रभावकारी सामाजिक सुरक्षा प्रणाली सञ्चालन गर्न सके नेपाललाई स्थायी रूपमा शून्य भोकमरीको अवस्थामा पुऱ्याउन सक्ने देखाएको छ ।

४.१.२ सम्पादित सँगालो

- Transforming Nepal Through Structural Reforms
- नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस

२

४.१.२.१ Transforming Nepal Through Structural Reforms

यस सम्पादित सँगालोले नेपालको आर्थिक तथा शासकीय संरचनामा रहेका दीर्घकालीन समस्याहरूको विश्लेषण गर्दै र दिगो आर्थिक रूपान्तरणका लागि आवश्यक संरचनात्मक सुधारका प्रयासहरू अपेक्षित रूपमा सफल हुन नसक्नुका कारणहरूको खोजी गर्दै निजी क्षेत्र विकास, कर प्रणाली, वित्तीय सङ्घीयता, कृषि, ऊर्जा, डिजिटल अर्थतन्त्र, जलवायु वित्त, सार्वजनिक लगानी तथा सुशासनजस्ता क्षेत्रहरूमा रहेका नीतिगत, संस्थागत तथा संरचनागत अवरोधहरूको विश्लेषण गरेको छ ।

ऐतिहासिक तथा तुलनात्मक विश्लेषण, नीतिगत तथा संस्थागत समीक्षा, राष्ट्रिय तथा क्षेत्रगत तथ्याङ्कमा आधारित अनुभवजन्य अध्ययन, तथा राजनीतिक अर्थशास्त्रीय दृष्टिकोणको प्रयोग र गुणात्मक र परिमाणात्मक दुवै प्रकारका प्रमाणहरूको उपयोग गरी आर्थिक रूपान्तरणमा अवरोध सिर्जना गर्ने कारकहरू, सुधार प्रक्रियाको सुस्तता तथा दिगो परिवर्तन सम्भव बनाउने संस्थागत अवस्थाहरूको विश्लेषण यसमा छ ।

नेपालको विकास चुनौती मुख्यतः संरचनागत तथा संस्थागत कमजोरीहरूमा आधारित रहेको, विगतका सुधारहरूले आर्थिक उदारीकरण, शिक्षा तथा पहुँच विस्तारमा योगदान पुऱ्याए तापनि उत्पादनशील रोजगारी सिर्जना, औद्योगिकीकरण, सुशासन, नीतिगत समन्वय तथा संस्थागत क्षमताको विकासमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेकाले आगामी सुधारहरू केवल बजार उदारीकरणमा सीमित नभई संस्थागत सुदृढीकरण, प्रभावकारी सेवा प्रवाह, निजी क्षेत्र प्रवर्धन, शिक्षा तथा सीप विकास, डिजिटल रूपान्तरण, जलवायु सहनशीलता तथा समावेशी आर्थिक वृद्धिमा केन्द्रित हुनुपर्ने आवश्यकता सँगालोका आलेखहरूले औँल्याएका छन् । अध्ययनले नेपालको दिगो तथा समावेशी आर्थिक रूपान्तरणका लागि राजनीतिक रूपमा व्यवहार्य, सामाजिक रूपमा समावेशी र संस्थागत रूपमा विश्वसनीय संरचनात्मक सुधार अपरिहार्य रहेको निष्कर्ष निकालेको छ ।

४.१.२.२ नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस

यस सँगालोका आलेखहरूले नेपालको संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको लेखाजोखा गर्दै सङ्घीयता कार्यान्वयनमा देखिएका समस्याहरूको विश्लेषण गरेका छन् ।

द्वितीयक स्रोतमा आधारित र गुणात्मक विधिबाट तयार गरिएका यसभित्रका आलेखहरूले नेपालको संविधान, विभिन्न ऐन-कानुन र अध्ययन प्रतिवेदनहरू, तीन तहका सरकारको अधिकार र कार्यविभाजनसम्बन्धी

दस्तावेजहरूको अध्ययन र तथ्याङ्ककको विश्लेषणका माध्यमबाट अन्तरतहगत कार्यगत सम्बन्धको अवस्था पहिल्याउने प्रयास गरेका छन् ।

अध्ययनले सङ्घीयताको सफलता यसको संरचनाभन्दा बढी प्रभावकारी कार्यान्वयनमा निर्भर रहने देखाएको छ । नेपालको संविधानले तीन तहका सरकारका अधिकार, कर्तव्य र जिम्मेवारी निर्धारण गरे तापनि साझा अधिकारको कार्यान्वयनमा दोहोरोपनाको समस्या कायम रहेको र कार्यविस्तृतीकरण प्रतिवेदनलाई थप स्पष्ट तथा परिमार्जन गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ । साथै, संघ सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार हस्तान्तरणमा अपेक्षित उदारता देखाउन नसकेको तथ्य पनि उजागर भएको छ । अध्ययनले स्पष्ट कार्यविभाजन, प्रभावकारी अन्तरसरकारी समन्वय, राजनीतिक दलहरूको सकारात्मक भूमिका, नागरिकको सक्रिय सहभागिता तथा राजनीतिक नेतृत्वको दृढ इच्छाशक्तिविना सङ्घीयताको सबलीकरण र दिगो कार्यान्वयन सम्भव नहुने पनि औंल्याएको छ ।

४.१.३ नीति समीक्षा प्रतिवेदन

- जलविद्युत् विकास नीति, २०५८ः समीक्षा र भविष्यका लागि मार्गदर्शन
- राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

२

४.१.३.१ जलविद्युत् विकास नीति, २०५८ः समीक्षा र भविष्यका लागि मार्गदर्शन

यस समीक्षाले जलविद्युत् विकास नीति, २०५८ को कार्यान्वयनको अवस्था विश्लेषण गर्दै यसको कार्यान्वयनमा देखापरेका समस्या र चुनौतीहरूको पहिचान गरेको छ । साथै, यसले जलविद्युत् विकाससम्बन्धी आगामी नीति निर्माणका प्राथमिकता, जलस्रोतको अधिकतम उपयोग, वातावरण संरक्षण, प्रत्यक्ष वैदेशिक लगानी र विद्युत् निर्यातको सम्भावनाजस्ता विषयहरूमा विद्यमान नीतिको प्रासङ्गिकता मूल्याङ्कन पनि गरेको छ ।

समीक्षाले आर्थिक पारदर्शिता र सुशासनको कमजोरीका कारण सरकारी र निजी क्षेत्रको लगानीमा निर्मित परियोजनाहरूको प्रतिमेगावाट विद्युत् उत्पादन लागतमा ठुलो भिन्नता रहेको पाइएको छ । प्रसारण लाइन र वितरण प्रणालीमा प्राधिकरणको एकाधिपत्य कायम रहेकाले प्रतिस्पर्धा र नवप्रवर्तनको अभावमा नीतिले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । लगानीकर्ताहरूले सीमित दृष्टिकोण, प्रशासनिक झन्झट, ग्रिड-लाइन जडानमा ढिलाइ र नीतिमा अकस्मात् परिवर्तनजस्ता समस्याहरू भोग्नु परिरहेको पनि प्रतिवेदनले देखाएको छ । घरेलु उपभोक्ताहरूको हकमा भने प्रतियुनिट विद्युत् शुल्क तोकिएको मूल्यभन्दा बढी लिइने, ई-वाहनका चार्जिङ स्टेसनको अभाव, भोल्टेज अस्थिरता र दुर्गम क्षेत्रमा विद्युत् नपुगेको जस्ता समस्याहरू विद्यमान रहेको पनि देखाएको छ । समग्रमा, यस प्रतिवेदनले भविष्यका नीतिका लागि अनुमति प्रक्रिया सरलीकरण गर्दै, वातावरणीय अनुकूलन, सामाजिक स्वीकृति, सरकार-निजी क्षेत्र साझेदारी, ROOT मोडेलको प्रयोग, एआई तथा मेसिन लर्निङको एकीकरण, स्वदेशी जनशक्ति विकास

र पुनर्निर्माण चरण लागु गर्नेपर्ने सहित १९ वटा प्रमुख सिफारिसहरू प्रस्तुत गर्दै नीतिको सान्दर्भिकता, कार्यान्वयन र समयसापेक्ष परिमार्जनको आवश्यकतामा जोड दिएको छ ।

यस समीक्षाका लागि आवश्यक प्राथमिक तथ्याङ्क सङ्कलन अनलाइन सर्वेक्षणबाट गरिएको थियो भने जलविद्युत् क्षेत्रका विज्ञहरूद्वारा नीतिगत समीक्षा तथा विभागहरूबाट सुझाव पनि सङ्कलन भएका थिए । सम्बन्धित सरोकारवालाहरूसँग परामर्श र छलफलका लागि नीति संवाद पनि आयोजना गरिएको थियो । त्यसैगरी, विभिन्न व्यक्ति तथा संस्थासँग सहभागितामूलक क्रियाकलापहरू मार्फत सूचनाहरू पनि सङ्कलन गरिएको थियो ।

४.१.३.२ राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

यस नीति समीक्षा प्रतिवेदनले राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयन अवस्था र प्रभावकारिताको समीक्षा गर्दै युवा विकाससँग जोडिएका विद्यमान चुनौतीहरूको विश्लेषण गरेको छ भने उक्त नीतिलाई समयानुकूल, समावेशी तथा परिणाममुखी बनाउन आवश्यक सुधारका क्षेत्रहरू पहिचान पनि गरेको छ छ । यसका साथै, उद्यमशीलता, रोजगारी, सीप विकास, समावेशीकरण र युवाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न आवश्यक उपायहरू खोजी गर्दै भावी नीतिगत सुधारका लागि व्यावहारिक सुझाव समेत यसले प्रस्तुत गरेको छ ।

यो अध्ययन गुणात्मक तथा विश्लेषणात्मक कार्यविधि अपनाई गरिएको थियो भने सम्बन्धित कानुन, नीतिगत दस्तावेज, अध्ययन-अनुसन्धान, तथ्याङ्क र अन्य द्वितीयक स्रोतहरूको समीक्षाका आधारमा नीतिको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको विश्लेषण गरिएको थियो ।

अध्ययनले राष्ट्रिय युवा नीति, २०७२ ले युवालाई राष्ट्रको महत्त्वपूर्ण मानव पुँजीका रूपमा स्वीकार गरे तापनि यसको कार्यान्वयन अपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ । युवा बेरोजगारी, अर्धबेरोजगारी, वैदेशिक रोजगारीमा निर्भरता, अपर्याप्त बजेट, कमजोर समन्वय तथा अनुगमन र समसामयिक विषयहरूको अपर्याप्त सम्बोधनले नीतिको प्रभावकारितामा चुनौती सिर्जना गरेको पनि प्रतिवेदनले देखाएको छ । अध्ययनले नीति संशोधनका क्रममा उद्यमशीलता प्रवर्धन, सीप विकास, स्थानीय रोजगारी सिर्जना, बजेट पारदर्शिता, परिणाममुखी अनुगमन तथा मूल्याङ्कन र तीनै तहका सरकारबिच प्रभावकारी समन्वयलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याएको छ ।

४.१.४ नीति सङ्क्षेप

▸ स्थानीय तहमा न्यायिक समितिको कार्यप्रभावकारिता अभिवृद्धिका उपायहरू १

४.१.४.१ स्थानीय तहमा न्यायिक समितिको कार्यप्रभावकारिता अभिवृद्धिका उपायहरू

न्यायिक समितिहरूले सामना गरिरहेका संस्थागत, कानुनी, संरचनागत तथा प्राविधिक चुनौतीहरूको पहिचान गरी यस नीति सङ्क्षेपले उक्त समितिहरूको कार्यसम्पादन सुधारका लागि नीतिगत सुझाव प्रदान गरेको छ ।

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ। प्राथमिक रूपमा सार्वजनिक नीति संवाद मार्फत प्राप्त जानकारी समेटिएको छ भने द्वितीयक रूपमा नीति अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित कार्यपत्र, सम्बन्धित साहित्य, अनलाइन लेखहरू तथा विद्यमान कानुन र नीतिहरूको अध्ययन गरी यो नीति सङ्क्षेप तयार गरिएको हो।

प्रतिवेदनले संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थापित गरेको न्यायिक समितिले स्थानीय स्तरमा न्याय सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको भए तापनि कार्यक्षमतामा असमानता देखिएको, कतिपय स्थानीय तहमा प्रक्रिया प्रभावकारी भए तापनि अन्य स्थानमा कानुनी दक्षता, अभिलेखीकरण, प्रविधि प्रयोग, पारदर्शिता र समन्वयमा चुनौतीहरू रहेको देखाएको छ। समग्रमा, प्रतिवेदनले नियमित तालिम, स्थानीय कानुनी सल्लाहकारको व्यवस्था, डिजिटल प्रणालीको विकास तथा सम्बन्धित निकायसँग समन्वय सुदृढ गरी न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने सुझाएको छ।

४.१.५ सोचपत्र

- संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता
- नेपालमा सामाजिक सद्भावः मधेशको सन्दर्भ
- नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

३

४.१.५.१ संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता

यस अध्ययनले नेपालको वर्तमान निर्वाचन प्रणालीको ऐतिहासिक विकासक्रम, वर्तमान संरचना र प्रक्रियाको विश्लेषण गरी विश्वमा प्रचलित निर्वाचन प्रणालीहरूको तुलनात्मक विवरण पेस गरेको छ। यसका साथै, निर्वाचन प्रणालीका कारणले संसद्मा देखिएका दलीय प्रतिनिधित्वको अवस्था र राजनीतिक स्थिरतामा पारेको प्रभाव मूल्याङ्कन पनि यसमा छ भने नेपालको सङ्घीय संरचनाअनुसार निर्वाचन प्रणालीमा आवश्यक सुधारका विकल्पहरूबारे पनि विश्लेषण छ। यसले नीति कार्यान्वयनमा देखिएका चुनौतीहरू पहिचान गरी लोकतान्त्रिक प्रक्रियालाई मजबुत बनाउन आवश्यक नीतिगत सिफारिसहरू पनि गरेको छ।

अध्ययनका लागि प्रकाशित साहित्य, प्रतिवेदन, वेबसाइट तथा अन्य द्वितीयक स्रोतहरूबाट प्राप्त गुणात्मक र परिमाणात्मक तथ्याङ्कको उपयोग गरिएको छ भने निर्वाचन आयोगका अधिकारीहरू, निर्वाचन पर्यवेक्षकहरू, निर्वाचन विज्ञहरू तथा यस क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरूसँगको छलफललाई समेत आधार बनाइएको छ।

अध्ययनले २०७९ को आम निर्वाचनमा परम्परागत ठुला दलहरूको मत घट्दै गएको र नयाँ दलहरूको प्रभाव बढेको देखाएको छ। समानुपातिक निर्वाचन प्रणालीले सङ्ख्यात्मक रूपमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरे तापनि संविधानको मर्मअनुरूप पूर्ण समावेशीकरण हुन नसकेको निष्कर्ष निकालेको छ।

साथै, दलभित्रका आन्तरिक विवादका कारण बहुमत प्राप्त दलसमेत विभाजित भई राजनीतिक अस्थिरता उत्पन्न भएको, निर्वाचन प्रणाली सुधारका लागि सङ्घीय संसद्को आकार घटाउन, दलभित्र प्रारम्भिक मतदान मार्फत उम्मेदवार छनोट गर्न, संविधान संशोधन गरी निर्वाचन प्रणाली परिमार्जन गर्न तथा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्ने जस्ता सिफारिसहरू प्रस्तुत गरेको छ ।

४.१.५.२ नेपालमा सामाजिक सद्भावः मधेशको सन्दर्भ

यस सोचपत्रले मधेशको सन्दर्भ र दृष्टिकोणबाट सामाजिक सम्बन्ध सद्भावको अवस्थाबारे बहस गर्दै नेपालको सामाजिक विविधताको व्यवस्थापन र सहअस्तित्वका उपायहरू सुझाएको छ । यसले विशेषगरी मधेशी र पहाडी समुदायबिचको सम्बन्ध, सामाजिक विभेद, बहिष्करणको अनुभूति, क्षेत्रीय असमानता तथा समावेशी विकासका चुनौतीहरूलाई विश्लेषण गर्दै सामाजिक सद्भाव अभिवृद्धिका सम्भावित उपायहरू दिएको छ ।

यो सोचपत्र सीमित सन्दर्भ सामग्रीको अध्ययन, अनौपचारिक अन्तरक्रिया तथा छलफल, जनकपुर, सिराहा र वीरगन्जका केही जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, सरकारी कार्यालय, प्रहरी चौकी, विद्यालय र क्याम्पस भ्रमण मार्फत सङ्कलित जानकारीमा आधारित छ । साथै, यसले अनुसन्धान प्रतिवेदन, पत्रपत्रिका लेख तथा मिडियामा व्यक्त विज्ञहरूको विचारहरूलाई पनि सूचनाको स्रोतको रूपमा लिएको छ ।

सोचपत्रले मधेशी र पहाडी समुदायबिच स्वार्थ, प्राथमिकता तथा सांस्कृतिक भिन्नताले सामाजिक सद्भावमा केही चुनौती सिर्जना गरेको, राज्य संयन्त्रमा प्रतिनिधित्वको कमी रहेको, क्षेत्रीय असमानता, भेदभाव र कमजोर नीतिगत कार्यान्वयनले आपसी अविश्वास बढाएको निष्कर्ष निकालेको छ । यस सन्दर्भमा, सामाजिक सद्भाव अभिवृद्धिका लागि समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै स्रोत साधनको न्यायोचित वितरणमा ध्यान दिन, अन्तरसांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न, संवाद र सहकार्यलाई प्रवर्धन गर्न, आर्थिक अवसर सिर्जना गर्न तथा शिक्षा मार्फत विविधताको सम्मान बढाउन आवश्यक रहेको प्रतिवेदनले सिफारिस गरेको छ ।

४.१.५.३ नेपाली अर्थतन्त्रका केही बहुआयामिक क्षेत्रहरूको विश्लेषण

यस सोचपत्रले आर्थिक वर्ष २०७९/८० सम्मको नेपाली अर्थतन्त्रको बहुआयामिक पक्षहरूको समीक्षा गर्दै सरकारी पुँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्नुका कारणहरू, सहकारी क्षेत्रको पुनरुत्थानको आवश्यकता तथा सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूको विश्लेषण गरी आगामी नीतिगत सुधारका लागि केही मार्गदर्शन प्रदान गरेको छ ।

यस सोचपत्रको मस्यौदा २०७९/८० मा तयार गरिएको तर आवश्यक सम्पादनपश्चात् प्रकाशन कार्य वि.सं. २०८२ मा मात्र भएको हुँदा प्रतिवेदनले मुख्य गरी आ.व. २०७९/८० सम्मको परिवेश र तथ्याङ्कलाई मात्र समेटेको छ । यो प्रतिवेदन पूर्णतः अनुसन्धानमूलक नभएकाले कतिपय खण्डमा लेखकका विचार तथा अनुभवले पनि प्रधानता पाएको छ । साथै, यस अध्ययनले सरकारको पुँजीगत

खर्चमा वृद्धि हुन नसक्नुका कारणहरू, समस्यामा परेको सहकारी क्षेत्रको पुनरुत्थान र सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीजस्ता विषयवस्तुहरूलाई समेट्न सकेको छैन ।

४.१.६ सेमिनार प्रतिवेदन

- Moving Towards a Shared Future: Review of and Prospects for Nepal-China Strategic Partnership of Cooperation १

४.१.६.१ Moving Towards a Shared Future: Review of and Prospects for Nepal-China Strategic Partnership of Cooperation

यस प्रतिवेदनले विगत ७० वर्षको नेपाल-चीन सम्बन्धको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक तथा जनस्तरीय आयामहरूको समीक्षा गरी सन् २०१९ मा स्थापित रणनीतिक साझेदारीपछि दुई देशबिचको सहकार्यलाई अझ प्रभावकारी र परिणाममुखी बनाउनेतर्फ भविष्यका सम्भावनाको पहिचान गर्ने प्रयास गरेको छ। साथै, नेपाल-चीन कूटनीतिक सम्बन्धको ७०औँ वर्षगाँठको अवसरमा नीति अनुसन्धान प्रतिष्ठान र नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी (NIIS/CASS) बिच संयुक्त अनुसन्धान, प्रकाशन तथा नीति संवादका लागि दीर्घकालीन सहकार्यको आधार निर्माण गर्नु पनि सेमिनारको महत्त्वपूर्ण उद्देश्य रहेको थियो ।

यस सेमिनारमा गुणात्मक तथा विश्लेषणात्मक कार्यविधि अपनाइएको थियो । नेपाल-चीन सम्बन्ध र रणनीतिक साझेदारीसम्बन्धी विषयहरूमा केन्द्रित दुई सत्रहरू सञ्चालन गरी दुवै पक्षका सरकारी थिङ्क ट्याङ्कहरूद्वारा अनुसन्धान पत्र प्रस्तुत गरिएको थियो । प्रस्तुत पत्रहरूमाथि विज्ञ टिप्पणीकारहरूबाट समीक्षात्मक टिप्पणी तथा सहभागीहरूबिच खुला छलफल गरिएको थियो। अध्ययनका लागि उच्चस्तरीय भ्रमणहरू, द्विपक्षीय व्यापार तथ्याङ्क, विभिन्न सम्झौता तथा संयुक्त वक्तव्यहरूको गुणात्मक र गणनात्मक विश्लेषण गरिएको थियो ।

यस सेमिनारले नेपाल-चीन सम्बन्ध ऐतिहासिक, सांस्कृतिक तथा जनस्तरीय आधारमा स्थापित भई पञ्चशीलका सिद्धान्तअनुसार विकास हुँदै आएको निष्कर्ष निकालेको छ । साथै, सन् २०१९ मा रणनीतिक साझेदारीमा स्तरोन्नत भएको द्विपक्षीय सम्बन्धलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न दुवै पक्षबाट थप प्रतिबद्धता र प्रयास आवश्यक रहेको औँल्याइएको छ । चीन नेपालको प्रमुख व्यापारिक साझेदार तथा प्रत्यक्ष वैदेशिक लगानीको महत्त्वपूर्ण स्रोत भए पनि व्यापार असन्तुलन प्रमुख चुनौतीका रूपमा रहेको देखिएको छ । साथै, बीआरआई (BRI) कार्यान्वयनमा स्पष्टता, निरन्तरता र रणनीतिक साझेदारीका उद्देश्य तथा अपेक्षाहरूको स्पष्ट परिभाषा आवश्यक रहेको निष्कर्ष प्रतिवेदनमा छ । भविष्यमा पूर्वाधार विकास, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, कृषि प्रविधि, जनस्तरीय आदान-प्रदान तथा सीमा व्यवस्थापनका क्षेत्रमा सहकार्य विस्तार गर्ने पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै सेमिनारले नेपाल-चीन रणनीतिक साझेदारीलाई थप सुदृढ, परिणाममुखी र दिगो बनाउन राजनीतिक, आर्थिक र सामाजिक

क्षेत्रमा स्पष्ट तथा मापनयोग्य लक्ष्य निर्धारण गरी आपसी विश्वास र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएको छ ।

४.२ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष नीति सिफारिस

११

- राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) उपरको पृष्ठपोषण प्रतिवेदन
- वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३ - २०८६/८७) (मस्यौदा) मा थप परिमार्जनका लागि सुझाव
- राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ (मस्यौदा) माथि टिप्पणी
- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सङ्घीय निजामती सेवा विधेयक, २०८३) को मस्यौदामा सुधारका लागि नीति अनुसन्धान प्रतिष्ठानको सुझाव तथा पृष्ठपोषण
- भूमि प्रशासन र व्यवस्थापनसम्बन्धी मौजुदा व्यवस्थामा सुधारका लागि नीति सिफारिसहरू, २०८३
- सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन (२०५२) र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको सङ्क्षेपीकरण तथा सुझाव
- राष्ट्रिय कृषि नीति २०८२ (मस्यौदा) सुधार तथा परिमार्जनका लागि सुझाव
- तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा पृष्ठपोषण तथा सुझाव
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदामा थप सुधारका लागि पृष्ठपोषण तथा सुझाव
- राष्ट्रिय भू-उपग्रह नीति, २०८२ (मस्यौदा) मा सुधारका लागि पृष्ठपोषण तथा सुझावहरू
- व्यक्तिगत डाटा संरक्षण नीति-२०८२ को मस्यौदामा सुधार तथा परिमार्जनका लागि सुझाव

अनुसन्धान र सार्वजनिक ज्ञानको आधारमा आवश्यक नीति सिफारिस गर्ने काम पनि प्रतिष्ठानको कार्यदिशभित्र पर्ने भएकाले अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षमा आधारित भई आ.व. २०८२/८३ मा प्रतिष्ठानले जम्मा ११ वटा मस्यौदा नीति, ऐन तथा नियमावली सुधारका लागि पृष्ठपोषण प्रदान गऱ्यो जसको सङ्क्षिप्त विवरण निम्नानुसार छ ।

४.२.१ राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) उपरको पृष्ठपोषण प्रतिवेदन

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार गरेको राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदा सुधारका लागि नीतिगत पृष्ठपोषण अनुरोध गरी उक्त मन्त्रालयबाट नीति अनुसन्धान

प्रतिष्ठानमा भएको पत्राचारअनुरूप उक्त मस्यौदालाई थप सुदृढ, समसामयिक, कार्यान्वयनमुखी तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग समरूप बनाउन सहयोग पुऱ्याउने उद्देश्यले एक सुझाव प्रतिवेदन पेस गरिएको छ ।

नेपालको संवैधानिक व्यवस्था; प्रचलित कानुन तथा विद्यमान नीतिगत प्रारूप; नागरिक उड्डयन क्षेत्रका समकालीन आवश्यकता र मिडियाहरूले उठान गरेका सम्बन्धित विषयवस्तु; अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनका मापदण्ड, सिफारिस तथा समकालीन अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासलाई सन्दर्भका रूपमा लिई उक्त सुझावपत्र तयार गरिएको थियो । मस्यौदाको मूल नीतिगत अभिप्राय र संरचनालाई यथावत् राख्दै त्यसको स्पष्टता, कार्यान्वयनयोग्यता, नीतिगत सुसङ्गतता तथा अन्तर्राष्ट्रिय मापदण्डसँगको समरूपता अभिवृद्धि गर्नेतर्फ केन्द्रित उक्त सुझावपत्र मार्फत मस्यौदाको गुणस्तर, प्रभावकारिता तथा दीर्घकालीन कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा पनि सुझावहरू दिइएको थियो ।

राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदाले राष्ट्रिय विकाससँग नागरिक उड्डयनको रणनीतिक सम्बन्धलाई स्पष्ट रूपमा स्थापित गर्न सकेको, नीतिगत निरन्तरताको आधारमा नयाँ नीति तर्जुमा भएको, निजी क्षेत्रको भूमिकालाई मस्यौदामा स्वीकार गरिएको, सेवा विस्तारसँगै नियामक भूमिकालाई महत्त्व दिइएको, सार्वजनिक हित र सेवा उपलब्धतालाई प्राथमिकता दिएको भए तापनि मस्यौदालाई राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग समरूप बनाउन थप सुधार गर्न सकिने विषयहरूमा सुझावहरू दिइएका थिए । सुझावपत्रमा नियामक र सेवा प्रदायक कार्यबिच संस्थागत पृथकीकरण कायम गर्नुपर्ने; अन्तर्राष्ट्रिय मापदण्डसँग मस्यौदा नीतिको सामञ्जस्यता कायम गर्नुपर्ने; विद्यमान कानुनी तथा नीतिगत व्यवस्थासँगको सामञ्जस्यता सुनिश्चित गर्नुपर्ने; नागरिक उड्डयन क्षेत्रलाई "उद्योग" "सेवा" वा "उद्योग र सेवा" अन्तर्गत वर्गीकरण गर्ने; समसामयिक विषयवस्तु र सरोकारहरूलाई सम्बोधन गर्नुपर्ने विषयमा ठोस सुझावहरू समावेश थिए ।

त्यसैगरी, तालिम संस्था र सिम्युलेटर; कर तथा भन्सार छुटको नीतिगत व्यवस्था; सार्वजनिक-निजी साझेदारीमा आकस्मिक दायित्व; वैदेशिक लगानीको प्रतिशत सीमा; आन्तरिक उडानमा यात्रा गर्ने यात्रुहरूको बीमा दायित्व रकम लगायतका विषयमा नीतिको मस्यौदा सुधारका लागि विशिष्ट सुझावहरू पनि संलग्न थिए ।

४.२.२ वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३ - २०८६/८७) (मस्यौदा) मा थप परिमार्जनका लागि सुझाव

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा तयार गरिएको "वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३-२०८६/८७) को मस्यौदा" सम्बन्धी पृष्ठपोषणको लागि नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध प्राप्त भएबमोजिम डेस्क रिभ्युका साथै क्षेत्रगत विषय विज्ञहरूसँगको परामर्श र लिखित सुझावको आधारमा सुझाव प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालयसमक्ष पेस गरियो ।

प्रतिवेदनमा वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३ - २०८६/८७) को मस्यौदामा नेपालको समग्र वित्तीय क्षेत्रको वर्तमान अवस्था, जस्तै बैंकिङ, बीमा, पुँजी बजार, सहकारी संस्था, र अन्य गैरबैंकिङ वित्तीय संस्थाहरूको प्रगति र चुनौतीहरूको विस्तृत विश्लेषण थियो । वित्तीय समावेशीकरणको अभाव, ग्रामीण क्षेत्रमा बैंकिङ सेवाको सीमित पहुँच, लघु तथा मझौला उद्यमहरूमाझ पर्याप्त वित्तीय सहयोग नपुग्ने समस्या, वित्तीय साक्षरताको कमी, र नियमन तथा निगरानीका क्षेत्रमा अपर्याप्त सुधार लगायतका समस्याहरूलाई प्रतिवेदनले वित्तीय क्षेत्रका प्रमुख समस्या/चुनौतीहरूका रूपमा पहिचान गरेको थियो । साथै, मस्यौदाले वित्तीय सेवाको भौगोलिक र सामाजिक पहुँच विस्तार गर्ने, डिजिटल बैंकिङ तथा प्रविधि-आधारित वित्तीय सेवाहरूलाई प्रवर्धन गर्ने, सहकारी संस्थाहरूको संरचनागत तथा प्राविधिक क्षमता विकास गर्ने, वित्तीय साक्षरता कार्यक्रमलाई तीव्र पार्ने, नीतिगत तथा कानुनी सुधारका माध्यमबाट लगानी वातावरण सुधार गर्ने, र वित्तीय स्थायित्व कायम राख्न प्रभावकारी नियामक तथा संस्थागत ढाँचा निर्माण गर्नेजस्ता व्यवहारिक कार्यनीतिहरू प्रस्ताव गरेको थियो । साथै, मस्यौदा सुधारका लागि सम्भावित क्षेत्रहरू पहिचान गर्न र कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन विविध सरोकारवालाबाट सुझाव सङ्कलन गरिएको थियो ।

४.२.३ राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ (मस्यौदा) माथि टिप्पणी

प्रतिष्ठानले राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ उपर सामान्य र दफावार टिप्पणी गरी नेपाल सरकारले निर्धारण गरेको प्रारूपअनुरूप तयार गर्न (जस्तैः उक्त नीतिमा 'नीति' खण्ड, वित्तीय व्यवस्था, नीति कार्यान्वयन कार्ययोजना, नीतिको पुनरावलोकन, खारेजी र बचाउजस्ता बुँदाहरू पनि नरहेकाले सोही अनुसार परिमार्जन गर्न) सुझाएको थियो । साथै, संयुक्त राष्ट्र संघको सडक सुरक्षाको लागि १० वर्षीय कार्ययोजना कार्यान्वयनको लागि समेत मध्यनजर गरी नीति तय हुन लागेको सन्दर्भमा उक्त नीतिमा कार्य योजनाले जोड दिएका विषयहरू पनि नसमेटेकाले सडक तथा सवारीसाधनको डिजाइन, कानुन तथा कानुन कार्यान्वयनको सुदृढीकरण तथा घाइतेहरूका लागि समयमै जीवनरक्षक आकस्मिक उपचारको व्यवस्थाजस्ता मुख्य विषयहरूलाई केन्द्रविन्दुमा राखेर नीतिको मस्यौदा तयार हुनुपर्ने सुझावहरू थिए । त्यसैगरी, सुरक्षित सडक (नयाँ सडक बनाउँदाको मापदण्ड र पुरानाको मर्मत सम्भार समेत), सवारी साधनको मापदण्ड र अवस्था, चालको योग्यता र अनुभव तथा यात्रीहरूको सङ्ख्या र अवस्थाजस्ता विषयहरूमा पनि मापदण्ड तोकी कडाइका साथ लागु गर्ने व्यवस्था नीतिमा हुनुपर्ने; नीतिको मस्यौदा तयार गर्दा विद्यमान समस्याहरूको पहिचान नभएकाले ती समस्याहरूको समाधान हुने गरी उद्देश्य निर्धारण हुनु आवश्यक भएको लगायत नीति प्रावधानको लक्ष प्राप्त हुने गरी रणनीतिहरू तयार गरिनुपर्ने र रणनीतिहरूको कार्यान्वयन गर्नको लागि कार्यनीतिको व्यवस्था थपिनुपर्ने पनि सुझाइएको थियो ।

पृष्ठपोषणमा प्रस्तावित नीतिसम्बन्धी दफावार टिप्पणीहरू पनि गरिएको थियो । समग्रमा राष्ट्रिय सडक सुरक्षा नीतिको महत्त्व र उक्त नीति दस्तावेजमा समावेश भएका समग्र विषयवस्तुको विश्लेषण थप गहनरूपले गरी नीतिको मस्यौदा पुनर्लेखन गर्न उपयुक्त हुने पनि सुझाइएको थियो ।

४.२.४ सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सङ्घीय निजामती सेवा विधेयक, २०८३) को मस्यौदामा सुधारका लागि सुझाव तथा पृष्ठपोषण

सङ्घीय निजामती सेवा विधेयक, २०८० सङ्घीय संसदमा छलफल तथा परिमार्जनसहित स्वीकृतिको अन्तिम चरणमा पुगेको भए तापनि सम्वत् २०८२ भदौमा प्रतिनिधि सभा विघटन भएपछि उक्त विधेयक निष्क्रिय भएको थियो । मुलुकमा नयाँ सरकार आएपछि सो सरकारले सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदा सार्वजनिक गरेकामा उक्त मस्यौदामाथि अध्ययन गरी सुझाव प्रतिवेदन पेस गरिएको थियो ।

नेपालको विधान, निजामती सेवा ऐन, २०४९, विधेयक, २०८० र मस्यौदा, २०८३ तथा केही अन्तर्राष्ट्रिय अभ्यासको समीक्षा एवम् विज्ञ, सरोकारवाला र राजनीतिक दलका प्रतिनिधिसँग संवाद तथा विभिन्न पक्षबाट प्राप्त लिखित सुझावमा आधारित उक्त सुझाव प्रतिवेदन तयार गरिएको थियो ।

उक्त सुझाव प्रतिवेदनमा निजामती प्रशासनमा देखिएका राजनीतिक हस्तक्षेप, कार्यसम्पादनमुखी संस्कृतिको अभाव, कर्मचारी व्यवस्थापनमा असन्तुलन, समावेशिताका चुनौती, अन्तरतह समन्वयको कमजोरी र सीमित जनउत्तरदायित्वलाई विधेयकले ध्यान दिनुपर्ने सुझाइएको थियो । विधेयकलाई संविधान, सङ्घीयताको सिद्धान्त तथा सुशासन, निष्पक्षता, व्यावसायिकता, पारदर्शिता र नागरिकमैत्री सेवाका मान्यतासँग सुसङ्गत बनाउनुपर्ने आवश्यकता पनि औँल्याइएको थियो । विधायन ऐनसँगको विधेयकको तादात्म्य, निजामती सेवाका आधारभूत सिद्धान्त तथा मूल्य, प्रशासनिक सङ्घीयतालगायतका विषयमा सुधारका सुझाव प्रस्तुत गरिएको थियो ।

४.२.५ भूमि प्रशासन र व्यवस्थापन सम्बन्धी मौजुदा व्यवस्थामा सुधारका लागि नीति सिफारिसहरू, २०८३

सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै नेपालको भूमि प्रशासनमा संलग्न निकायहरूको भूमिका, जिम्मेवारी र अन्तरसरकारी समन्वयलाई थप स्पष्ट र प्रभावकारी बनाउँदै भूमि प्रशासनलाई पारदर्शी, प्रविधिमैत्री, उत्तरदायी र सेवाग्राहीमैत्री बनाउनुपर्ने आवश्यकता देखिएको छ । भूमि अभिलेखको डिजिटाइजेसन, अनलाइन सेवा विस्तार, भू-उपयोग योजना कार्यान्वयन तथा भूमि प्रशासनको आधुनिकीकरणका प्रयास भए तापनि सेवा प्रणालीको पूर्ण एकीकरण, तथ्याङ्कको विश्वसनीयता, संस्थागत क्षमता र नीतिगत समन्वयमा अपेक्षित सुधार हुन बाँकी छ । यसै सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान र सार्वजनिक, सरकारी तथा गुठी जग्गाको अतिक्रमण नियन्त्रणका उपायसम्बन्धी अध्ययनका क्रममा विद्यमान भूमि नीति, कानुन तथा संस्थागत व्यवस्थाको समीक्षा गरेको थियो ।

उक्त अध्ययनले भूमि प्रशासन तथा व्यवस्थापन प्रणालीमा सुधार गर्न समान प्रकृतिका कानुनहरूको एकीकरण, मालपोत र नापी कार्यालयहरूको एकीकरण, नापजाँचसम्बन्धी कार्यमा निजी प्राविधिक

जनशक्तिको उपयोग तथा जग्गा मूल्याङ्कन, राजस्व दर निर्धारण र दाखिला प्रणालीमा सुधार गर्नुपर्ने देखाएको थियो । अध्ययनबाट आएका सिफारिसहरूमा आधारित भई प्रतिष्ठानले सम्बन्धित निकायमा नीति सिफारिस गरेको हो । जग्गा मूल्याङ्कन प्राधिकरण गठन, सार्वजनिक जग्गाको उपयोगसम्बन्धी सम्भावित अन्तरसरकारी अधिकार द्वन्द्वको सम्बोधन, भोगाधिकारको अन्त्य गरी लिज प्रणाली अनिवार्य गर्ने व्यवस्था, जग्गा नापीमा क्रमशः निश्चित सिमाना सिद्धान्त अवलम्बन तथा कृषि र औद्योगिक प्रयोजनका लागि भूमि प्राप्तिलाई सहज बनाउन दीर्घकालीन भूमि मूल्य पुनर्स्थापना योजना अघि बढाउनुपर्ने लगायतका विषयमा नीति सिफारिसहरू गरिएका थिए ।

४.२.६ सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन (२०५२) र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको सङ्क्षेपीकरण तथा सुझाव

नेपालमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको संरक्षण, व्यवस्थापन र उपयोग राज्यको सार्वजनिक सम्पत्ति संरक्षण, सुशासन तथा विधिको शासनसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयहरू हुन् । विशेषतः सहरीकरणको तीव्र विस्तार, भूमिलाई प्राकृतिक स्रोतको रूपमा भन्दा पनि बहुमूल्य निजी सम्पत्तिको रूपमा लिइने अवस्था, कमजोर अभिलेख व्यवस्थापन, संस्थागत समन्वयको अभाव तथा विभिन्न प्रशासनिक एवम् कानुनी जटिलताका कारण काठमाडौँ उपत्यकालगायत देशका विभिन्न क्षेत्रमा सरकारी, सार्वजनिक तथा गुठी जग्गामाथि अतिक्रमण, अनधिकृत उपयोग तथा अवैध दर्ताजस्ता विकृत अभ्यासहरू भइरहेका छन् । यस्तो व्यवस्थापकीय र प्राविधिक विषयले राजनीतिक स्वरूप लिँदा अहिले यो धेरै पेचिलो राष्ट्रिय सवाल बन्न पुगेको छ भने वास्तविक भूमिहीन नागरिकहरू भूमिको पहुँचबाट सधैँ वञ्चित नै भइरहेको अवस्था पनि छ । विगत ६ दशकदेखि भइरहेको सार्वजनिक/सरकारी भूमिको दोहन, अनधिकृत दर्ता, र अतिक्रमणको अवस्था पछिल्लो दुई दशकमा सबैभन्दा बढी मौलाएको केही अध्ययनहरूले देखाएका छन् ।

यसै सन्दर्भमा तत्कालीन सरकारले सम्वत् २०५० मा काठमाडौँ नगरक्षेत्रका सरकारी तथा सार्वजनिक जग्गाको अवस्था, अतिक्रमण तथा संरक्षणसम्बन्धी विषयहरूको अध्ययन, छानबिन तथा आवश्यक सुझाव प्रस्तुत गर्न वि.सं. २०५० मा "सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग" गठन गरेको थियो । उक्त आयोगले २०५२ सालमा प्रतिवेदन प्रस्तुत गर्दै काठमाडौँ नगरक्षेत्रका सरकारी जग्गासम्बन्धी अवस्था, अनियमितता तथा संरक्षणका उपायहरूबारे विभिन्न तथ्य, निष्कर्ष र सिफारिसहरू प्रस्तुत गरेको थियो । उल्लिखितसहित यस्ता आयोगका प्रतिवेदन कार्यान्वयन, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रणको विषयलाई लिएर सर्वोच्च अदालतमा विभिन्न सार्वजनिक सरोकारका रिट निवेदनहरू दायर भएको तथा त्यसमा अदालतबाट सरकारका नाममा आवश्यक निर्देशनात्मक आदेशहरू समेत जारी भएका छन् ।

यस सन्दर्भमा रावल आयोगको प्रतिवेदन, २०५२ कार्यान्वयनका लागि अध्ययन गर्न अदालतको आदेश अनुसार गठित विशेषज्ञ समितिको प्रतिवेदनको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई मध्यनजर गरी अध्ययन प्रतिवेदन र न्यायिक आदेशको ऐतिहासिक, कानुनी तथा नीतिगत सन्दर्भलाई सङ्क्षिप्त रूपमा समेट्ने उद्देश्यले प्रतिष्ठानले मामिला अध्ययन प्रतिवेदन तयार गरी सोही प्रतिवेदनको आधारमा नेपाल सरकारलाई केही सिफारिसहरू गरेको थियो ।

अध्ययनको निष्कर्षका आधारमा प्रतिष्ठानले रावल आयोगको प्रतिवेदन र त्यसको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेशलाई मध्यनजर गर्दा तत्कालीन काठमाडौं नगरक्षेत्रमा विभिन्न समयमा अतिक्रमणमा परेका करिब १ हजार ९ सय रोपनी सरकारी तथा सार्वजनिक जग्गालाई अतिक्रमणमुक्त गरी पूर्ववत् स्वामित्वमा ल्याउन तथा काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षेत्रमा यसै गरी अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जग्गाहरूलाई अतिक्रमणमुक्त गरी तिनको संरक्षण, व्यवस्थापन तथा उपयोग गर्न तत्काल र एक वर्षभित्र गर्नुपर्ने उपायहरूबारे सुझावहरू प्रस्तुत गरेको थियो ।

४.२.७ राष्ट्रिय कृषि नीति २०८२ (मस्यौदा) सुधार तथा परिमार्जनका लागि सुझाव

२०८२ कार्तिक २८ गते 'राष्ट्रिय कृषि नीति-२०८२ (मस्यौदा)' मा सुधार तथा परिमार्जनका लागि सुझाव तयार गरी नेपाल सरकार कृषि मन्त्रालयमा पेस गरिएको थियो । प्रतिष्ठानले नीतिको पृष्ठभूमि खण्ड, समस्या, चुनौती तथा नीतिको आवश्यकतासम्बन्धी विषयमा सुझाव दिएको थियो । साथै, नीतिको संरचना, विषयवस्तुको स्पष्टता तथा समग्र नीतिगत ढाँचामा सुधार गर्नुपर्ने पक्षहरू औंल्याएको थियो ।

नीतिले समेट्न वा स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने विषयहरू पहिचान गर्दै कृषि उत्पादन, बजार व्यवस्थापन, प्रविधि उपयोग, जलवायु परिवर्तन, संस्थागत समन्वय तथा कृषि रूपान्तरणसँग सम्बन्धित विषयमा सुझाव दिइएको थियो । त्यसैगरी, कार्ययोजनाको समग्र सुधार, कार्यान्वयन प्रणाली सुदृढीकरण तथा उद्देश्यअनुसारका कार्ययोजनामा बुँदागत सुझाव प्रस्तुत गरी नीतिलाई थप व्यावहारिक, परिणाममुखी र कार्यान्वयनयोग्य बनाउन जोड दिइएको थियो ।

४.२.८ तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा पृष्ठपोषण तथा सुझाव

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा तयार गरिएको तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०२५-२०३०) को मस्यौदामा २०८२ साउन १८ गते पृष्ठपोषण तथा सुझाव प्रदान गरिएको छ । उक्त सुझाव तयारीको लागि प्रतिष्ठानले विषयगत विज्ञता र अनुभवका आधारमा तीन सदस्यीय आन्तरिक अध्ययन टोली गठन गरी रणनीतिको समीक्षा गरेको थियो । प्रतिष्ठानद्वारा सम्पन्न सार्वजनिक

वित्तीय व्यवस्थापनसम्बन्धी अध्ययन, उपलब्ध साहित्य, तथ्याङ्क तथा सूचनाको अध्ययन-विश्लेषणका आधारमा ती सुझावहरू प्रतिवेदनको रूपमा प्रेषित भएका थिए ।

प्रतिवेदनमा बजेट विश्वसनीयता र खर्च व्यवस्थापन सुधार, वित्तीय अनुशासन, पारदर्शिता र डिजिटलीकरण, राजस्व आधार सुदृढीकरण, वित्तीय हस्तान्तरण नीति सुधार, ऋण व्यवस्थापन तथा वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सम्पत्ति व्यवस्थापन सुधार, संस्थागत संरचना सुधार र क्षमता अभिवृद्धिजस्ता विषयमा सुझावहरू समेटिएका थिए । साथै, बजेट कार्यान्वयन, लेखा तथा प्रतिवेदन प्रणाली सुदृढीकरण, स्रोत विनियोजन कौशल अभिवृद्धि, परियोजना सञ्चालन प्रणालीलाई राष्ट्रिय नीतिसँग सामञ्जस्य गराउने तथा आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने विषयमा समेत खास सुझावहरू प्रतिवेदनमा समावेश थिए ।

४.२.९ सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदामा थप सुधारका लागि पृष्ठपोषण तथा सुझाव

सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ को मस्यौदा सुधारका लागि २०८२ साउन १६ गते सम्बन्धित निकायमा सुझाव प्रस्तुत गरियो । मस्यौदालाई सुधार गर्न मार्गदर्शक सिद्धान्त र सैद्धान्तिक आधार स्पष्ट गर्ने, अवसर विश्लेषण थप्ने तथा नीति कार्यान्वयनका लागि छुट्टै कार्ययोजना समावेश गर्ने मुख्य सुझाव दिइएको थियो । साथै, समस्या र चुनौतीलाई दोहोरिन नदिई व्यवस्थित रूपमा एकीकृत गर्नुपर्ने, संस्थागत संरचना र नीतिगत प्राथमिकताबिच स्पष्टता ल्याउनुपर्ने तथा सार्वजनिक-निजी साझेदारी, सङ्कट व्यवस्थापन, प्रभाव मूल्याङ्कन र सङ्घीय संरचनाअनुसार सार्वजनिक संस्थानहरूको पुनर्संरचनालाई स्पष्ट रूपमा समेट्नुपर्ने विषयहरूमा पनि खास सिफारिसहरू थिए ।

त्यसैगरी, सुशासन सुदृढीकरणका लागि नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, डिजिटलाइजेसन, समावेशीकरण र नवप्रवर्तनलाई नीतिमा मजबुत रूपमा समावेश गर्नुपर्ने लगायत कर्मचारी क्षमता विकास, परिणाममा आधारित कार्यसम्पादन मूल्याङ्कन, राजनीतिक हस्तक्षेप नियन्त्रण, पारदर्शिता, वित्तीय अनुशासन, रणनीतिक साझेदारी र कर्जा परिचालनजस्ता पक्षलाई स्पष्ट कार्यढाँचासहित समेट्नुपर्ने पनि सुझाइएको थियो । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन तेस्रो पक्षीय मूल्याङ्कन र स्पष्ट मापदण्ड आवश्यक हुने र दीर्घकालीन रूपमा छाता कानुन र हरित तथा नवप्रवर्तनमुखी संस्थानको अवधारणा विकास गर्नुपर्ने सुझाव दिइएको थियो ।

४.२.१० राष्ट्रिय भू-उपग्रह नीति, २०८२ (मस्यौदा) मा सुधारका लागि पृष्ठपोषण तथा सुझावहरू

प्रतिष्ठानले २०८२ साउन १६ गते 'राष्ट्रिय भू-उपग्रह नीति, २०८२' को मस्यौदा सुधारका लागि पृष्ठपोषण तथा सुझाव प्रस्तुत गऱ्यो । नीतिको समग्र संरचना सकारात्मक रहेको उल्लेख गर्दै यसलाई अझ स्पष्ट, व्यावसायिक र प्रमाणमा आधारित बनाउनुपर्नेमा जोड दिँदै विशेषगरी 'भू-उपग्रह नीति, २०७७' को उपलब्धि, सीमितता र सिकाइहरूको सङ्क्षिप्त समीक्षा समावेश गर्न, विगतका लक्ष्यहरू पूरा हुन

नसक्नुका करणहरू विश्लेषण गर्न तथा नयाँ नीतिमा राखिएका लक्ष्यहरूको कार्यान्वयनयोग्यता पुनः परीक्षण गर्न सुझावहरू दिइएको थियो। साथै अन्तर्राष्ट्रिय संस्था र सन्धिहरूको स्पष्ट परिचय समावेश गरी नीति कार्यान्वयनको अन्तर्राष्ट्रिय सन्दर्भलाई मजबुत बनाउन पनि सुझाव गरिएको थियो।

त्यसैगरी, प्रतिष्ठानले नीतिको लक्ष्य, कार्ययोजना र जोखिम व्यवस्थापन पक्षमा थप परिमार्जन आवश्यक रहेको औंल्याएको थियो। नवप्रवर्तन र स्टार्टअपलाई सहजीकरण गर्न regulatory sandbox जस्ता प्रयोगधर्मी कानुनी व्यवस्था समावेश गर्न, जोखिम व्यवस्थापनमा व्यावसायिकता सुनिश्चित गर्दै भावनात्मक वा प्रतीकात्मक अतिव्याख्याबाट बच्न तथा प्रत्येक जोखिमका व्यावहारिक समाधानहरू स्पष्ट गर्न सुझाव दिइएको थियो। साथै, जनशक्ति विकास, कार्यान्वयन समयसीमा, भू-उपग्रह स्थापनासम्बन्धी अपेक्षा तथा साना उपग्रह (pico, nano, micro satellite) को उपयोगलाई यथार्थपरक ढङ्गले समेट्नुपर्ने र विद्यमान पूर्वाधार तथा NepaliSat-1 जस्ता उपलब्ध अभ्यासलाई नीतिमा एकीकृत गर्नुपर्ने सुझाव पनि प्रस्तुत गरिएका थिए।

४.२.११ व्यक्तिगत डाटा संरक्षण नीति-२०८२ को मस्यौदामा सुधार तथा परिमार्जनका लागि सुझाव

प्रतिष्ठानले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको ई-गभर्नेन्स बोर्डद्वारा तयार गरिएको 'व्यक्तिगत डाटा संरक्षण नीति -२०८२' को मस्यौदामा सुधार तथा यसको परिमार्जनका लागि २०८२ साउन ४ गते सुझाव पेस गऱ्यो। यसका लागि प्रतिष्ठानले विषयगत विज्ञता र अनुभवका आधारमा चार सदस्यीय आन्तरिक अध्ययन टोली गठन गरेको थियो, वेबसाइट मार्फत सार्वजनिक रूपमा सुझाव आह्वान गरेको थियो भने सरोकारवाला विज्ञ, सरकारी निकायका नीतिगत तहका कर्मचारी, कानुनविद्, प्राज्ञिक व्यक्तित्व, अनुसन्धान संस्था, निजी क्षेत्र तथा पत्रकारहरूको सहभागितामा सार्वजनिक नीति संवाद कार्यक्रम पनि आयोजना गरेको थियो। यी सबै विधिहरूबाट प्राप्त लिखित तथा मौखिक सुझावहरू समेत समेटी उक्त प्रतिवेदन तयार गरिएको थियो।

प्रतिवेदनले व्यक्तिगत डाटाको परिभाषा र शीर्षकमा एकरूपता कायम गर्न, प्रचलित सम्बन्धित नीतिहरूसँग सामञ्जस्य सुनिश्चित गर्न तथा अन्तरसम्बन्धित विषयवस्तु स्पष्ट रूपमा समावेश गर्न सुझाव दिएको थियो। साथै, मस्यौदाको प्राविधिक पक्षमा थप परिमार्जन आवश्यक रहेको, संस्थागत नीतिगत व्यवस्थाहरू स्पष्ट गर्नुपर्ने र प्रस्तावित संस्थागत संरचनालाई कार्यान्वयनयोग्य र प्रभावकारी बनाउने आवश्यकता औंल्याई ती पक्षहरूमा गरिनुपर्ने खास सुधार र समेटिनुपर्ने विषयहरू प्रतिवेदनले उल्लेख गरेको थियो।


४.३ मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन प्रतिवेदनहरू

आ.व. २०८२/८३ मा जम्मा ६२ वटा अनुसन्धान परियोजनाहरूका मस्यौदा प्रतिवेदनहरू तयार भई तीमध्ये केही प्रतिवेदनहरू आन्तरिक तथा वाह्य समीक्षाको तहमा रहे भने केही प्रतिवेदनहरू प्रकाशोन्मुख

रहे। आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन परियोजनाहरूको पूर्णविवरण अनुसूची ४ मा दिइएको छ।

४.४ प्रतिष्ठानको जर्नल 'Nepal Public Policy Review' को प्रकाशन

नीति अनुसन्धान प्रतिष्ठानले प्राज्ञिक अनुसन्धान र सार्वजनिक नीति निर्माणबिचको खाडललाई जोड्ने उद्देश्यका साथ अनुसन्धानकर्ता र नीतिअभ्यासकर्ताबिच सहकार्यलाई प्रोत्साहन, पाण्डुलिपि परिमार्जन सहयोग र शोधलेखमा नीति सिफारिस र कार्यान्वयन मार्गचित्रको अनिवार्यताजस्ता सहकार्यात्मक, सहयोगात्मक र नीतिउन्मुख विशेषतासहितको प्रायोगिक नीति जर्नलको रूपमा विज्ञ-समीक्षित जर्नल (peer-reviewed journal) - नेपाल पब्लिक पोलिसी रिभ्यू (NPPR) - मा गुणस्तरीय लेखहरू प्रकाशित गर्दै आएको छ।



आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि हालसम्मको अवधिमा जर्नलको पाँचौं अङ्क (२०२५) अनलाइन माध्यमबाट प्रकाशित भएको छ। उक्त अङ्कमा ६ वटा अनुसन्धानमूलक लेख, एउटा नीतिगत टिप्पणी र सम्पादकीय गरी कुल आठ वटा लेखहरू समावेश छन्। हालसम्म जर्नलका पाँचवटा संस्करणहरू भौतिक/डिजिटल रूपमा प्रकाशित भई कुल ५९ वटा नीतिगत लेखहरू प्रकाशन भइसकेका छन्।

यस जर्नलका कार्यकारी सम्पादकको भूमिकामा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभागका विभागीय प्रमुख डा. दीपक कुमार खड्का हुनुहुन्छ भने व्यवस्थापकीय सम्पादकको जिम्मेवारी प्रतिष्ठानका विश्लेषक सुधीर श्रेष्ठले निर्वाह गर्दै आउनुभएको छ। सम्पादक मण्डलमा नेपाल सरकारका पूर्व विशिष्ट कर्मचारीहरू, राष्ट्रिय योजना आयोगका पूर्व पदाधिकारीहरू, नीति निर्माणमा अनुभवी विज्ञहरू र स्वदेशी तथा विदेशी विश्वविद्यालयका प्रतिष्ठित प्राध्यापक एवम् अनुसन्धानकर्ताहरूको संलग्नता रहिआएको छ।

यस आर्थिक वर्षमा जर्नलप्रति उल्लेखनीय प्राज्ञिक आकर्षण देखिएको छ। विभिन्न विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू तथा अनुसन्धाताहरूबाट कृषि, शिक्षा, अर्थतन्त्र, वैदेशिक सहायता, सुशासन र कानुनलगायत सार्वजनिक नीतिका विविध क्षेत्रहरू समेटिएका कुल २९ वटा पाण्डुलिपिहरू प्राप्त भएका छन्। प्राप्त पाण्डुलिपिहरूमध्ये दुई वटा पाण्डुलिपिहरू प्रकाशित भएका छन्, दुई वटा प्रारम्भिक समीक्षा तथा विज्ञ-समीक्षाबाट प्राप्त सुझावका आधारमा अस्वीकृत भएका छन् भने २५ वटा पाण्डुलिपिहरू हाल विज्ञ-समीक्षा तथा आन्तरिक मूल्याङ्कनका विभिन्न चरणमा रहेका छन्।

४.५ समझदारीपत्रमा हस्ताक्षर

- नीति अनुसन्धान प्रतिष्ठान र चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबिच अनुसन्धान सहकार्य सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर **१**

४.५.१ नीति अनुसन्धान प्रतिष्ठान र चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबिच अनुसन्धान सहकार्य सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबिच २०८२ कार्तिक २९ गते नेपालको चिकित्सा शिक्षा तथा जनस्वास्थ्य शिक्षासम्बन्धी अध्ययन, अनुसन्धान, नीति विश्लेषण र सुधारका लागि सहकार्य गर्ने उद्देश्यले एक समझदारीपत्रमा हस्ताक्षर भयो । उक्त समझदारीले चिकित्सा शिक्षाका विभिन्न पक्षमा संयुक्त अध्ययन-अनुसन्धान गर्ने, आवश्यक तथ्याङ्क तथा दस्तावेज आदान -प्रदान गर्ने, अन्तर्क्रिया, नीति संवाद तथा छलफल आयोजना गर्ने र सम्बन्धित निकायका लागि नीति सिफारिस तयार गर्ने व्यवस्था गरेको छ । सहकार्य गर्दा दुवै संस्थाले आफ्ना प्रचलित ऐन, नियम, विनियमावली र कार्यविधि पालना गर्ने, प्रत्येक अध्ययनका लागि आपसी सहमतिमा कार्य क्षेत्रगत सर्त (TOR) र विस्तृत अनुसन्धान प्रस्ताव तयार गरी कार्यक्रम सञ्चालन गर्ने र संयुक्त रूपमा तयार हुने प्रतिवेदन तथा अन्य रचनाको लेखकीय स्वामित्व अनुसन्धानकर्ताको योगदानमा आधारित हुने एवम् प्रतिलिपि अधिकार दुवै संस्थाको साझा हुने लगायत अध्ययनको खर्च व्यवस्थापन र त्यसको लेखापरीक्षणको जिम्मेवारी लगायतका विषयहरू समझदारीपत्रमा उल्लेख छन् ।

उक्त समझदारीपत्र २०८३ असार मसान्तसम्म कायम रहने र त्यसपछि आवश्यकता तथा आपसी सहमतिअनुसार पुनरावलोकन गर्न सकिने एवम् तत्कालीन प्राथमिकताअन्तर्गत स्वास्थ्य जनशक्तिको वर्तमान आवश्यकतालाई आधार मानी चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र, छात्रवृत्ति व्यवस्था, शुल्क निर्धारण र कार्यसञ्चालन प्रणालीबारे आ.व. २०८२/८३ मा विस्तृत अध्ययन गरिने उल्लेख छ ।

४.६ सार्वजनिक नीति संवाद

नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरूमा नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराउने तथा ती मुद्दाहरूमा उनीहरूको राय तथा सुझाव लिई सार्वजनिक नीतिमा सम्बन्धित सबैको स्वामित्वको भावना वृद्धि गर्ने उद्देश्यले यस आर्थिक वर्षमा अध्ययनसँग सम्बन्धित विषयहरूमा स्थलगतरूपमा सम्पन्न गरिएका समेत गरी निम्नानुसारका १७ वटा सार्वजनिक नीति संवादहरू सम्पन्न भएका छन् ।

- राष्ट्रिय हवाई नीतिको मस्यौदा, २०८३ मा पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग नीति संवाद **१७**

- चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कनसम्बन्धी अध्ययनको प्रारम्भिक नतिजामाथि छलफल तथा नीति संवाद
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास सम्बन्धमा सार्वजनिक नीति संवाद
- नेपालको सौम्य शक्तिसम्बन्धी रणनीति विषयक सार्वजनिक नीति संवाद
- सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदाउपर पृष्ठपोषण लिने प्रयोजनार्थ सार्वजनिक नीति संवाद
- स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरू विषयमा सार्वजनिक नीति संवाद
- नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति विषयक सार्वजनिक नीति संवाद
- बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको अझ सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरूसम्बन्धी सार्वजनिक नीति संवाद
- राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरूसम्बन्धी सार्वजनिक नीति संवाद
- राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनार्थ सार्वजनिक नीति संवाद
- "नेपालमा विश्वविद्यालयहरूको शासकीय प्रणाली सुधारः आवश्यकता र आगामी बाटो" विषयक सार्वजनिक नीति संवाद
- विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोगसम्बन्धी अनुसन्धान परियोजनाको परामर्श कार्यशाला
- नेपालमा परमाणु प्रविधिको प्रयोग, समस्या र अवसरसम्बन्धी सार्वजनिक नीति संवाद
- विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू विषयक सार्वजनिक नीति संवाद
- देशबाहिरबाट र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गर्ने व्यवस्था सम्बन्धमा सार्वजनिक नीति संवाद
- जनस्वास्थ्य शिक्षा तथा जनशक्तिसम्बन्धी नीति संवाद सम्पन्न
- शिक्षाशास्त्र र शिक्षक शिक्षासम्बन्धी नीति संवाद

४.६.१ राष्ट्रिय हवाई नीतिको मस्यौदा, २०८३ मा पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग नीति संवाद

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा तयार पारिएको राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) मा राय तथा सुझाव सङ्कलन गर्ने उद्देश्यले असार १६ गते सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अन्य सरकारी

निकाय, नियामक संस्था, वायुसेवा कम्पनी, विषय विज्ञ तथा नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिसहित कुल ४३ जना सहभागी रहेका थिए । कार्यक्रमको उद्देश्य राष्ट्रिय हवाई नीतिको मस्यौदालाई प्रमाणमा आधारित सुझाव मार्फत थप परिमार्जन गरी कार्यान्वयनयोग्य, समसामयिक र अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन आवश्यक नीतिगत पृष्ठपोषण प्रदान गर्नु रहेको थियो ।

कार्यक्रमको सहजीकरण सहअनुसन्धानकर्ता गोपाल आचार्यले गर्नुभएको थियो । सुरुआतमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले प्रतिष्ठानले नीति मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने विधि र प्रक्रियाबारे जानकारी गराउनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले राष्ट्रिय हवाई नीति, २०८३ को पृष्ठभूमि, नीति संरचना, कार्यान्वयन व्यवस्था, नीति विश्लेषणका आधार, अन्तर्राष्ट्रिय अभ्यास तथा पृष्ठपोषण प्रतिवेदन तयार गर्ने कार्यविधिबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले कर तथा भन्सार नीतिमा सुधार, निजी क्षेत्र र विदेशी लगानीको भूमिका, विमानस्थल तथा वायुसेवा सञ्चालनको लाभप्रदता, पूर्वाधारको प्रभावकारी उपयोग, जनशक्ति व्यवस्थापन, सुरक्षा मापदण्ड, सेवा गुणस्तर, अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटनसँग उड्डयन क्षेत्रको समन्वय, द्विपक्षीय हवाई सम्झौतामा पारस्परिकता तथा आधुनिक प्रविधिको प्रयोगलाई नीतिमा थप स्पष्ट र कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभएको थियो । साथै, अन्तरनीति तथा अन्तरमन्त्रालय समन्वय सुदृढ गर्दै नीतिलाई व्यावहारिक, प्रतिस्पर्धी र दीर्घकालीन रूपमा प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधिहरूले नीति संवादबाट प्राप्त सुझावहरू तथा नीति अनुसन्धान प्रतिष्ठानले तयार गर्ने पृष्ठपोषण प्रतिवेदनका आधारमा राष्ट्रिय हवाई नीति, २०८३ लाई अन्तिम रूप दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै, प्रतिष्ठानले प्रमाणमा आधारित नीति निर्माणलाई थप सुदृढ बनाउन पृष्ठभूमिपत्र तथा विस्तृत पृष्ठपोषण प्रतिवेदन तयार गरी मन्त्रालयलाई उपलब्ध गराउने जानकारी दिएको थियो ।

४.६.२ चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कनसम्बन्धी अध्ययनको प्रारम्भिक नतिजामाथि छलफल तथा नीति संवाद

प्रतिष्ठानद्वारा सञ्चालित "चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कन" अध्ययनअन्तर्गत प्रारम्भिक नतिजा प्रसार तथा नीति संवाद कार्यक्रम असार १० गते सम्पन्न भयो । कार्यक्रममा स्वास्थ्य, चिकित्सा शिक्षा, नीति निर्माण तथा सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला निकायका प्रतिनिधि, अध्ययन टोली तथा प्रतिष्ठानका प्रतिनिधिसहित कुल ५२ जना सहभागी थिए । कार्यक्रमको उद्देश्य चिकित्सा शिक्षा आयोगको छात्रवृत्ति कार्यक्रमले नेपालको स्वास्थ्य जनशक्ति विकास, दुर्गम क्षेत्रमा चिकित्सकको उपलब्धता तथा स्वास्थ्य सेवा पहुँचमा पारेको प्रभावको मूल्याङ्कन

गर्दै यसको दीर्घकालीन दिगोपनाका लागि आवश्यक नीतिगत सुधारका आधारहरूबारे छलफल गर्नु रहेको थियो ।

प्रतिष्ठानका विश्लेषक प्राञ्जल रिजाल र प्रशिक्षार्थी कुसुम ढुङ्गानाले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्दै अध्ययनको सान्दर्भिकता र नीतिगत महत्त्वबारे प्रकाश पार्नुभएको थियो । अनुसन्धान टोलीका अशोक पाण्डे र डा. देजिना थापाले अध्ययनको पृष्ठभूमि, उद्देश्य, अनुसन्धान विधि, प्रमुख निष्कर्ष तथा प्रारम्भिक नीतिगत सिफारिसहरू प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिमा छात्रवृत्ति कार्यक्रमले स्वास्थ्य जनशक्ति उत्पादन, स्वास्थ्य सेवाको पहुँच विस्तार तथा दुर्गम क्षेत्रमा चिकित्सकको उपलब्धतामा पुऱ्याएको योगदानका साथै कार्यान्वयनका चुनौतीहरू र सुधारका सम्भावित उपायहरूबारे विस्तृत चर्चा गरिएको थियो ।

प्रस्तुतीकरणपछिको छलफलमा सहभागीहरूले छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवा बन्धनको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको समतामूलक वितरण, गुणस्तरीय चिकित्सा शिक्षा तथा कार्यक्रमको दिगोपनाका लागि आवश्यक कानुनी, नीतिगत र संस्थागत सुधारका विषयमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गर्नुभएको थियो । साथै, स्वास्थ्य प्रणालीको आवश्यकता र मानव स्रोत योजनाबिच प्रभावकारी समन्वय कायम गर्नुपर्ने तथा प्रमाणमा आधारित नीति निर्माणलाई थप सुदृढ बनाउनुपर्नेमा विशेष जोड दिइएको थियो ।

कार्यक्रममा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीले कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा भावी नीतिगत सुधारका सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले धन्यवाद ज्ञापन गर्दै सहभागीहरूबाट प्राप्त सुझावहरू अध्ययनको अन्तिम प्रतिवेदन र नीतिगत सिफारिसहरूलाई थप परिष्कृत, व्यावहारिक र प्रभावकारी बनाउन समावेश गरिने बताउनुभयो ।

४.६.३ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास सम्बन्धमा सार्वजनिक नीति संवाद

सामाजिक सुरक्षा प्रणालीको एकीकरण सम्बन्धमा भइरहेको अध्ययनको प्रारम्भिक मस्यौदा प्रतिवेदनका निष्कर्ष तथा सिफारिसहरूको प्रमाणीकरणका लागि "एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास" शीर्षकमा जेठ ८ गते एक सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूका प्रतिनिधि, सामाजिक सुरक्षा तथा वित्तीय कोषका प्रतिनिधि, विकास साझेदार संस्था, विषय विज्ञ तथा अन्य सरोकारवालासहित ३७ जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य नेपालमा विद्यमान छरपस्ट सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत संरचनामा रूपान्तरण गर्दै सामाजिक न्याय, वित्तीय दिगोपन र सेवा प्रभावकारिता अभिवृद्धि गर्ने नीतिगत आधार तयारीका लागि सुझाव प्राप्त गर्नु रहेको थियो ।

कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिँदै कार्यक्रमको औचित्य र सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता तथा

अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको विकासक्रम, विद्यमान संरचनागत समस्या, दोहोरोपन, असमानता, प्रशासनिक जटिलता तथा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको आवश्यकता र सम्भावित मार्गचित्रबारे विस्तृत व्याख्या गर्नुभएको थियो ।

छलफलमा सहभागीहरूले सामाजिक सुरक्षा प्रणालीको एकीकरणलाई केवल प्रशासनिक सुधार नभई सामाजिक न्याय, समावेशी विकास र राज्यको लोककल्याणकारी भूमिकासँग प्रत्यक्ष रूपमा जोडिएको संरचनात्मक सुधारका रूपमा लिनुपर्नेमा जोड दिएका थिए । साथै, विभिन्न मन्त्रालय तथा निकाय मार्फत सञ्चालन भइरहेका ८७ भन्दा बढी सामाजिक सुरक्षा कार्यक्रमहरूबिच समन्वयको अभाव, स्रोतको दोहोरो उपयोग, पारदर्शिताको कमी तथा सेवा वितरणमा असमानताजस्ता समस्या रहेको उल्लेख गर्दै एकीकृत प्रणालीको आवश्यकता औँल्याइएको थियो । यद्यपि, एकीकरणका लागि नीतिगत स्पष्टता, प्राविधिक तयारी, संस्थागत क्षमता र कार्यान्वयनयोग्य संरचनामा विशेष ध्यान दिनुपर्नेमा सहभागीहरूको साझा धारणा रहेको थियो ।

कार्यक्रमको अन्त्यमा कार्यक्रम सञ्चालनकर्ता तथा अनुसन्धानकर्ता डा. गिरीराज शर्माले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै एवम् प्राप्त सुझावहरू आगामी अध्ययन तथा नीतिगत सिफारिसहरूमा समावेश गरिने उल्लेख गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

४.६.४ नेपालको सौम्य शक्तिसम्बन्धी रणनीति विषयक सार्वजनिक नीति संवाद

नेपालको सौम्य शक्ति (soft power) का स्रोतहरूको पहिचान, प्रवर्धन र उपयोगसम्बन्धी बहुआयामिक नीति संवाद वैशाख ३१ गते सम्पन्न भयो । ब्रान्ड फाइनान्सद्वारा निर्धारण गरिएका आठ आधार स्तम्भलाई ध्यानमा राखी आयोजित उक्त कार्यक्रममा सरकारका सरोकारवाला मन्त्रालय, प्राज्ञ, विषय विज्ञ तथा प्रतिष्ठानका प्रतिनिधिहरूसहित ४९ जना सहभागी रहेका थिए । कार्यक्रमको मुख्य उद्देश्य नेपालको अन्तर्राष्ट्रिय छवि, कूटनीतिक प्रभाव, सामाजिक-आर्थिक विकास तथा विश्वस्तरमा प्रतिस्पर्धी राष्ट्र ब्रान्ड निर्माणका सम्भावनाबारे विमर्श गर्नु रहेको थियो ।

कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य राख्दै नीति अनुसन्धानको भूमिका र महत्त्वबारे प्रकाश पार्नुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले व्यवसाय तथा व्यापार, सुशासन, अन्तर्राष्ट्रिय सम्बन्ध, संस्कृति तथा सम्पदा, मिडिया तथा सञ्चार, शिक्षा तथा विज्ञान-प्रविधि, मानव तथा मूल्यमान्यता र दिगो भविष्य गरी आठ आधार स्तम्भको सन्दर्भमा नेपालको सम्भावनाबारे प्रस्तुति दिनुभएको थियो ।

छलफलमा सहभागीहरूले नेपालको सौम्य शक्ति रणनीतिलाई केवल सांस्कृतिक सम्पदासम्म सीमित नराखी सुशासन, नवप्रवर्तन, शिक्षा, पर्यटन, व्यवसाय तथा कूटनीतिक प्रभावसँग जोडेर अघि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए । साथै, सबै सरोकारवालाबिच समन्वित प्रयास मार्फत नेपाललाई विश्व

समुदायमा सकारात्मक, विश्वसनीय र प्रभावशाली राष्ट्रका रूपमा स्थापित गर्न सकिनेमा जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा कार्यालय प्रबन्धक भट्टराईले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरू नेपालको सौम्य शक्ति रणनीति निर्माण र नीतिगत बहसमा उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

४.६.५ सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदाउपर पृष्ठपोषण लिने प्रयोजनार्थ सार्वजनिक नीति संवाद

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रस्तावित सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदामा सुधारका लागि पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले वैशाख २२ गते सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न भयो । सार्वजनिक सेवाका विज्ञ, नेपाल सरकारका पूर्वसचिवहरू, कानुनी विशेषज्ञ तथा राजनीतिक दलका प्रतिनिधिसहित विभिन्न २९ जना सरोकारवालाहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा विधेयकको प्रणालीगत सुधार, सङ्घीय प्रशासन सुदृढीकरण तथा सेवाप्रवाहको प्रभावकारिता विषयमा छलफल गरिएको थियो ।

कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले विधेयकका मुख्य प्रावधानहरू, नीतिगत आधार र सुधार आवश्यकतामाथि विस्तृत प्रस्तुति दिनुभएको थियो । छलफलबाट निजामती सेवामा योग्यतामा आधारित प्रणाली, राजनीतिक हस्तक्षेप न्यूनीकरण, प्रशासनिक सङ्घीयता सुदृढीकरण, लचिलो मानव संसाधन व्यवस्थापन, ल्याटरल इन्ट्रीको व्यवस्थापन, उमेर हद पुनरावलोकन, कार्यसम्पादन सूचकमा आधारित उत्तरदायित्व तथा एकीकृत निजामती ऐनको आवश्यकताजस्ता विषयमा महत्त्वपूर्ण सुझावहरू आएका थिए ।

४.६.६ स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरू विषयमा सार्वजनिक नीति संवाद

प्रतिष्ठानले "स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरू" विषयमा फागुन १५ गते सार्वजनिक नीति संवाद आयोजना गऱ्यो । स्वास्थ्य बीमा कार्यक्रमको वर्तमान अवस्था, कार्यान्वयनका चुनौतीहरू तथा सुधारका सम्भावित उपायहरूबारे बहुपक्षीय दृष्टिकोणबाट छलफल गरी अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सुझाव सङ्कलन गर्ने उद्देश्यले सम्पन्न उक्त कार्यक्रममा स्वास्थ्य बीमा बोर्ड, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालय, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक निकायहरू, सरकारी, सामुदायिक तथा निजी अस्पतालका प्रतिनिधिहरू, विषय विज्ञहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्मीसहित ४९ जनाको सहभागिता थियो ।

कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले "स्वास्थ्य बीमा कार्यक्रमलाई दह्रोसँग उभिन किन र कसरी दिनुपर्छ ?" शीर्षकमा पृष्ठभूमि प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतिपछि भएको छलफलमा स्वास्थ्य बीमा कार्यक्रमका नीतिगत, संस्थागत तथा व्यवस्थापकीय पक्षहरूमाथि विमर्श गरिएको थियो । छलफलका क्रममा औपचारिक क्षेत्रका कर्मचारीहरूको स्वास्थ्य बीमामा अनिवार्य सहभागितासम्बन्धी कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको, बीमितहरूको सहभागिता अपेक्षाकृत न्यून रहेको, प्रतिकूल छनोट तथा नैतिक जोखिमका समस्या विद्यमान रहेको र सामाजिक स्वास्थ्य सुरक्षाको अवधारणालाई व्यापारिक दृष्टिकोणबाट हेर्ने प्रवृत्तिले कार्यक्रमको उद्देश्यमा असर पुऱ्याएको विषयहरू उठाइएका थिए ।

सहभागीहरूले स्वास्थ्य सेवा प्रदायकहरूले भुक्तानी बक्यौताको कारण भोग्नुपरेका समस्या, सेवाग्राहीले सामना गरिरहेका सेवा पहुँच र गुणस्तरसँग सम्बन्धित चुनौतीहरू तथा कार्यक्रमको वित्तीय दिगोपनासम्बन्धी चिन्ताहरू पनि औंल्याएका थिए । यसका साथै, मौजुदा कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको एकीकरण, स्वास्थ्य बीमा बोर्डको संस्थागत सबलीकरण, बीमा योजनाको विविधीकरण तथा सम्पूर्ण व्यवस्थापन प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाउने विषयमा पनि महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका थिए ।

४.६.७ नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति विषयक सार्वजनिक नीति संवाद

प्रतिष्ठानले फागुन, १२ गते "नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति" विषयमा सार्वजनिक नीति संवाद आयोजना गऱ्यो । उक्त कार्यक्रमको उद्देश्य प्रतिष्ठानले सञ्चालन गर्दै आएको अध्ययन अन्तर्गत नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता र वास्तविक लगानी प्रवाहबिच देखिएको अन्तरका कारण पहिचान गर्नु र नीति सुधारका लागि आधार तयार गर्नु रहेको थियो ।

कार्यक्रममा लगानी बोर्ड नेपाल, अर्थ मन्त्रालय, उद्योग विभाग, नेपाल धितोपत्र बोर्ड, परराष्ट्र मन्त्रालय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, पर्यटन तथा कानुनी क्षेत्र र अन्तर्राष्ट्रिय शैक्षिक संस्थाका प्रतिनिधिहरूसहित ३१ जनाको सहभागिता थियो ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालले अध्ययनको प्रारम्भिक निष्कर्ष प्रस्तुत गर्दै प्रतिबद्धता र कार्यान्वयनबिचको संरचनात्मक, नियामकीय, वित्तीय तथा समन्वयसम्बन्धी अन्तरबारे प्रकाश पार्नुभएको थियो । साथै, नेपाल सरकारका पूर्वसचिव तथा पूर्वराजदूत चन्द्रकुमार घिमिरेले आर्थिक कूटनीति, नीतिगत स्थायित्व, लगानी सहजीकरण, ब्रान्ड नेपाल र ब्राउनफिल्ड परियोजनाको प्रवर्धनजस्ता विषयमा विस्तृत प्रस्तुति दिनुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले लगानी प्रक्रियागत जटिलता, नियामकीय अस्थिरता, वित्तीय पहुँच, परियोजना स्वीकृतिको ढिलाइ तथा समन्वय अभावजस्ता समस्या औंल्याउँदै सुधारका सुझाव प्रस्तुत गरेका

थिए। बैंकिङ क्षेत्रले स्वीकृत परियोजनाहरू कार्यान्वयनमा नजाने समस्या उठाएको थियो भने कानुनी तथा नीतिगत विज्ञहरूले नीतिगत स्थायित्व र कार्यान्वयनयोग्य सम्झौताको आवश्यकता औँल्याएका थिए।

त्यसैगरी, फरक सरोकारवालाहरूको राय लिने उद्देश्यले फागुन १४ गते पनि आयोजित कार्यक्रममा निजी क्षेत्रका व्यावसायिक संस्था, उद्योग तथा वाणिज्य सङ्गठन, लगानी प्रवर्धनसँग सम्बन्धित निकाय, बहुपक्षीय संस्थाका पूर्व अन्तर्राष्ट्रिय पेसाकर्मी, अनुसन्धान संस्थाका प्रतिनिधिसहित गरी ३९ जनाको सहभागिता रहेको थियो।

छलफलका सहभागीहरूले वैदेशिक लगानी स्वीकृतिपश्चात् कार्यान्वयन चरणमा देखा पर्ने व्यावहारिक समस्याहरूलाई विशेष रूपमा उठाएका थिए। विशेषगरी अनलाइन व्यवसाय दर्ता प्रणालीको सीमित प्रभावकारिता, श्रमसम्बन्धी जटिलता, विदेशी लगानीकर्ता तथा प्राविधिक जनशक्तिको भिसा प्रक्रियामा हुने ढिलाइ, नियामकीय अस्पष्टता तथा पारदर्शिताको अभावलाई प्रमुख अवरोधका रूपमा उल्लेख गरिएको थियो। एकद्वार सेवा केन्द्रको व्यवस्था भए तापनि व्यवहारमा लगानीकर्ताले विभिन्न निकाय धाउनुपर्ने अवस्था कायम रहेको, नाफा तथा लगानी प्रतिफल फिर्ता प्रक्रियामा जटिलता रहेको, दोहोरो करसम्बन्धी व्यवस्था स्पष्ट नभएको तथा केही क्षेत्रमा बजार विकृति र कार्टेल अभ्यासको प्रभाव देखिएको विषयमा पनि सहभागीहरूले चिन्ता व्यक्त गरेका थिए।

४.६.८ बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको अझ सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरूसम्बन्धी सार्वजनिक नीति संवाद

बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको थप सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरू सम्बन्धमा फागुन ५ गते एक सार्वजनिक नीति संवाद सम्पन्न भयो। प्रतिष्ठानले सञ्चालन गरिरहेको अनुसन्धान परियोजनाका लागि गुणात्मक तथ्याङ्क तथा सरोकारवालाहरूको पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा बहुपक्षीय संस्थाहरूमा कार्यानुभव हासिल गरेका नेपाली अन्तर्राष्ट्रिय पेसाकर्मीहरू गरी ३७ जनाको सहभागिता रहेको थियो।

प्रतिष्ठानका अनुसन्धानकर्ता डा. हरि प्रकाश चन्दले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले आफ्ना भनाइ राख्नुभएको थियो भने बहुपक्षीय संस्थाका पूर्वअन्तर्राष्ट्रिय पेसाकर्मीहरूको संस्थाका महासचिव सम्झना श्रेष्ठले अन्तर्राष्ट्रिय अनुभव र विज्ञताको उपयोगका दृष्टिले संवादको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले प्रारम्भिक प्रस्तुतीकरण मार्फत बहुपक्षीयता, न्यायपूर्ण र समानतामा आधारित विश्वव्यवस्था तथा नेपालको परराष्ट्र नीतिमा बहुपक्षीय कूटनीतिको भूमिकाबारे चर्चा गर्नुभएको थियो। संवादमा नेपालको बहुपक्षीय कूटनीतिको वर्तमान अवस्था, अन्तर्राष्ट्रिय संस्थाहरूमा नेतृत्वदायी तथा कार्यकारी पदमा नेपालीहरूको प्रतिनिधित्व बढाउने रणनीति, तथा नेपाल सदस्य भएका अन्तर्राष्ट्रिय मञ्चहरूमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने उपायहरूबारे गहन छलफल भएको थियो। सहभागीहरूले केवल सदस्यता वा सहभागिताले मात्र सशक्त उपस्थिति सुनिश्चित नहुने,

बरु नेतृत्वदायी भूमिकामा पुगेर तथा संस्थागत तहमा सक्रिय र प्रभावकारी योगदान मार्फत नेपालको अन्तर्राष्ट्रिय उपस्थिति बलियो बनाउन सकिने धारणा व्यक्त गरेका थिए । नेपालको संवैधानिक मूल्य-मान्यता, संयुक्त राष्ट्रसंघको वडापत्र, विश्वशान्ति, अन्तर्राष्ट्रिय कानुन, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता तथा विकास आवश्यकतालाई मध्यनजर गर्दा बहुपक्षीयता नेपालको परराष्ट्र नीतिको मेरुदण्ड रहेको विषयमा सहभागीहरू एकमत देखिएका थिए ।

साथै, अन्तर्राष्ट्रिय संस्थाहरूमा कार्यरत नेपालीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय हितसँग जोड्न सरकार सक्रिय हुनुपर्ने, त्यस्ता व्यक्तित्वहरूको अभिलेखीकरण गरी आवश्यकताअनुसार परिचालन गर्नुपर्ने तथा राष्ट्रिय प्राथमिकता र हितका विषयलाई स्पष्ट रूपमा परिभाषित गरी बहुपक्षीय मञ्चहरूबाट अधिकतम लाभ लिनुपर्ने सुझावहरू पनि प्रस्तुत गरिएका थिए ।

४.६.९ राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरूसम्बन्धी सार्वजनिक नीति संवाद

राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरू सम्बन्धमा माघ २७ गते सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न भयो । आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भइरहेको "नेपालमा साइबर अपराधको अवस्था र यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव र नियन्त्रणका उपायहरू" शीर्षकको अनुसन्धान परियोजनाको सन्दर्भमा नेपालमा साइबर अपराधको वर्तमान अवस्था, यसले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव तथा सम्भावित जोखिमहरू, र यसको नियन्त्रणका लागि आवश्यक नीति तथा संस्थागत उपायहरूबारे सरोकारवालाहरूको राय सङ्कलन गर्ने उद्देश्यले उक्त संवाद आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरू, गृह मन्त्रालय तथा सञ्चार र सूचना प्रविधि मन्त्रालयका प्रतिनिधिहरू, ई-गभर्नेन्स तथा साइबर सुरक्षा क्षेत्रका विज्ञहरू, शैक्षिक तथा अनुसन्धान संस्थाका प्रतिनिधिहरू गरी कुल ३६ जना सहभागी थिए ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको सो कार्यक्रममा प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले साइबर अपराधको बदलिँदो स्वरूप, राष्ट्रिय सुरक्षासँग यसको बढ्दो अन्तरसम्बन्ध तथा नीतिगत चुनौतीहरूबारे प्रकाश पार्नुभएको थियो ।

छलफलमा साइबर अपराधको स्वरूप तीव्र रूपमा जटिल बन्दै गएको, विद्यमान कानुनी तथा संस्थागत संरचना अपर्याप्त रहेको, अन्तर्राष्ट्रिय समन्वय कमजोर रहेको तथा प्रविधिगत विकाससँगै नयाँ-नयाँ सुरक्षा चुनौतीहरू थपिँदै गएको धारणा आएका थिए । साथै, पछिल्लो समयमा साइबर सुरक्षा केवल प्राविधिक विषयमात्र नभई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्ग बनिसकेको बताउँदै सूचना प्रविधि तथा दक्ष जनशक्ति विकासमा राज्यले लगानी बढाउनुपर्ने, नियमित साइबर अडिट गर्नुपर्ने, डेटा केन्द्रहरूको सुरक्षाका लागि

कडा प्रोटोकल निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने तथा देशका चार सुरक्षा निकायहरूबिच समन्वयका लागि "एकीकृत साइबर सुरक्षा सेल" स्थापना गर्नुपर्ने सुझावहरू समेत प्रस्तुत गरिएको थियो।

४.६.१० राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनार्थ सार्वजनिक नीति संवाद

प्रतिष्ठानले माघ २२ गते "राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनः नेपालको परिवर्तनशील सामाजिक-आर्थिक परिवेशमा नीतिगत मार्गनिर्देश" शीर्षकको अनुसन्धान अध्ययनको सन्दर्भमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा सञ्चालित आर्थिक वर्ष २०८२/८३ को माइलस्टोन अनुसन्धान परियोजनाअन्तर्गत सार्वजनिक नीति संवाद आयोजना गऱ्यो। सरोकारवालाहरूलाई एकै थलोमा ल्याई उक्त नीतिको पृष्ठभूमि, विकासक्रम, उपलब्धि तथा सीमाहरूको मूल्याङ्कन गर्नुका साथै सङ्घीय पुनर्संरचना, द्रुत सहरीकरण, आन्तरिक बसाईँसराइ र आवास अधिकारका सन्दर्भमा भावी नीतिगत दिशाको पहिचान तथा प्रतिक्रिया सङ्कलन गर्नु उक्त कार्यक्रमको उद्देश्य थियो।

कार्यक्रममा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारी निकाय, सहरी विकास, भूमि व्यवस्थापन तथा योजना सम्बन्धी निकाय, वित्तीय तथा नियामक संस्था, निजी क्षेत्र, भाडादार तथा आवास संघ, नागरिक समाज, गैरसरकारी संस्था, शैक्षिक निकाय, सहरी योजना तथा आवास विज्ञहरू गरी ४६ जना सहभागी रहेका थिए।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत मन्तव्य दिनुभएको थियो, र त्यसपछि अनुसन्धानकर्ता डा. प्रदीप पन्थीले राष्ट्रिय आवास नीति, २०६८ का मुख्य विशेषताहरू प्रस्तुत गर्दै द्रुत सहरीकरण, बसाईँसराइ, रेमिट्यान्स-आधारित अर्थतन्त्र, आवास वित्त, भूकम्पपछिको पुनर्निर्माण तथा सङ्घीय संरचनामा संस्थागत समन्वयका चुनौतीहरूबीच नीतिको सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो।

छलफलमा सङ्घीय संरचनामा संस्थागत समन्वय, भूमि व्यवस्थापन तथा भू-उपयोग योजना, आवास वित्त प्रणाली, भूकम्पपछिको पुनर्निर्माण, द्रुत सहरीकरण, आवास अधिकार, किफायती तथा सुरक्षित आवास, विपद् जोखिम व्यवस्थापन र भाडा आवासको बढ्दो महत्त्वजस्ता विषयहरूमा सरोकारवालाहरूले आ-आफ्ना धारणा व्यक्त गर्दै नीति कार्यान्वयनमा देखिएका कमजोरी, समन्वय अभाव, नियामक ढिलाइ तथा वित्तीय सीमितताहरू उजागर गरेका थिए।

समग्रमा, उक्त कार्यक्रमले नीतिको पुनरावलोकनका लागि प्रभावकारी बहुसरोकारवाला मञ्चको रूपमा कार्य गर्दै सङ्घीय संरचनामा संस्थागत समन्वय सुदृढ गर्नुपर्ने, भूमि व्यवस्थापन सुधार गर्नुपर्ने, आवास वित्त प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने तथा भू-उपयोग र सहरी विकासलाई एकीकृत गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आवासलाई सामाजिक वस्तुको रूपमा हेरी किफायती, सुरक्षित, पहुँचयोग्य र दिगो आवास प्रणाली विकास गर्न नीतिगत पुनरावलोकन र प्रभावकारी कार्यान्वयन संयन्त्र अपरिहार्य रहेको निष्कर्ष निकालेको थियो।

४.६.११ नेपालमा विश्वविद्यालयहरूको शासकीय प्रणाली सुधारः आवश्यकता र आगामी बाटो विषयक सार्वजनिक नीति संवाद

नेपालका विश्वविद्यालयहरूमा देखिँदै आएका संरचनागत समस्या, राजनीतिक हस्तक्षेप, स्रोत अभाव तथा कमजोर अनुसन्धान संस्कृतिका सन्दर्भमा शासकीय सुधारका नीतिगत विकल्प पहिचान गर्ने उद्देश्यले माघ ४ गते "नेपालमा विश्वविद्यालय शासकीय प्रणालीको सुधारः आवश्यकता र आगामी बाटो" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना सम्पन्न भयो ।

कार्यक्रममा उच्च शिक्षासम्बन्धी नीति निर्माणमा संलग्न निकाय, विश्वविद्यालयका पूर्व तथा वर्तमान नेतृत्व तह, शिक्षाविद्, राजनीतिक दलका प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोगका अधिकारी तथा अनुसन्धान क्षेत्रका विज्ञहरू गरी ३४ जनाको सहभागिता थियो ।

प्रतिष्ठानका सहअनुसन्धानकर्ता गोपाल आचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत मन्तव्य दिँदै विश्वविद्यालय शासकीय सुधारलाई उच्च शिक्षाको गुणस्तर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको विषयका रूपमा प्रस्तुत गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले नेपालको विश्वविद्यालय शासन संरचना, नीतिगत दस्तावेजहरू तथा विभिन्न आयोगका प्रतिवेदनहरूको तुलनात्मक विश्लेषण प्रस्तुत गर्दै शासकीय सुधारका आवश्यक दिशाहरूबारे प्रस्तुतीकरण दिनुभएको थियो ।

छलफलमा विश्वविद्यालय शासन प्रणालीमा देखिएका संरचनागत कमजोरी, निर्णय प्रक्रियामा पारदर्शिताको कमी, नेतृत्व चयनमा राजनीतिक प्रभाव, अनुसन्धानमा न्यून प्राथमिकता तथा दलीयकरणको प्रभाव प्रमुख रूपमा उठान भएका थिए । सहभागीहरूबाट विश्वविद्यालयलाई ज्ञान उत्पादन र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्न शासकीय संरचनामा समयानुकूल सुधार अपरिहार्य रहेको धारणाहरू आएका थिए । विशेषगरी, योग्यता र प्रतिस्पर्धामा आधारित नेतृत्व चयन, संस्थागत स्वायत्तता र शैक्षिक स्वतन्त्रताको सुनिश्चितता, पारदर्शी र उत्तरदायी शासन प्रणाली, तथा सरकार-विश्वविद्यालयबिच सन्तुलित सहकार्य प्रवर्धन गर्नुपर्नेमा व्यापक सहमति देखिएको थियो ।

४.६.१२ विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोगसम्बन्धी नीति संवाद

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुरोध भए बमोजिम नेपाल सरकारको माइलस्टोनमा समावेश हुने गरी नीति अनुसन्धान प्रतिष्ठानबाट "विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोग" सम्बन्धमा अनुसन्धान कार्य सञ्चालन भइरहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले अध्ययनको प्रारम्भिक चरणमा मुख्य सरोकारवाला, विषय विज्ञ तथा जानकार व्यक्तित्वहरूबाट पृष्ठपोषण लिने अभिप्रायले पुस २४ गते नीति अनुसन्धान प्रतिष्ठानको सभा हलमा एक संवाद आयोजना गऱ्यो । उक्त कार्यशालामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंक, तालिम प्रदायक

निकायहरू, श्रम आप्रवासनसम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू लगायत यस विषयमा विभिन्न तह र रूपमा अध्ययनमा संलग्नहरू गरी जम्मा २५ जना विज्ञहरूको सहभागिता रहेको थियो ।

कार्यशालामा "विदेशबाट फर्किएका व्यक्ति" को परिभाषाभित्र श्रम स्वीकृत लिएर विदेश गई फर्किएकाहरूलाई मात्र समावेश गर्दा अधुरो हुने र नीतिगत तहमा अध्ययन गर्दा bilateral migration (विद्यार्थी, श्रमिक) का साथै unilateral migration (गन्तव्य राष्ट्रको स्थायी बसोबास अधिकार लिएर) अन्तर्गत विदेश गएका व्यक्तिहरूको सिप, पुँजी र ज्ञानको उपयोगसम्बन्धी विषय पनि महत्त्वपूर्ण हुने सबै सहभागीहरूको धारणा रहेको थियो । छलफलका क्रममा सहभागीहरूले आप्रवासनसम्बन्धी केही तथ्याङ्कहरू उपलब्ध भए तापनि फर्किएका व्यक्तिहरूको एकीन विवरण नभएको र यस कार्यमा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार बमोजिम migration profile बनाएर विदेशबाट फर्किएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहलाई जिम्मेवार बनाइनुपर्ने तर्क प्रस्तुत गर्नुभएको थियो ।

सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता आदिका साथै वास्तविक आवश्यकता भएका व्यक्ति पहिचान गरी सिपमूलक तालिम प्रदान गर्ने; तालिमपश्चात् व्यवसायमा संलग्न हुन उपयुक्त वातावरण प्रदान गर्ने; विदेशबाट सिकेको सिपको परीक्षण र प्रमाणिकरण गर्ने तथा सोही सिपअनुसारको क्षेत्रमा पुनःएकीकरण गर्ने; निजी क्षेत्रसँगको सहकार्य र उनीहरूको परिचालन गर्ने जस्ता कार्यहरूमा ध्यान दिनुपर्ने सरोकारवालाहरूको राय रहेको थियो । करिब दुई तिहाई घरपरिवार आप्रवासनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको परिप्रेक्ष्यमा सबै ७ सय ५३ पालिकाहरूमा पुनःएकीकरण तथा ज्ञान, सिप र पुँजीको उपयोग सम्बन्धमा कार्यक्रम विस्तार गरिनुपर्ने; विभिन्न विधागत नीतिहरूले समेत यस पक्षलाई आत्मसात् गर्नुपर्ने; सङ्घीय तथा स्थानीय तहमा निर्माण हुने नीतिहरू तथा विभिन्न संघसंस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूमा दोहोरोपन नहुने गरी एउटै छाताभित्र समेटिनुपर्ने जस्ता नीतिगत सुझावहरू पनि प्राप्त भएका थिए ।

कार्यशालाका सहभागीहरूले सुखद अनुभवसहित विदेशबाट फर्किएकाहरूबाट समाज तथा परिवारले गर्ने अपेक्षा तथा दुःखद अनुभव बोकेर आउनेहरूलाई गरिने विभेद दुवै पक्षलाई केलाउँदै आर्थिक, सामाजिक र मानसिक रूपमा एकीकरण सुनिश्चित गर्ने र उनीहरूको ज्ञान, सिप र पुँजीको उपयोग गर्ने व्यावहारिक र नीतिगत सिफारिसहरू प्रस्तुत हुने अपेक्षा राखेका थिए ।

४.६.१३ नेपालमा परमाणु प्रविधिको प्रयोग, समस्या र अवसरसम्बन्धी सार्वजनिक नीति संवाद

"राष्ट्रिय परमाणु नीति, २०६४" को समीक्षात्मक अध्ययनको सन्दर्भमा सरोकारवाला तथा विज्ञहरूसँग राय-सुझाव लिने तथा अध्ययनको प्रारम्भिक मस्यौदाउपर पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले प्रतिष्ठानको सभा हलमा मङ्सिर ११ गते "नेपालमा परमाणु प्रविधिको प्रयोगः समस्या, अवसर र नीति" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम सम्पन्न भयो ।

उक्त संवादमा पररा्ष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, खानी तथा भूगर्भ विभाग र अन्य सरकारी निकायका प्रतिनिधिहरू, पररा्ष्ट्र मामिला अध्ययन प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाली सेना, त्रिभुवन विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि

प्रज्ञा प्रतिष्ठान, वीर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, नेपाल सेन्टर अफ न्यूक्लियर मेडिसिन, प्रहरी र सशस्त्र प्रहरी बलका प्रतिनिधिहरू, अन्य अनुसन्धान र शिक्षण संस्थाका प्रतिनिधिहरू, विषय विज्ञ तथा प्रतिष्ठानका अनुसन्धाताहरू गरी ३९ जनाको सहभागिता रहेको थियो ।

अध्ययनको प्रारम्भिक मस्यौदाबारे प्रस्तुतीकरण दिँदै आणविक विज्ञानको पृष्ठभूमि, आणविक नीति, अनुसन्धान र विकासका लागि संलग्न अन्तर्राष्ट्रिय संस्थाहरू, परमाणु प्रविधिको उपयोगका क्षेत्रहरूबारे प्रकाश पारेको थियो । यसका साथै, प्रस्तुतीकरणमा सुरक्षा, ऊर्जा, स्वास्थ्य, कृषि तथा वातावरण लगायत आणविक प्रविधिका आयामहरूसहित छिमेकी राष्ट्रहरूमा आणविक प्रविधिको अवस्थाको विषय पनि उजागर गरिएको थियो । प्रस्तुतीकरणले नेपालको राष्ट्रिय परमाणु नीतिसँग सम्बन्धित नीति, ऐन, नियमावली र निर्देशिकासहितका नीतिगत प्रावधानहरू विस्तृत रूपमा समेटेको थियो ।

आफ्ना राय, सुझाव प्रस्तुत गर्ने क्रममा स्वास्थ्य क्षेत्रका प्रतिनिधिहरूले आणविक प्रविधिको प्रयोग आधुनिक स्वास्थ्य प्रविधिमा निकै महत्त्वपूर्ण रहेको भए तापनि नेपालमा नीतिगत जटिलताले गर्दा आणविक प्रविधिको निर्यात र प्रयोगमा समस्या रहेको विषय प्रस्तुत गर्नुभयो । यसका साथै आणविक प्रविधि विश्वमा निकै अघि बढेको सन्दर्भमा नेपालमा सामान्य आणविक औषधिमा प्रयोग हुने साइक्लोट्रोनसम्म पनि उत्पादन गर्न नसक्नु एक गम्भीर समस्या रहेकाले नीतिगत रूपमा यी समस्याहरूको सम्बोधन हुनु आवश्यक रहेकोमा जोड दिनुभयो ।

खानी तथा भूगर्भ, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्लगायत आणविक प्रविधिको प्रयोग गरी अनुसन्धान गर्ने निकायका प्रतिनिधिहरूले नेपालको आणविक प्रविधि प्रयोगका लागि पूर्वाधार र दक्ष मानवस्रोतको अवस्था निकै कमजोर रहेको र यसको विकास एवम् विस्तार गर्न नीतिले सहज वातावरण सिर्जना गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो ।

यसका साथै नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरूले आणविक प्रविधिको शान्तिपूर्ण प्रयोग भइरहेको अहिलेको अवस्थामा यसको महत्त्व बढेको तर यस प्रविधिको प्रयोग जोखिमयुक्त र जटिल रहेको हुनाले नीतिगत सुधार गर्दा क्षमता विकास, आणविक प्रविधिको सदुपयोग सँगसँगै प्रभावकारी अनुगमन र मूल्याङ्कनको पक्ष पनि समावेश हुनुपर्ने र यस विषयमा सम्बन्धित मन्त्रालयहरू गम्भीर रहेकोमा प्रस्ट पार्नुभयो ।

४.६.१४ विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू विषयक सार्वजनिक नीति संवाद

प्रतिष्ठानले मङ्सिर ७ गते "विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू" विषयक नीति संवाद आयोजना गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अनुरोधमा गरिएको द्रुत अध्ययनको मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण, विज्ञहरूबाट राय-सुझाव र आवश्यक तथ्याङ्क सङ्कलन गरी मस्यौदा प्रतिवेदनलाई पृष्ठपोषण गर्नु उक्त कार्यक्रमको उद्देश्य थियो ।

कार्यक्रममा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, हुलाक सेवा विभाग, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सूचना प्रविधि विज्ञ, जेन-जी युवा, सामाजिक अभियन्ता, विभिन्न सञ्चार माध्यम तथा सञ्चारकर्मी र नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिहरूसहित सरकारी निकाय, राजनीतिक पार्टी, अनुसन्धान तथा शिक्षण संस्था, मिडिया र सञ्चार, युवा तथा विशेष प्रतिनिधि र निजी/संस्थागत प्रतिनिधिहरू गरी कुल ७५ महानुभावहरूको उपस्थिति थियो ।

प्रतिष्ठानले मस्यौदा प्रतिवेदन प्रस्तुत गर्दै नेपालको आप्रवासन अवस्था, विदेशमा रहेका मतदाताको सङ्ख्या, यस किसिमको मतदानका सम्बन्धमा रहेका संवैधानिक तथा कानुनी प्रावधान, सोही सम्बन्धमा सर्वोच्च अदालतका नजिरहरू र आवश्यक कानुन संशोधनका विषयमा प्रकाश पार्दै अन्तर्राष्ट्रिय अभ्यास र हुलाक मार्फत डिजिटल पहिचानसहित मतदान, कूटनीतिक नियोगमा प्रत्यक्ष मतदान, अनलाइन (इन्टरनेट) मतदान आदिजस्ता मतदान विधिहरूको बारेमा जानकारी गराएको थियो ।

प्रस्तुतीकरणपछि सहभागीहरूले प्रशासनिक र कूटनीतिक तयारीका कठिनाइहरू तथा कूटनीतिक नियोगको मानवस्रोत र क्षमता अभावजस्ता व्यावहारिक चुनौतीहरू औँल्याउनुभयो । सबै देशमा नेपालको नियोग नरहेको र स्थानीय कानुनी जटिलताका कारण इन्टरनेट मतदान सबैभन्दा व्यावहारिक विकल्प भएको सहभागीहरूको धारणा रहेको थियो । राजनीतिक दलका प्रतिनिधिहरूले विदेशमा रहेका नेपाली नागरिक समूहलाई निर्वाचनमा समावेश गर्नु राम्रो विषय भए तापनि निर्वाचनमा समावेश गर्न प्रयोग गरिने निर्वाचन विधि र प्रणालीलाई पारदर्शी, जवाफदेही, सुरक्षित र विश्वासिलो बनाएर अघि बढ्नु उपयुक्त हुने विचार प्रस्तुत गर्नुभयो । जेन-जी र सामाजिक अभियन्ताहरूले युवा पुस्ताको आकाङ्क्षा समावेश गर्न यो व्यवस्था आवश्यक भएकोमा जोड दिनुभयो । निर्वाचन तथा सूचना प्रविधि विज्ञहरूले सफ्टवेयर, डिजिटल सुरक्षा, मतदाता पहिचान र नामावली व्यवस्थापनमा पारदर्शिता बढाउन ब्लकचेनजस्ता प्रविधि प्रयोग गर्ने लगायतका प्राविधिक सुझाव प्रस्तुत गर्नुभयो । गृह मन्त्रालयका प्रतिनिधिहरूले प्राप्त सुझावहरूलाई सारगर्भित र दिशानिर्देशमूलक रहेको र आगामी निर्वाचन सञ्चालनका लागि मन्त्रालय तयार रहेको जानकारी दिनुभयो ।

४.६.१५ देशबाहिरबाट र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गर्ने व्यवस्था सम्बन्धमा सार्वजनिक नीति संवाद

प्रतिष्ठानले कार्तिक २३ गते आफ्नो सभा हलमा "विदेशमा बस्ने नेपाली नागरिक र निर्वाचन क्षेत्रबाहिर रहेका नागरिकको मतदान अधिकार" विषयक नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा नीति अनुसन्धान प्रतिष्ठानले सञ्चालन गर्दै गरेको उक्त विषयको द्रुत अध्ययनको मस्यौदा प्रतिवेदनमा विज्ञ राय, सुझाव तथा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने र पृष्ठपोषण समेत प्राप्त गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा विभिन्न सरकारी निकाय, शैक्षिक संस्थान, नीति अध्ययन तथा अनुसन्धान गर्ने संस्थाहरू, नागरिक समाज, निजी क्षेत्र र सञ्चार माध्यमका प्रतिनिधिहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका

सहभागीहरूसहित कुल ६९ जनाको उपस्थिति थियो। उक्त कार्यक्रममा पूर्व निर्वाचन आयुक्तहरू, निर्वाचन आयोग, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, हुलाक सेवा विभाग, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल प्रहरी तथा साइबर ब्युरोका पदाधिकारीहरूका साथै त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायतका शैक्षिक संस्थानका प्राज्ञिक वर्ग, सूचना प्रविधि क्षेत्रका विज्ञहरू, गैरआवासीय नेपालीसँग आबद्ध संस्थाका प्रतिनिधिहरू, जेन-जी युवा प्रतिनिधिहरू, सामाजिक अभियानीहरू र विषय विज्ञहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधिहरूले विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान प्रक्रियामा समावेश गर्दाका व्यावहारिक पक्षका बारेमा प्रकाश पार्नुभयो। उहाँहरूले विदेशका मतदातालाई मतदानमा सहभागी गराउन सरकारले निर्वाचनसँग सम्बन्धित प्रशासनिक प्रक्रियाको तयारी सँगसँगै अन्य देशहरूसँग यस व्यवस्थाका लागि कूटनीतिक तयारी पनि आवश्यक रहेको धारणा प्रस्तुत गर्नुभयो। साथै, निर्वाचन गराउन नेपालमा रहेका कूटनीतिक नियोगको मानवस्रोत र क्षमता पनि अहिलेको अवस्थामा पर्याप्त नभएकाले त्यस विषयको पनि सम्बोधन हुनु आवश्यक रहेको जानकारी प्रस्तुत गर्नुभयो। सबै राष्ट्रहरूमा नेपालको कूटनीतिक नियोग नभएको र भएकामा पनि ती राष्ट्रहरूको आफ्ना कानुनी व्यवस्थाका जटिलताले गर्दा विभिन्न निर्वाचन प्रक्रियामध्ये आई-भोटिङ अर्थात् इन्टरनेट मार्फत भोटिङ गर्ने व्यवस्था सबैभन्दा उचित देखिएको धारणा प्रस्तुत गर्नुभयो।

वैदेशिक रोजगारमा रहेका तथा आप्रवासी नेपालीसँग सम्बन्धित संस्थाहरूका प्रतिनिधिहरूले नेपालको जनसङ्ख्याको ठुलो हिस्सा विदेशमा रहेको र निर्वाचन प्रणालीमा यसरी ठुलो सङ्ख्याको मत छुट्नु निकै गम्भीर विषय रहेको तर्क प्रस्तुत गर्नुभयो। उहाँहरूले नेपालको आगामी निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरूलाई समावेश गर्दा नेपाल सरकारलाई आवश्यक आर्थिक तथा प्राविधिक दुवै किसिमका सहयोग गर्न आप्रवासी नेपालीहरू तत्पर रहेका र आगामी निर्वाचनमा राज्य सञ्चालनको लागि अति महत्त्वपूर्ण निर्वाचन प्रक्रियामा सहभागी हुन उत्साहित रहेको धारणा प्रस्तुत गर्नुभयो।

जेन-जी प्रतिनिधिहरू र सामाजिक अभियानीहरूले पनि विभिन्न चरणका छलफलमा सहभागी भएको अनुभव र आफूहरूले गरेको अध्ययन अनुसार विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था सम्भव रहेको तर्क प्रस्तुत गर्नुभयो। अहिलेको युवा पुस्ताको आकाङ्क्षा र धारणालाई राज्य व्यवस्थामा समावेश गर्नका लागि पनि यो व्यवस्था सुनिश्चित गर्न अति आवश्यक रहेको विषयमा जोड दिनुभयो।

निर्वाचन र सूचना प्रविधि क्षेत्रका विज्ञहरूले विभिन्न निर्वाचन प्रक्रियाका प्राविधिक पक्षहरूमा आफ्नो धारणा प्रस्तुत गर्दै निर्वाचनका लागि प्रविधिको प्रयोग र त्यससँग सम्बन्धित प्राविधिक पक्षका आयामहरू जस्तैः सफ्टवेयरको प्रयोग र डिजिटल सुरक्षाका उपाय, प्रविधिको प्रयोग गरी सम्पन्न हुने निर्वाचन प्रणालीलाई विश्वासिलो र पारदर्शी बनाउन ब्लकचेन आदिको प्रयोग र मतदाताको पहिचान र मतदाता नामावलीको सङ्कलनमा प्रविधिको प्रयोग गर्ने उपायहरूबारे विस्तृत राय प्रस्तुत गर्नुभयो।

निर्वाचन आयोगका प्रतिनिधिहरूले पनि विज्ञहरूबाट प्राप्त राय सुझावले निर्वाचन आयोगलाई विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्थाका लागि निकै सारगर्भित र महत्त्वपूर्ण दिशानिर्देश भएको धारणा प्रस्तुत गर्नुभयो । यसका साथै निर्वाचन आयोग आगामी निर्वाचन गराउन तत्पर र तयार रहेको जानकारी पनि प्रस्तुत गर्नुभयो ।

४.६.१६ जनस्वास्थ्य शिक्षा तथा जनशक्तिसम्बन्धी नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठानले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा साउन २८ गते "नेपालमा जनस्वास्थ्य शिक्षा तथा जनशक्तिः वर्तमान अवस्था र भावी कार्यदिशा" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो । उक्त विषयमा प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रबाट नीति सङ्क्षेप तयार गर्न एक अध्ययन टोली गठन भई अध्ययन सुरु भएको सन्दर्भमा सम्बद्ध विषय विज्ञहरू तथा सरोकारवालाहरूको राय, सुझाव तथा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका २७ जना सहभागी तथा आमन्त्रित ३४ जना प्रतिनिधिहरूको सक्रिय सहभागितासहित कुल ६१ जना सहभागी उपस्थित थिए । कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्य सरकारी निकायका प्रतिनिधिहरू; पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठन, मदन भण्डारी स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठान लगायत अन्य प्राज्ञिक संस्थाका प्रतिनिधिहरू; नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल स्वास्थ्य संघ तथा अन्य गैरसरकारी संस्थाका प्रतिनिधिहरू; नेपालको जनस्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने जनस्वास्थ्यविद्हरू; र नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धाताहरूको सहभागिता थियो । प्रतिष्ठानको सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

उपस्थित सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष, प्रा.डा. लेखनाथ शर्माले स्वास्थ्य सेवा भनेको उपचार गर्ने सेवा मात्र हो भन्ने भाष्य स्थापित भएको र यसमा परिवर्तन हुन आवश्यक रहेको तर्क प्रस्तुत गर्नुभयो । नेपालको जनस्वास्थ्य शिक्षा र यस क्षेत्रमा आबद्ध जनशक्तिले सामना गर्नुपरेका चुनौतीहरूको समाधानका लागि सरोकारवालाहरूको राय र पर्याप्त अनुसन्धान दुवै अपरिहार्य रहेकामा उहाँले जोड दिनुभयो ।

छलफलको प्रारम्भमा अध्ययन टोलीको प्रतिनिधित्व गर्दै प्रतिष्ठानको शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्रका अनुसन्धानकर्ता अशोक पाण्डेले गर्नुभएको प्रस्तुतीकरणमा स्वास्थ्यसम्बन्धी प्रमुख सूचकहरू, स्वास्थ्य क्षेत्रमा आबद्ध जनशक्तिको अवस्था, जनस्वास्थ्यको विषय आकर्षित हुने केही कानुनहरू, चुनौतीहरू र नीति संवादका विषयवस्तुमाथि प्रकाश पारिएको थियो । यसैगरी, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्राध्यापक डा. सुदर्शन पौडेलले नेपालमा जनस्वास्थ्य

विकास, संस्थागत अवस्था, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सञ्चालित कार्यक्रमहरूको उद्देश्य र बहसका विषयवस्तुबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा जनस्वास्थ्य शिक्षाको सान्दर्भिकता तथा जनस्वास्थ्यकर्मीलाई आकर्षित गर्न र टिकाइ राख्न आवश्यक नीतिगत र प्रोत्साहनात्मक व्यवस्था बारेमा छलफल गर्दै सहभागीहरूले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

जनस्वास्थ्य शिक्षालाई व्यावहारिक र समयसापेक्ष बनाई समुदाय तथा रोजगारसँग जोड्नका लागि आवश्यक सुधारका पहलहरू; जनस्वास्थ्य जनशक्तिको उत्पादन र परिचालनको प्रभावकारिताका लागि सरकारी निकाय र शैक्षिक संस्थाहरूबिच सहकार्य र समन्वयको अपरिहार्यता, र सेवाबाट वञ्चित क्षेत्रमा जनस्वास्थ्यकर्मीलाई आकर्षित गर्न र टिकाइ राख्नका लागि गरिनुपर्ने नीतिगत र प्रोत्साहनात्मक व्यवस्था संवादमा उठान गरिएका र छलफलका मुख्य विषयवस्तुहरू थिए ।

सहभागीहहरूबाट व्यक्त मुख्य सार प्रस्तुत गर्दै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापक प्रा.डा. केदार बरालले जनस्वास्थ्य शिक्षा तथा जनशक्ति विकास र व्यवस्थापनमा रहेका चुनौतीहरूको सामाना गरेर अघि बढ्नुपर्ने र जनताको स्वास्थ्य प्रवर्धन र सुधारका लागि यस क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको भन्दै नीतिगत तहमा ध्यानाकर्षण आवश्यक रहेको टिप्पणी गर्नुभयो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्माले अध्ययनका लागि सहभागीहरूले प्रस्तुत गर्नुभएको राय सुझाव निकै सारगर्भित रहेको उल्लेख गर्दै कार्यक्रममा सहभागी भइदिनुभएकोमा धन्यवाद तथा कृतज्ञता ज्ञापन गरी कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

४.६.१७ शिक्षाशास्त्र र शिक्षक शिक्षासम्बन्धी नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल शिक्षाशास्त्री समाजको सहकार्यमा शिक्षाशास्त्र र शिक्षक शिक्षासँग सम्बन्धित सरोकारवालाहरूको सहभागितामा एक सार्वजनिक नीति संवाद कार्यक्रम साउन २७ गते सम्पन्न भयो । विद्यालय शिक्षा विधेयक तत्कालीन संसदबाट पारित हुने क्रममा रहेको सन्दर्भमा शिक्षाशास्त्र र शिक्षक शिक्षाको सम्बन्धमा नेपाल सरकारले लिनुपर्ने सुस्पस्ट नीतिगत अवधारणाबारे छलफल गरी प्राप्त निष्कर्षको आधारमा नेपाल सरकारसमक्ष नीतिगत सुझावहरू प्रस्तुत गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा प्रतिनिधि सभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्य, विभिन्न विश्वविद्यालयका प्राध्यापक, नेपाल शिक्षाशास्त्री समाजका विद्वत् वर्ग, शिक्षक संघका प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धातासहित नेपाल शिक्षाशास्त्री समाजका सहभागीहरू गरी कुल ६१ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

उपस्थित सहभागीहरूलाई स्वागत गर्दै प्रतिष्ठानका कार्यकारी अध्यक्ष, प्रा.डा. लेखनाथ शर्माले अन्तर्राष्ट्रिय सन्दर्भमा उपयुक्त मानिएका विविध संरचनागत परिवर्तनहरू नेपालमा समेत अवलम्बन गर्नु उचित हुन्छ

वा हुँदैन भन्ने एकीन गर्न सरोकारवालाहरूको राय र पर्याप्त अनुसन्धान दुवै अपरिहार्य रहेकोमा जोड दिनुभयो । प्रतिनिधि सभाका माननीय सदस्य सुमना श्रेष्ठले सभामा पेस हुने विधेयक तथा त्यसउपर हुने छलफल र संशोधनका प्रस्तावहरूबारे सरोकारवाला निकाय तथा विद्वत् वर्ग जानकार हुनुपर्ने र सोहीअनुसार उहाँहरूबाट प्राप्त सुझाव मनन गरी आवश्यक पहलकदमी गर्न समिति तत्पर रहेको उल्लेख गर्नुभयो ।

छलफलको प्रारम्भमा प्रा.डा. बासुदेव काफ्लेले शिक्षक शिक्षाको संरचनामा आवश्यक सुधारबारे प्रस्तुतीकरण गर्नुभयो । उहाँले शिक्षक शिक्षा र शिक्षक तालिम/तयारीबिचको तात्विक भिन्नता, शिक्षक शिक्षा एक विषय मात्र हो या विधा नै हो र शिक्षक शिक्षाले शिक्षा प्रणालीमा कस्तो रूपान्तरण ल्याउन सक्छ भन्ने जस्ता विषयवस्तु उठान गर्नुभएको थियो । त्यसपछि शिक्षाशास्त्र र शिक्षक शिक्षाको औचित्य र अपरिहार्यताबारे छोटो प्रस्तुतीकरण मार्फत प्रा.डा. पेशल खनालले छलफलको मुख्य विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा शिक्षाशास्त्रको सान्दर्भिकता तथा विद्यालय शिक्षामा शिक्षक प्रवेशको न्यूनतम योग्यताका बारेमा छलफल गर्दै शिक्षक शिक्षा (बी.एड/एम.एड) को सबलीकरण, विभिन्न विश्वविद्यालयका कार्यक्रमबीच समन्वय र एकरूपता र विद्यालय शिक्षा र उच्च शिक्षाका नीतिमा समावेश हुनुपर्ने विषयमा सहभागीहरूले आ-आफ्ना राय प्रदान गर्नु भएको थियो ।

सहभागीहरूबाट प्राप्त राय सुझावहरूको मुख्य सार प्रस्तुत गर्दै नेपाल शिक्षाशास्त्री समाजका अध्यक्ष प्रा.डा. तीर्थराज पराजुलीले शिक्षक शिक्षाको गुणस्तर सुनिशिचित गर्न शिक्षक आफैं पनि जवाफदेही हुनुपर्ने विषयलाई आत्मसात् गर्दै समग्र शिक्षा प्रणालीको सुधारका लागि नीतिगत पहल आवश्यक रहेको बताउनुभयो ।

४.७ नीति प्रवचन

प्रतिष्ठानले सार्वजनिक नीतिसम्बन्धी अवधारणागत तथा सैद्धान्तिक पक्षमा आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरूलाई अभ्यस्त बनाउने र सरकारी मन्त्रालय तथा अन्य निकायहरूसँग समन्वय गरी छलफल चलाउने लगायतका कार्य गर्दै आएको छ । त्यसका अतिरिक्त अनुसन्धान योजनामा परेका नीति अनुसन्धानसँग सम्बन्धित विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट विशेष प्रवचन र अभिमुखीकरणहरू पनि आयोजना गर्दै आएकामा आर्थिक वर्ष २०८२/८३ मा प्रतिष्ठानबाट निम्नानुसारका ६ वटा प्रवचन सम्पन्न गरिए ।

६

- नेपालको एआई महत्त्वाकाङ्क्षाका लागि आवश्यक आधारभूत संरचना तथा पूर्वाधार निर्माण सम्बन्धमा नीति प्रवचन
- नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार सम्बन्धमा नीतिगत प्रवचन
- नागरिक समाजसँगको सहकार्य सम्बन्धमा नीति प्रवचन

- नेपालको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा विषयक नीति प्रवचन
- ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति प्रवचन
- सार्वजनिक नीति निर्माणमा गुणात्मक अनुसन्धानको प्रयोगसम्बन्धी नीति प्रवचन

४.७.१ नेपालको एआई महत्त्वाकाङ्क्षाका लागि आवश्यक आधारभूत संरचना तथा पूर्वाधार निर्माण सम्बन्धमा नीति प्रवचन

प्रतिष्ठानले जेठ ४ गते संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलाइना विश्वविद्यालयका व्यवस्थापन विषयका प्राध्यापक प्रा.डा. नीर क्षेत्रीद्वारा "Beyond Digitalisation: From Policy to Reality - The Missing Foundations of Nepal's AI Ambitions" विषयक नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो। अनुसन्धानकर्ता र अन्य कर्मचारीहरू उपस्थित उक्त कार्यक्रममा नेपालमा डिजिटल रूपान्तरण र कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी नीतिगत तयारी, संरचनागत चुनौती तथा भविष्यका सम्भावनाबारे गहन विमर्श भएको थियो।

कार्यक्रमको सुरुआतमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य राख्नुभएको थियो। आफ्नो प्रस्तुतीकरणमा प्रा.डा. नीर क्षेत्रीले नेपालको विद्यमान डिजिटल नीति तथा एआईसम्बन्धी दृष्टिकोण विश्वव्यापी प्रविधिगत परिवर्तनको गतिसँग पूर्ण रूपमा मेल खान नसकेको उल्लेख गर्दै एआईलाई केवल सूचना प्रविधिको उपक्षेत्रका रूपमा नभई राष्ट्रिय पूर्वाधारका रूपमा बुझ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले डेटा अन्तरसञ्चालन, संस्थागत समन्वय, सुशासन, डिजिटल पूर्वाधार तथा कार्यान्वयन क्षमतामा रहेका कमजोरीहरूलाई नेपालको एआई विकासका प्रमुख अवरोधका रूपमा प्रस्तुत गर्नुभयो।

छलफलका क्रममा सहभागीहरूले एआई का कारण रोजगारी, ज्ञान उत्पादन तथा सार्वजनिक सेवामा आउन सक्ने परिवर्तन, नेपालको डिजिटल रूपान्तरणको गति, सरकारी प्राथमिकता, एआई को क्षेत्रगत प्रयोग, नीति अनुसन्धानको भूमिका तथा डिजिटल पूर्वाधारसँग सम्बन्धित विषयमा जिज्ञासा राखेका थिए। कार्यक्रममा एआई-मैत्री सार्वजनिक पूर्वाधार, राष्ट्रिय डेटा प्रणाली, नवप्रवर्तनमुखी नीतिगत ढाँचा तथा उच्च क्षमतायुक्त एआई-आधारित उद्यमहरूको विकास मार्फत नेपालले विश्वव्यापी डिजिटल अर्थतन्त्रमा प्रभावकारी सहभागिता जनाउन सक्ने विषयमा विशेष जोड दिइएको थियो।

कार्यक्रमको समापनमा सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले अतिथि वक्ताप्रति आभार व्यक्त गर्दै यस्ता नीति प्रवचनहरूले डिजिटल रूपान्तरण र एआईसम्बन्धी नीतिगत बहसलाई थप समृद्ध बनाउने विश्वास व्यक्त गर्नुभएको थियो।

४.७.२ नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार सम्बन्धमा नीतिगत प्रवचन

प्रतिष्ठानले वैशाख २५ गते "नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार" विषयमा नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो। प्रतिष्ठानका अनुसन्धानकर्ता र अन्य कर्मचारी समेत गरी १७ जनाको

उपस्थिति रहेको उक्त कार्यक्रममा नर्ड विश्वविद्यालय, नर्वेका सहप्राध्यापक तथा प्रतिष्ठानका विधागत विज्ञ डा. प्रभात खनालले प्रमुख वक्ताका रूपमा प्रवचन दिनुभएको थियो ।

प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा प्रतिष्ठानका अनुसन्धानकर्ता डा. सुवास अधिकारीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । आफ्नो प्रवचनमा डा. खनालले नेपालको कृषि, शिक्षा र अनुसन्धान क्षेत्रमा प्रणालीगत तथा संस्थागत सुधारको आवश्यकता औंल्याउँदै व्यावहारिक र सीपमा आधारित शिक्षाको प्रवर्धन, अनुसन्धान र नीतिबिचको सम्बन्ध सुदृढीकरण, योग्यतामा आधारित मानव संसाधन व्यवस्थापन तथा विश्वविद्यालय, अनुसन्धान संस्था र स्थानीय समुदायबिच सहकार्य विस्तार गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो ।

छलफलका क्रममा अनुसन्धान, विस्तार सेवा र किसानबिचको सम्बन्धलाई प्रभावकारी बनाउने उपाय, विकेन्द्रीकृत अनुसन्धान प्रणाली, टेलिएग्रिकल्चर तथा कृषि एम्बुलेन्स सेवाजस्ता नवीन अवधारणामाथि विचार आदानप्रदान गरिएको थियो । कार्यक्रमले नेपालको कृषि शिक्षा र अनुसन्धान प्रणालीलाई थप व्यावहारिक, समन्वित तथा नीतिमुखी बनाउन आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्दै प्रमाणमा आधारित कृषि रूपान्तरणका लागि महत्त्वपूर्ण दृष्टिकोण प्रदान गरेको निष्कर्ष निकालिएको थियो । अन्त्यमा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले वक्ता तथा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

४.७.३ नागरिक समाजसँगको सहकार्य सम्बन्धमा नीति प्रवचन

प्रतिष्ठानले माघ २९ गते "नागरिक समाजसँगको सहकार्य" विषयमा नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा रित्सुमेकान एशिया प्यासिफिक विश्वविद्यालय अन्तर्गतको कलेज अफ सस्टेनाबिलिटी एण्ड टुरिजमका उपप्राध्यापक तथा विकास प्रशासन, गैरनाफामूलक संस्था, डिजिटल असमानता र सामाजिक नवप्रवर्तनका विज्ञ डा. दिपेन्द्र के.सी.ले प्रस्तुतीकरण गर्नुभएको थियो ।

नागरिक समाज र सरकारबिचको सहकार्य, शासन तथा विकास प्रक्रियामा नागरिक समाजको भूमिका, र यससँग सम्बन्धित नीतिगत तथा संस्थागत आयामहरूबारे ज्ञान तथा अनुभव आदानप्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा प्रतिष्ठानका २८ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको सहभागिता थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा डा. के.सी.ले नागरिक समाज र राज्यबिच समयक्रममा विकसित भएको सम्बन्धलाई नियामकीय तथा वित्तीय व्यवस्थाको परिप्रेक्ष्यमा विश्लेषण गर्दै संवैधानिक अधिकार, दायित्व तथा नेपालको सोह्रौं योजनामा विकास साझेदारका रूपमा नागरिक समाजको बढ्दो महत्त्वबारे प्रकाश पार्नुभयो । उहाँले नागरिक समाजलाई सेवाप्रवाह, वकालत तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने एक महत्त्वपूर्ण क्षेत्रका रूपमा व्याख्या गर्दै राज्यसँग यसको सम्बन्ध पूरक, सहकार्यात्मक र कतिपय अवस्थामा आलोचनात्मक तथा अन्तरविरोधात्मक स्वरूपमा विकसित भएको उल्लेख गर्नुभयो ।

साथै, समावेशीकरणको आवश्यकता, सामाजिक कल्याणका संस्थागत संयन्त्र, एकद्वार नीति, गैरमुनाफामूलक कम्पनीहरूको भूमिका, नियामकीय अस्पष्टता, नयाँ गैरसरकारी संस्थाहरूको उदय तथा तिनले भोगिरहेका सञ्चालनगत चुनौतीहरूमाथि पनि विस्तृत चर्चा गर्नुभयो ।

प्रस्तुतिपश्चात् सहभागी अनुसन्धानकर्ताहरूले नागरिक समाजमा व्यक्तिको भूमिका, नागरिक सहभागिताको प्रभावकारिता, सूचना प्रवाहमा देखिन सक्ने पूर्वाग्रह तथा प्रचारप्रसारका सम्भावित प्रभावसम्बन्धी विषयमा जिज्ञासा राख्दै सार्थक छलफल गरेका थिए ।

४.७.४ नेपालको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा विषयक नीति प्रवचन

प्रतिष्ठानले माघ २५ गते "नेपाली सन्दर्भको कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा" शीर्षकमा नीति प्रवचन कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलाइना-ग्रीन्सबोरोका चार्ल्स ए. हेज विशिष्ट प्राध्यापक डा. नीर क्षेत्रीले मुख्य प्रस्तुतीकरण गर्नुभएको थियो ।

वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा, वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता, विश्लेषक तथा प्रशासनिक कर्मचारीहरू गरी २४ जनाको सहभागिता थियो ।

प्राध्यापक क्षेत्रीले आफ्नो प्रस्तुतिमा साइबर सुरक्षा, राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय कूटनीतिबिचको अन्तरसम्बन्ध, नेपालजस्ता उदीयमान अर्थतन्त्रले सामना गरिरहेका नीतिगत तथा पूर्वाधारगत चुनौतीहरू, नेपालको रणनीतिक स्थिति, कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षासम्बन्धी संस्थागत क्षमता, तथ्याङ्क तथा सांख्यिकीय पूर्वाधारको कमजोरी, भाषागत अभिलेखीकरणको अभाव, र एआई विकासका लागि आवश्यक तथ्याङ्क, प्रतिभा र कम्प्युटेसनल शक्तिको सीमितताबारे विस्तृत रूपमा चर्चा गर्दै साइबर कूटनीति, अन्तर्राष्ट्रिय सहकार्य, राष्ट्रिय सुरक्षा व्यवस्थापन र स्थानीय क्षमता विकासजस्ता पक्षमा समेत जोड दिनुभयो ।

४.७.५ ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले पुस ११ गते आफ्नो सभा हलमा ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता विषयमा प्रा. डा. नीर क्षेत्रीको नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो । प्राध्यापक क्षेत्री संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलाइना विश्वविद्यालयमा व्यवस्थापन विषयका प्राध्यापक हुनुहुन्छ । प्रवचन कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी समेत गरी २५ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको सहभागिता थियो ।

प्रवचनमा प्राध्यापक क्षेत्रीले एआईका आधारभूत अवधारणा र प्रकारहरूको विषय स्पष्ट पार्दै वैश्विक दक्षिणमा एआईको तीव्र अपनत्वलाई बहुभाषिकता, निःशुल्क वा सहुलियतपूर्ण पहुँच, बहुराष्ट्रिय तथा

स्थानीय नवप्रवर्तनका कारकहरूसँग जोड्दै शिक्षा, सार्वजनिक सूचना पहुँच, स्वास्थ्य सेवा र मानसिक स्वास्थ्य सहयोग, साना तथा मझौला उद्यमको विकास, कृषि क्षेत्र तथा उत्पादकत्व अभिवृद्धिमा देखिएका प्रभावहरूको विषयमा छलफल गर्नुभयो ।

प्राध्यापक क्षेत्रीले एआईमा दक्षताको कमी, डाटा र सांस्कृतिक पूर्वाग्रह, कम स्रोत भएका भाषाहरूको न्यून प्रतिनिधित्व, गैरअंग्रेजी प्रयोगमा उच्च लागत र कम कार्यसम्पादन, कमजोर नियामक संरचना, साइबर सुरक्षाका जोखिम, श्रम बजारमा पर्ने असर, डिजिटल उपनिवेशवाद, डाटा लेबलिङमा श्रमिक शोषण तथा सांस्कृतिक पहिचान क्षयजस्ता गम्भीर चुनौतीहरूबारे पनि चर्चा गर्नुभयो ।

समग्रमा उहाँको प्रवचन वैश्विक दक्षिणमा समावेशी विकासका लागि एआईले ठुलो सम्भावना बोकेको भए तापनि यसलाई व्यवहारमा रूपान्तरण गर्न स्थानीय सन्दर्भअनुकूल डाटा र मोडेलको विकास, नीतिगत व्यवस्था र नियमन, सुरक्षाको सुनिश्चितता र क्षमता विकासका आयामहरू अत्यावश्यक रहेकोमा केन्द्रित थियो । प्रस्तुतिकरणपश्चात् प्रस्तोता र सहभागीहरूबिच प्रश्नोत्तर सत्र सञ्चालन गरिएको थियो ।

४.७.६ सार्वजनिक नीति निर्माणमा गुणात्मक अनुसन्धानको प्रयोगसम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले प्रा.डा. एडविन भान टेजिलिङ्गेनलाई आमन्त्रित गरी पुस ४ गते आफ्नो सभा हलमा "नीति निर्माणका लागि गुणात्मक अनुसन्धान" विषयक एक नीति प्रवचन आयोजना गऱ्यो । प्रा. एडविन बेलायतको बोर्नमाउथ विश्वविद्यालयमा प्रजनन स्वास्थ्य अनुसन्धानका प्राध्यापक हुनुहुन्छ । नेपाल लगायत विभिन्न अन्तर्राष्ट्रिय तहका स्वास्थ्य परियोजनाहरूको नेतृत्व गर्नुभएका प्रा. एडविनले मातृस्वास्थ्य र स्वास्थ्य सेवा अनुसन्धानमा व्यापक रूपमा अनुसन्धान लेखहरू प्रकाशन गर्नुभएको छ ।

आफ्नो प्रवचनमा प्राध्यापक एडविनले "किन" सम्बन्धी प्रश्नहरूको उत्तर खोज्न, सिद्धान्त निर्माण गर्न तथा परिमाणात्मक अनुसन्धानका नतिजाहरूको व्याख्या गर्न गुणात्मक अनुसन्धान विशेष रूपमा उपयोगी हुने उल्लेख गर्नुभयो । उहाँले प्रमाणमा आधारित अभ्यास, प्रमाण-सूचित नीति निर्माण र प्रमाणमा आधारित नीति निर्माणबिचका भिन्नताहरू स्पष्ट पार्दै, प्रमाण-सूचित नीति निर्माण कार्यले प्रमाणलाई मूल्य, राजनीति, व्यावहारिकता तथा सरोकारवालाका दृष्टिकोणजस्ता व्यापक सन्दर्भगत कारकहरूसँग जोडेर हेर्नुपर्ने विचार राख्नुभयो । साथै, नीतिनिर्माण, अनुसन्धान प्रमाण, उपलब्ध स्रोत तथा विशेषज्ञता, जनसङ्ख्याका आवश्यकता र प्राथमिकता तथा संस्थागत र वातावरणीय सन्दर्भहरूको संगममा हुने बताउनुभयो ।

उहाँले ज्ञान परिचालनको महत्त्वलाई पनि जोड दिँदै यसलाई नीति र व्यवहारलाई सूचित गर्न ज्ञानको सक्रिय सिर्जना र प्रयोगको प्रक्रियाका रूपमा व्याख्या गर्नुभयो । विभिन्न अध्ययनका प्रमाणलाई उद्धृत गर्दै, प्रभावकारी ज्ञान परिचालनका लागि बहुक्षेत्रीय तथा अन्तरनिकाय सिकाइ आवश्यक हुने, अवधारणात्मक दृष्टिकोणमाथि समालोचनात्मक मनन हुनुपर्ने तथा ज्ञान परिचालन गतिविधिहरूको सुदृढ मूल्याङ्कन आवश्यक हुने उल्लेख गर्नुभयो । साथै, उहाँले सार्वजनिक सहभागिता र संलग्नता तथा narrative synthesis सम्बन्धी विषयमा पनि आफ्नो धारणा प्रस्तुत गर्नुभयो । यस सन्दर्भमा meta-narrative

synthesis, critical interpretive synthesis, meta-study, meta-ethnography र grounded theory जस्ता गुणात्मक प्रणालीगत समीक्षा विधिहरूमा अधिक रचनात्मक दृष्टिकोण रहने र thematic synthesis, textual narrative synthesis, framework synthesis र ecological triangulation जस्ता विधिहरूमा यथार्थवादी र कठोर दृष्टिकोण रहने बतानुभयो ।

प्रस्तुतिपछि नीति अनुसन्धान प्रतिष्ठानमा उपस्थिति २५ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरले प्रस्तुतीकरणमा आधारित भई आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो । सो सत्रमा आख्यानात्मक संश्लेषण, अनुसन्धान र नीतिमा सम्भावित पूर्वाग्रहको सम्बोधन, नीतिगत निर्णयमा समाजशास्त्रीय निष्कर्षहरूको प्रयोग, गुणात्मक अनुसन्धानमा आधारित प्रतिवेदन समीक्षा गर्ने तरिका लगायतका विषयहरूमा गहन छलफल भयो । छलफलको निचोड नीति अनुसन्धानको प्राथमिक लक्ष्य प्रमाणमा आधारित नीतिहरू निर्धारण गर्नु मात्र नभई नीतिगत निर्णयहरूलाई सूचित गर्नु पनि हो भन्ने साझा बुझाइमा आधारित रह्यो ।

४.८ तालिम तथा अभिमुखीकरण

प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ मा निम्नानुसारको एउटा तालिम तथा अभिमुखीकरण सम्पन्न गऱ्यो ।

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति नवप्रवर्तन प्रशिक्षणमा प्रतिष्ठानको सहभागिता एवम् सहकार्य १

४.८.१ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको सार्वजनिक नीति नवप्रवर्तन प्रशिक्षणमा प्रतिष्ठानको सहभागिता एवम् सहकार्य

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा नीति अनुसन्धान प्रतिष्ठानको सहकार्यमा सार्वजनिक नीतिमा नवप्रवर्तन र प्रमाणको प्रयोग विषयक सात-दिने पेसागत प्रशिक्षण कार्यक्रम मङ्सिर २४ देखि पुस ३ गतेसम्म नीति अनुसन्धान प्रतिष्ठानसमेतको सहभागिता र सहकार्यमा सम्पन्न भयो । शासकीय तथा विकास व्यवस्थापन सिकाइ समूह अन्तर्गतको विकास नीति तथा व्यवस्थापन केन्द्रद्वारा सञ्चालन हुने उक्त प्रशिक्षण कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानबाट निरन्तर संस्थागत सहकार्य हुँदै आएको छ ।

उक्त तालिममा नेपाल सरकारका सङ्घीय मन्त्रालयहरूः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; परराष्ट्र मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; सहरी विकास मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय लगायत अन्य निकायहरूः राष्ट्रिय मानव अधिकार आयोग; महान्यायधिवक्ताको कार्यालय; सशस्त्र प्रहरी बल नेपाल; खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड; कर्मचारी सञ्चय कोष; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कोशी प्रदेश); पोखरा विश्वविद्यालय स्कुल अफ बिजनेस; नेपाल विद्युत् प्राधिकरण; नेपाल प्रहरी र बुढानीलकण्ठ नगरपालिकाका ३४ जना अधिकृत द्वितीय श्रेणी र सो सरहका

कर्मचारीहरूको सहभागिता रहेको थियो । प्रशिक्षण अवधिमा दुई-दिने सैद्धान्तिक कक्षा, दुई-दिने स्थलगत अध्ययन, दुई-दिने नीति मस्यौदाको तयारी र एक-दिने प्रस्तुतीकरण तथा पृष्ठपोषण कार्यक्रम सञ्चालन गरिएको थियो ।

वैज्ञानिक प्रमाणको प्रयोग मार्फत नीतिनिर्माणमा नवप्रवर्तनशील दृष्टिकोणहरू लागु गर्नका लागि मध्यम तहका सरकारी अधिकृत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ सञ्चालित उक्त प्रशिक्षणमा नीति अनुसन्धान प्रतिष्ठानबाट वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारी र सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले प्रशिक्षकको रूपमा प्रस्तुतीकरण दिनुभएको थियो । त्यसैगरी, प्रतिष्ठानका अध्येताहरूः अनुसन्धानकर्ताद्वय डा. प्रदिप पन्थी र डा. सुबास अधिकारी, तथा विश्लेषकहरू सोनिया बस्याल, प्राञ्जल रिजाल र सुधीर श्रेष्ठले प्रशिक्षार्थी तथा टोली सहजकर्ताको रूपमा सहभागिता जनाउनुभएको थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले सार्वजनिक नीतिको दर्शनशास्त्रसम्बन्धी विषयवस्तुमा केन्द्रित प्रस्तुतीकरण र अन्तरक्रियात्मक प्रशिक्षणका माध्यमबाट नीति निर्माणमा प्रमाण तथा सैद्धान्तिक ज्ञानको अपरिहार्यता रहनेमा जोड दिनुभयो । त्यसैगरी, नीतिनिर्माणको प्रणालीगत दृष्टिकोण र परिवर्तनको सिद्धान्तसम्बन्धी आधारभूत ज्ञानका साथै उपयोगी उदाहरणसहित प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. झम कुमार विश्वकर्माले सहजीकरण गर्नुभएको थियो । प्रशिक्षणका क्रममा सामूहिक कार्य, विस्तृत छलफल लगायत समालोचनात्मक विश्लेषणका लागि विभिन्न नीतिगत विषयमा अभ्यासहरू गरिएको थियो ।

प्रशिक्षणको तेस्रो र चौथो दिन सहभागीहरू पाँच समूहमा विभाजन भई बुढानीलकण्ठ नगरपालिकाको लागि पहिचान गरिएका पाँच विभिन्न क्षेत्रमा नीतिको मस्यौदा तयारी गर्नका लागि स्थलगत भ्रमण, समस्या अध्ययन, सरोकारवालाहरूसँग अन्तर्वार्ता तथा छलफलमा संलग्न रहनुभयो । यस क्रममा नीति अनुसन्धान प्रतिष्ठानका अध्येताहरूले अनुगमन नीति, मानव संशाधन नीति, स्वास्थ्य नीति, सार्वजनिक सम्पत्ति व्यवस्थापन नीति र पर्यटन नीतिको मस्यौदा तयार गर्ने समूहको नेतृत्व गर्दै समूहकार्यलाई सहजीकरण गर्नुभएको थियो । यसरी तयार भएको नीतिको मस्यौदाउपर थप सुधार गरी प्रशिक्षार्थी समूहका प्रतिनिधिहरूले २०८२ पुस १८ गते बुढानीलकण्ठ नगरपालिकाका पदाधिकारीहरूसमक्ष प्रस्तुतीकरण गर्नुभयो ।

४.९ सरकारका मन्त्रालयहरू र अन्य निकायहरूसँगको अन्तरक्रिया तथा समन्वय

आर्थिक वर्ष २०८२/८३ मा सरकारका विभिन्न मन्त्रालयहरू र अन्य निकायहरूसँग निम्नानुसारका अन्तरक्रिया तथा समन्वय सम्पन्न गरिएका छन् ।

- नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्क (नेपाल) का प्रतिनिधिहरूबिच नेपालको सार्वजनिक वित्तबारे अन्तरक्रिया ११
- नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी अन्तरक्रिया

- राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल
- नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच अन्तरक्रिया बैठक
- नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू विषयक प्रस्तुति
- नीति अनुसन्धान प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रका वरिष्ठ विधागत विज्ञहरूसँग बैठक
- नेपालको निर्वाचन २०८२ मा देशबाहिर र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गराउने व्यवस्था सम्बन्धमा भएको अनुसन्धान प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीसमक्ष पेस
- विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान अधिकार दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनको निष्कर्ष निर्वाचन आयोगमा प्रस्तुति तथा छलफल
- शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जनका लागि नेपालको आकाङ्क्षा सम्बन्धमा पछिल्लो प्रमाणमा आधारित अध्ययन प्रतिवेदन सार्वजनिक
- दायित्व नेपालका फेलोहरूबाट नीतिसम्बद्ध अनुसन्धानहरूको प्रारम्भिक नतिजा प्रस्तुति
- नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रका लागि उन्नत हवाई गतिशीलताको उपयुक्तता अन्वेषणसम्बन्धी ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

४.९.१ नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्क (नेपाल) का प्रतिनिधिहरूबिच नेपालको सार्वजनिक वित्तबारे अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्कका प्रतिनिधिहरूबिच प्रतिष्ठानको सभाहलमा "नेपालको सार्वजनिक वित्तसम्बन्धी समीक्षा अध्ययन" सम्बन्धमा अन्तरक्रिया सम्पन्न भयो। उक्त कार्यक्रममा विश्व बैङ्कको तर्फबाट ६ जना प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका २१ जना प्रतिनिधि गरी कुल २७ जना सहभागीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य विश्व बैङ्कले सुरु गर्न लागेको सार्वजनिक वित्त समीक्षा अध्ययनको रूपरेखा, सम्भावित विषयवस्तु तथा नीतिगत प्राथमिकतामाथि छलफल गरी अध्ययनलाई नेपालका समसामयिक आर्थिक चुनौतीहरूसँग थप सान्दर्भिक बनाउनु रहेको थियो।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख एवम् कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्य र सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा विश्व बैङ्कका प्रतिनिधिहरूले समीक्षा अध्ययनको वर्तमान अवस्था र समेटिने प्रमुख विषयहरू प्रस्तुत गर्दै आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व चुनौती, सार्वजनिक खर्चको प्रभावकारिता तथा पुँजीगत खर्चको न्यून कार्यान्वयनसँग सम्बन्धित संरचनात्मक पक्षहरूबारे जानकारी गराउनुभएको थियो।

छलफलका क्रममा प्रतिष्ठानका अनुसन्धानकर्ताहरूले सार्वजनिक खर्च अध्ययनबाट प्राप्त अनुभव, जलवायु वित्त, विनिमय दरको अस्थिरता, ऊर्जा पूर्वाधार, वित्तीय सङ्घीयता तथा शिक्षा-स्वास्थ्य क्षेत्रमा सार्वजनिक लगानीको प्रतिफलजस्ता विषयहरूलाई अध्ययनमा समावेश गर्न सुझाव दिनुभएको थियो । साथै, खुला अन्तरक्रिया सत्रमा सहभागीहरूले सार्वजनिक वित्त व्यवस्थापनलाई दीर्घकालीन आर्थिक स्थायित्व, मानव पुँजी विकास र दिगो विकासका लक्ष्यहरूसँग जोडेर हेर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा विश्व बैङ्कका अर्थविद् प्रवीन डङ्गोल र प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरू अध्ययनलाई थप प्रभावकारी र नीतिमैत्री बनाउन उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

४.९.२ नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी अन्तरक्रिया कार्यक्रम

नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी सरकारको प्रस्तावित पहलका सन्दर्भमा जेठ १३ गते प्रतिष्ठानका पूर्वअध्यक्ष, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष, विभिन्न सल्लाहकार तथा नीति विज्ञहरूसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रतिष्ठानको संस्थागत संरचना, भावी कार्यदिशा, कार्यादेश, अनुसन्धान स्वतन्त्रता तथा पुनर्संरचनाका सम्भावित विकल्पहरूबारे गहन छलफल गरिएको थियो । कार्यक्रममा पूर्वपदाधिकारी, सल्लाहकार तथा विज्ञहरूसहित १० जना बाह्य सहभागी र प्रतिष्ठानका विभिन्न तहका कर्मचारीहरू गरी ३७ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले प्रतिष्ठानको प्रशासनिक अवस्था, विकास समितिका रिक्त पदहरूका कारण उत्पन्न चुनौतीहरू तथा सरकारको १०० बुँदे कार्यसूचीअन्तर्गत पुनर्संरचना प्रक्रियाबारे जानकारी गराउँदै संस्थागत स्पष्टता र सुधारका लागि ठोस सुझाव आवश्यक रहेको उल्लेख गर्नुभयो ।

छलफलमा सहभागीहरूले प्रतिष्ठानको कानुनी, वित्तीय र प्रशासनिक स्वायत्तता सुरक्षित रहनुपर्ने, अनुसन्धान तथा नीति सिफारिसमा पूर्ण स्वतन्त्रता सुनिश्चित हुनुपर्ने र कार्यगत स्वतन्त्रता कुनै पनि अवस्थामा कमजोर हुन नहुनेमा जोड दिएका थिए । साथै, प्रतिष्ठानलाई अन्य सरकारी अनुसन्धान निकाय तथा विश्वविद्यालयहरूसँग दोहोरोपन नहुने गरी स्पष्ट र पूरक कार्यादेशसहित राष्ट्रिय स्तरको स्वतन्त्र थिङ्क ट्याङ्कका रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गरिएको थियो ।

त्यसैगरी, प्रमाणमा आधारित नीति निर्माण, नीतिगत मूल्याङ्कन, ज्ञान व्यवस्थापन, डिजिटल रूपान्तरण, अन्तरविषयगत अनुसन्धान तथा अन्तर्राष्ट्रिय सहकार्यलाई संस्थागत रूपमा सुदृढ गर्दै प्रतिष्ठानलाई दीर्घकालीन नीति नवप्रवर्तन केन्द्रका रूपमा स्थापित गर्नुपर्ने सुझावहरू पनि छलफलबाट आएका थिए ।

४.९.३ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल

नीति अनुसन्धान प्रतिष्ठान, स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखा तथा कोशिश संस्थाको समन्वयमा जेठ ५ गते जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौंमा "राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल कार्यक्रम" आयोजना भयो । कार्यक्रममा मानसिक स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषय विज्ञ, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, अनुसन्धानकर्ता तथा अन्य सरोकारवालासहित ४९ जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनाको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै मानसिक स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा नीतिगत सुधारका आवश्यक पक्षहरूबारे बहुपक्षीय छलफल गरेको थियो ।

प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा कोशिश संस्थाका मातृका प्रसाद देवकोटाले कार्यक्रमको उद्देश्य तथा सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो । मुख्य सत्रमा प्रतिष्ठानका अनुसन्धानकर्ता अशोक पाण्डे र रवीन्द्र रावलले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै सेवाप्रवाह, संस्थागत समन्वय, स्रोतसाधन व्यवस्थापन तथा नीतिगत चुनौतीहरूबारे विस्तृत जानकारी दिनुभएको थियो । त्यसैगरी, डा. पोमावती थापाले रणनीतिको प्रगति, उपलब्धि, चुनौती तथा आगामी प्राथमिकतासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले मानसिक स्वास्थ्य सेवालाई संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी रूपमा समन्वय गर्नुपर्ने, समुदायस्तरमा सेवा विस्तार गर्नुपर्ने, मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने, दक्ष जनशक्ति तथा पर्याप्त स्रोतसाधन सुनिश्चित गर्नुपर्ने, सेवा प्रदायकहरूको क्षमता विकास गर्नुपर्ने तथा मानसिक स्वास्थ्यलाई समग्र सार्वजनिक स्वास्थ्य प्रणालीसँग एकीकृत रूपमा अघि बढाउनुपर्ने सुझाव प्रस्तुत गरेका थिए । साथै, तथ्याङ्क व्यवस्थापन सुदृढ गर्दै प्रमाणमा आधारित नीति निर्माण र प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनुपर्ने धारणा व्यक्त गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा आयोजक संस्थाहरूका तर्फबाट सहभागीहरूको सक्रिय सहभागिता, सुझाव तथा सहयोगप्रति आभार व्यक्त गर्दै मानसिक स्वास्थ्य नीति तथा सेवाको प्रभावकारी कार्यान्वयनमा कार्यक्रमले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो ।

४.९.४ नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच अन्तरक्रिया बैठक

नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच वैशाख २३ गते अन्तरक्रिया बैठक सम्पन्न भयो । कार्यक्रममा प्रतिष्ठानका कार्यालय प्रबन्धक, विभागीय प्रमुख तथा केन्द्र प्रमुख र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाका कार्यकारी निर्देशकसहितका प्रतिनिधि

गरी १४ जना सहभागी रहेका थिए। कार्यक्रमको उद्देश्य दुवै संस्थाको कार्यप्रणाली, अनुसन्धान अभ्यास तथा नीतिगत योगदानबारे आपसी जानकारी आदानप्रदान गर्नुका साथै भविष्यमा सहकार्य र साझेदारीका सम्भावित क्षेत्र पहिचान गर्नु रहेको थियो।

बैठकमा सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाका कार्यकारी निर्देशक प्रा.डा. दीर्घजीवी घिमिरेले संस्थाको ३० वर्षे अनुसन्धान अनुभव, लक्ष्य, उद्देश्य र कार्यक्षेत्रबारे प्रस्तुतीकरण गर्नुभयो भने प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले प्रतिष्ठानको संरचना, कार्यशैली र नीति अनुसन्धान अभ्यासबारे जानकारी दिनुभयो। छलफलमा दीर्घकालीन अनुसन्धान परियोजनाका नतिजालाई नीतिगत रूपान्तरण गर्ने उपाय, नीति निर्मातालाई प्रभावकारी रूपमा सूचित गर्ने संयन्त्र, नीति एकाइ स्थापना, 'ग्रे' प्रतिवेदनहरूको डेटाबेस व्यवस्थापन, NPPR जर्नल मार्फत नीति लेखन तथा नीति संवाद सुदृढीकरणजस्ता विषयमा विस्तृत विचार आदानप्रदान गरिएको थियो।

कार्यक्रमले अनुसन्धान-नीति सम्बन्ध सुदृढ गर्दै प्रमाणमा आधारित नीति निर्माणलाई प्रभावकारी बनाउन दुवै संस्थाबिच सहकार्य विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिएको थियो।

४.९.५ नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू विषयक प्रस्तुति

प्रतिष्ठानले चैत २३ गते नेपालमा विद्युतीय सवारी साधनको वर्तमान नीतिगत अवस्था, अवसरहरू, कार्यान्वयनमा देखिएका चुनौतीहरू तथा भविष्यमा आवश्यक सुधारका दिशाहरू पहिचान गर्न सहयोग लिने उद्देश्यले "नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू" विषयक प्रस्तुतीकरण आयोजना गऱ्यो।

उक्त प्रस्तुतीकरण आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र अन्तर्गत सञ्चालन भइरहेको "नेपालमा विद्युतीय सवारी साधनको नीतिगत वातावरण, अवसर र कार्यान्वयनका चुनौतीहरू" सम्बन्धी अनुसन्धानको एक हिस्साका रूपमा सम्पन्न गरिएको हो। कार्यक्रममा ईभी तथा अटोमोबाइल क्षेत्रका विज्ञ इन्जिनियर प्रेमलाल तामाङ मुख्य प्रस्तुतकर्ता रहनुभएको थियो भने प्रतिष्ठानका सहअनुसन्धानकर्ता, अनुसन्धानकर्ता, वरिष्ठ अनुसन्धानकर्ता, कार्यालय प्रबन्धक तथा इन्टर्नहरू गरी १३ जनाको सहभागिता थियो।

कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीले सहभागीहरूलाई स्वागत गर्दै सञ्चालनमा रहेको अध्ययनको उद्देश्यबारे सङ्क्षिप्त जानकारी दिनुभएको थियो। त्यसपछि विज्ञ तामाङले नेपालमा विद्युतीय गतिशीलता (electric mobility) को रूपान्तरण, जीवाश्म इन्धनको आयात घटाउने सम्भावना, वातावरणीय दिगोपना र आर्थिक स्थायित्वमा यसको योगदानबारे विस्तृत प्रस्तुति दिनुभएको थियो। उहाँले हालका प्रोत्साहनहरू सकारात्मक भए तापनि दीर्घकालीन र स्पष्ट नीतिगत ढाँचा आवश्यक रहेको उल्लेख गर्नुभयो।

प्रस्तुतीकरणमा चार्जिङ पूर्वाधारको विस्तारसँगै आवश्यक सुरक्षा मापदण्ड, मानकीकरण र जोखिम व्यवस्थापनको अभाव, संस्थागत समन्वय कमजोर हुनु तथा बिक्रीपछिको सेवा र उपभोक्ता संरक्षणमा देखिएका चुनौतीहरू प्रमुख रूपमा उठाइएका थिए । साथै, ब्याट्री विसर्जन तथा पुनःप्रयोगसम्बन्धी स्पष्ट नीति अभावले भविष्यमा ठुलो वातावरणीय जोखिम निम्त्याउन सक्ने विषयमा पनि जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा केन्द्र प्रमुख डा. कल्पना खनालले प्रस्तुतीकरणका मुख्य निष्कर्षहरू सङ्क्षेपमा प्रस्तुत गर्दै विज्ञको प्रस्तुतीकरणका आएका विषयहरू प्रतिष्ठानको चालु अनुसन्धान र नीतिगत सिफारिस निर्माणका लागि अत्यन्त सान्दर्भिक रहेको उल्लेख गर्नुभयो ।

४.९.६ नीति अनुसन्धान प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रका वरिष्ठ विधागत विज्ञहरूसँग बैठक

प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र (केन्द्र-४) ले चैत १९ गते केन्द्रसँग आबद्ध वरिष्ठ विधागत विज्ञहरूसँग रणनीतिक छलफल तथा पृष्ठपोषण बैठक आयोजना गऱ्यो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा एकजना अनलाइन सहभागी समेत गरी ११ जना सहभागी थिए ।

बैठकको मुख्य उद्देश्य केन्द्रअन्तर्गत सञ्चालन भइरहेका अनुसन्धान तथा कार्यक्रमहरूको प्रगति समीक्षा गर्नु, प्रतिष्ठानको भावी कार्यदिशाबारे विज्ञहरूको सुझाव सङ्कलन गर्नु तथा नीति अनुसन्धानलाई थप प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक रणनीतिबारे छलफल गर्नु रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा कार्यकारी अध्यक्ष प्रा. शर्माले प्रतिष्ठानको भावी कार्यदिशा, नीति अनुसन्धानको प्राथमिकता तथा रणनीतिक सोचबारे धारणा राख्दै वरिष्ठ विज्ञहरूबाट पृष्ठपोषणको अपेक्षा व्यक्त गर्नुभएको थियो । त्यसैगरी, प्रतिष्ठानका अनुसन्धानकर्ता डा. सुवास अधिकारीले प्रतिष्ठानको संरचना तथा कार्यप्रणालीबारे सङ्क्षिप्त प्रस्तुतीकरण गर्नुभएको थियो भने केन्द्र प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले चालु आर्थिक वर्षमा सञ्चालन भइरहेका अनुसन्धान परियोजना तथा नेपालको कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतासम्बन्धी अध्ययनका प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गर्नुभएको थियो । प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सरकारको १०० बुँदे कार्ययोजना कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रतिष्ठानले गरिरहेको प्रमाण नक्शाङ्कनसम्बन्धी कार्यबारे जानकारी गराउँदै प्रतिष्ठानलाई प्रभावकारी नीति प्रयोगशाला (Policy Lab) का रूपमा विकास गर्न आवश्यक सुझावहरू माग गर्नुभएको थियो भने कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था तथा विश्वविद्यालयहरूसँगको सहकार्य विस्तार र विज्ञहरूको ज्ञान, सीप तथा अनुभवको प्रभावकारी उपयोगका सम्भावनाबारे छलफल गर्नुभएको थियो ।

छलफलका क्रममा वरिष्ठ विज्ञहरूले अनुसन्धानको गुणस्तर अभिवृद्धि, नीति निर्माणमा प्रविधिको प्रभावकारी प्रयोग, विश्वविद्यालयहरूसँगको सहकार्य तथा विज्ञहरूको सञ्जाल निर्माणजस्ता विषयमा महत्त्वपूर्ण

सुझावहरू प्रस्तुत गर्नुभएको थियो । डा. दिनेशराज भुजूले कृषि नीति निर्माणमा नेपाली जनताको भावना र आवश्यकतालाई समेट्दै कृषि बजार प्रवर्धन गर्नुपर्ने तथा विश्वविद्यालयहरूमा नीति प्रयोगशाला (Policy Lab) स्थापना गरी प्रतिष्ठानले समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने धारणा राख्नुभयो । बटुकृष्ण उप्रेतीले प्रतिष्ठानको दीर्घकालीन संस्थागत विकासका लागि स्थायी रूपमा जनशक्ति विस्तार गर्नुभन्दा विभिन्न क्षेत्रका विज्ञहरूको रोस्टर प्रणाली (roster system) विकास गरी अनुसन्धान कार्यमा परिचालन गर्नुपर्ने सुझाव दिनुका साथै वातावरणीय प्रभाव मूल्याङ्कन र जलविद्युत् विकाससँग सम्बन्धित नीतिगत विषयमा आफ्नो धारणा व्यक्त गर्नुभयो । त्यसैगरी डा. देवेन्द्र गौचनले कृषि क्षेत्रका चुनौतीहरू, विशेषगरी धानको न्यूनतम समर्थन मूल्य, कृषि उत्पादनको बजारीकरण, अन्तर्राष्ट्रिय गुणस्तर परीक्षण तथा निर्यात प्रवर्धनका विषयमा प्रकाश पार्दै अनुसन्धान तथा नीतिनिर्माणमा बहु-विषयगत विज्ञहरूको सहभागिता र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

बैठकले प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रको भावी कार्यदिशा सुदृढ गर्न विज्ञहरूको ज्ञान, विश्वविद्यालय-प्रतिष्ठान सहकार्य र प्रमाणमा आधारित नीति अनुसन्धानलाई संस्थागत रूपमा अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट गरेको छ । साथै, विज्ञ रोस्टर प्रणाली, नीति प्रयोगशाला अवधारणा, प्रविधिमैत्री अनुसन्धान तथा कृषि र ऊर्जाजस्ता क्षेत्रगत प्राथमिकतामा सुधार गर्दै प्रतिष्ठानलाई समन्वयकारी नीति अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

४.९.७ नेपालको निर्वाचन २०८२ मा देशबाहिर र निर्वाचन क्षेत्रबाहिरबाट मतदान गराउने व्यवस्था सम्बन्धमा भएको अनुसन्धान प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीसमक्ष पेस

प्रतिष्ठानले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा "विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था" सम्बन्धमा गरेको अध्ययनको प्रारम्भिक निष्कर्षउपर विभिन्न सरोकारवाला निकाय र विज्ञहरूको पृष्ठपोषण लिने शृङ्खला विभिन्न मितिमा (कार्तिक २३ गते प्रतिष्ठानमै आयोजित सार्वजनिक नीति संवादबाट सुरु भई, कार्तिक २७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष, मङ्सिर ५ गते निर्वाचन आयोगमा, पुनः प्रतिष्ठानमा मङ्सिर ७ गते राजनैतिक दलका प्रतिनिधिहरू, नवयुवा पुस्ता (जेन-जी) का प्रतिनिधिहरू, निर्वाचनसम्बद्ध मन्त्रालय र निकायका अधिकारीहरू र सूचना प्रविधिका विज्ञहरूको सहभागितामा) सम्पन्न गऱ्यो ।

उल्लिखित छलफलहरूबाट प्राप्त पृष्ठपोषणको आधारमा अन्तिम रूप दिइएको प्रतिवेदनलाई मङ्सिर ८ गते प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गर्नुभयो । प्रतिवेदन हस्तान्तरण कार्यक्रममा बोल्दै प्रतिष्ठानका कार्यकारी अध्यक्षले विदेशमा बस्ने नेपाली नागरिक र नेपालमै अन्तरनिर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि मतदानको अधिकार उपलब्ध गराउन सर्वप्रथम आवश्यक कानुन संशोधन र अस्थायी मतदाता नामावली सङ्कलन गर्नुपर्ने सुझाव प्रतिवेदनमा रहेको बताउनुभयो ।

मतदान विधिको हकमा विदेशमा रहेका नेपालीहरूको लागि अनलाइन मतदान विधिलाई प्राथमिकता दिई आवश्यक परे सूचना प्रविधियुक्त हुलाक मतदान र सम्भव हुने देशहरूमा नेपालको कूटनीतिक नियोगमा मतदान केन्द्र राखी प्रत्यक्ष मतदान लगायतका मिश्रित विधि अपनाउने र नेपालमा निर्वाचन क्षेत्रबाहिर रहेका मतदाताको लागि विशिष्टीकृत मतदान केन्द्र स्थापना गरी भौतिक/प्रत्यक्ष मतदान विधि उपयुक्त रहेको बताउनुभयो ।

४.९.८ विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान अधिकार दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनको निष्कर्ष निर्वाचन आयोगमा प्रस्तुति तथा छलफल

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था सम्बन्धमा प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनको निष्कर्षको प्रस्तुति र छलफल गर्ने उद्देश्यले मङ्सिर ५ गते प्रतिष्ठानले निर्वाचन आयोगमा एक छलफल कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा निर्वाचन आयोगका आयुक्त र कर्मचारीहरू तथा नीति अनुसन्धान प्रतिष्ठानको अध्ययन टोलीसहित कुल १३ जनाको सहभागिता थियो ।

कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष तथा अध्ययन टोलीका संयोजक प्रा.डा. लेखनाथ शर्माले अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै बाह्य मतदान विधिका वैश्विक अभ्यास, नेपालको मताधिकारको न्यायिक र राजनीतिक सन्दर्भ र नेपालले २०८२ को निर्वाचनमा प्रयोग गर्न सक्ने विधि र मार्गचित्र पनि प्रस्तुत गर्नुभयो । आफ्नो प्रस्तुतिमा उहाँले वैदेशिक मतदानको हकमा डिजिटल पहिचान प्रणालीसहितको हुलाक मार्फत गरिने मतदान विधि अधिक सम्भाव्य भएको र इन्टरनेट मतदान विधिको सम्भावनाबारे पनि थप प्राविधिक परामर्श गर्न सकिने तथा घरेलु अन्तरनिर्वाचन क्षेत्र मतदानको हकमा त्यस्तो मतदानको लागि प्रत्यक्ष निर्वाचनको लागि सबै निर्वाचन क्षेत्रको संयुक्त एक मतपेटिका र समानुपातिक निर्वाचनको लागि अर्को मतपेटिका गरी दुई मतपेटिका राख्ने गरी छुट्टै मतदान केन्द्र स्थापना गरी मतदान गराउन सकिने सम्भाव्यता रहेको निर्क्योल प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिपछि आयोगका कार्यवाहक आयुक्त रामप्रसाद भण्डारीले सरकारले आवश्यक स्रोत, साधन, जनशक्ति, विधि र प्रविधि उपलब्ध गराएमा सरकारको निर्देशन बमोजिम निर्वाचन गराउन आयोग तत्पर रहेको बताउनु हुँदै अध्ययन टोलीलाई राजनैतिक दलहरूसँग पनि परामर्श गर्ने सुझाव दिनुभयो ।

४.९.९ शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जनका लागि नेपालको आकाङ्क्षा सम्बन्धमा पछिल्लो प्रमाणमा आधारित अध्ययन प्रतिवेदन सार्वजनिक

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानले आपसी सहकार्यमा सम्पन्न गरेका 'Nepal"s Journey towards Zero Hunger: The Triple Challenges of Food Security, Food Self-Sufficiency and Economic Prosperity शीर्षकको अनुसन्धान प्रतिवेदन तथा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले एकलरूपमा प्रकाशित गरेको 'Migration Atlas of Nepal' को बिमोचन समेत

गरी 'Nepal's quest for zero hunger, economic prosperity and decent livelihoods: The way forward' शीर्षकमा संयुक्तरूपमा एक प्यानल छलफल कार्तिक २१ गते सम्पन्न गरे ।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन प्रसाद परियार प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा वातावरण मन्त्रालय लगायत विभिन्न मन्त्रालय तथा विषयसम्बद्ध सरकारी संघ-संस्थाहरूबाट पाल्नुभएका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिको रूपमा संयुक्त राष्ट्र संघका पूर्वआवासीय संयोजक डा. विश्व पराजुली, संयुक्त राष्ट्र सङ्घीय कृषि तथा खाद्य सङ्गठनका राष्ट्रिय प्रतिनिधि केन सिमिजु, विश्व खाद्य कार्यक्रमका राष्ट्रिय प्रतिनिधि रियाज लोधी र वेल्थहंगरहिल्फका राष्ट्रिय प्रतिनिधि साकेब नाबीको उपस्थिति रहेको थियो । त्यसैगरी, अन्तर्राष्ट्रिय सहकार्यका लागि जर्मन सहयोग निकाय, वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार तथा विकास केन्द्र, अक्सफाम नेपाल, श्रमिक हितमा कार्य गर्ने ए. डब्लु. ओ इन्टर्नेशनल, अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन लगायत विभिन्न संस्थाका प्रतिनिधिहरू; अनुसन्धान टोली, मिडिया प्रतिनिधिहरू, नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानका कर्मचारी तथा विषयविज्ञहरू समेत गरी कुल १०६ जनाको उपस्थिति थियो ।

अनुसन्धान प्रतिवेदन तयार गर्ने समूहको प्रतिनिधित्व गर्दै नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अध्यक्ष डा. कृष्ण पहारीले अनुसन्धानको उद्देश्य, पद्धति र मुख्य निष्कर्षहरूको बारेमा सङ्क्षिप्त रूपमा प्रकाश पार्नुभयो ।

विश्व खाद्य कार्यक्रमका राष्ट्रिय प्रतिनिधि रियाज लोधीले आफ्नो विशेष मन्तव्यमा नेपालको विकासतर्फको यात्राको मुख्य चरणमा तयार भएको यस प्रतिवेदनले द्रुततर गतिमा कार्य गर्नुपर्ने समय आएको सङ्केत गरेको उल्लेख गर्नुभयो । साथै, संयुक्त राष्ट्र संघका पूर्वआवासीय संयोजक, डा. विश्व पराजुलीले खाद्यसम्बन्धी हक नै आधारभूत हक भए तापनि कतिपय मानिसहरू भोकमरीको चपेटामा रहेको सन्दर्भमा खाद्य उपलब्धता मात्र नभई खाद्य सुरक्षाका अन्य पक्षहरू र खाद्य सम्प्रभुतामा पनि सरकारले विशेष ध्यान दिनुपर्ने अभिव्यक्ति दिनुभयो ।

प्रमुख अतिथि माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री, डा. मदन प्रसाद परियारले आफ्नो मन्तव्यमा विभिन्न खाद्य उपभोग तथा पोषण सूचकहरूको आधारमा हेर्दा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको देखिएको तर अझै पनि आधारभूत खाद्यान्न (चामल, तरकारी तथा फलफूल) को आयात बढ्दो क्रममा रहेको र नेपालमा रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गर्न नसक्दा युवाहरू विदेश पलायन हुन बाध्य भएको तथ्यलाई इङ्गित गर्दै दिगो विकास लक्ष्य हासिल गर्न अझै मिहिनेत गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले खाद्य सुरक्षा, सरसफाइ, पोषणलगायत विभिन्न पक्षहरूको रूपान्तरणकारी सुधारका लागि नीति कार्यान्वयनको एकीकृत र

सहकार्यात्मक अन्तर्दृष्टि अवलम्बन गर्न जरुरी रहेको र उल्लिखित प्रकाशनहरूले यस कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने विश्वास प्रकट गर्नुभयो ।

कार्यक्रमको दोस्रो चरणमा भएको प्यानल छलफलमा युवाहरूको हालको प्रवास प्रवृत्ति र त्यसको नेपालको अर्थतन्त्रमा प्रभाव; प्रवाससम्बन्धी सरकारी नीति, घरेलु रोजगारी प्रवर्धन, घरेलु तथा वैदेशिक प्रवास व्यवस्थापन, र प्रवासीहरूको सामाजिक सुरक्षा; शून्य भोकमरी (zero hunger) र दिगो विकास लक्ष्यका लागि रणनीतिक वित्तीय व्यवस्थापन र बदलिँदो परिदृश्यमा यसको भूमिका; शून्य भोकमरी, खाद्य सुरक्षा र रोजगार सिर्जनासँग सम्बन्धित दिगो विकास लक्ष्यहरू प्राप्त गर्न संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका लगायतका विषयहरू उठान गरिएका थिए । त्यसैगरी, क्षेत्रीय सन्दर्भमा नेपालको प्रवास स्थिति; कृषि, खाद्य सुरक्षा, शून्य भोकमरी, र प्रवासका सन्दर्भमा ICIMOD तथा यस्तै अन्य संस्थाहरूको भूमिका; ग्रामीण युवाको प्रवास र त्यसको नेपालको कृषिमा प्रभाव; नेपालमा खाद्य आत्मनिर्भरता हासिल गर्ने उपायहरू; खाद्य तथा पोषण सुरक्षाका लागि विभिन्न सरकारी नीतिहरू र हालको युवाप्रवास र रोजगारको सन्दर्भमा युवाहरूको दृष्टिकोण लगायत नेपालमा युवाप्रवास व्यवस्थापनका लागि आर्थिक सम्भावनाहरू, शैक्षिक अवसरहरू, र सामाजिक समर्थन प्रणालीहरूबारे पनि छलफल भएको थियो ।

४.९.१० दायित्व नेपालका फेलोहरूबाट नीतिसम्बद्ध अनुसन्धानहरूको प्रारम्भिक नतिजा प्रस्तुति

दायित्व नेपाल सार्वजनिक नीति फेलोसिप २०२५ कार्यक्रम अन्तर्गत सार्वजनिक नीतिसम्बद्ध अनुसन्धान कार्यमा संलग्न रहनुभएका फेलोहरूले नीति अनुसन्धान प्रतिष्ठानमा उपस्थित भई भदौ ११ गते अनुसन्धानबाट प्राप्त नतिजाहरूको प्रस्तुतीकरण गर्नुभयो । सरकारी तबरभन्दा बाहिरबाट हुने नीति अनुसन्धानहरूका सिफारिसहरू पनि व्यावहारिक, प्रमाणमा आधारित र सान्दर्भिक हुन सकून् र राष्ट्रको नीति प्रक्रियामा योगदान गरून् भन्ने उद्देश्यले सो कार्यक्रम गरिएको थियो ।

यस वर्ष फेलोसिप गर्नुभएका ६ दायित्व फेलोहरू अनुष्का पन्त, आस्था पोखरेल, साएजा अर्याल, सृस्टि गौतम, सुपुन दाहाल र सुसिल खनालले क्रमशः उद्यममुखी आर्थिक वृद्धिका लागि नेपालमा बौद्धिक सम्पत्ति कानुनको सुदृढीकरण; नेपालमा रोजगारमुखी आर्थिक वृद्धिका लागि अलैंची मूल्य शृङ्खलाको सुदृढीकरण; नेपालको निजामती सेवामा प्रशासनिक सुधार आयोगहरूको प्रभावकारिताको विश्लेषण; अतिकम विकसित देशबाट स्तरोन्नतिको नेपालमा पर्ने आर्थिक प्रभावको विश्लेषण; बर्दिया जिल्लामा नेपालमा तरकारी कृषकहरूका लागि स्थानीय बजार प्रणालीको सुदृढीकरण; नेपालमा रोजगार सिर्जना र स्थानीय आर्थिक विकासका लागि युवाद्वारा सञ्चालन गरिएका उद्यमहरूको द्रूतीकरण विषयमा आ-आफ्ना प्रस्तुतिहरू दिनु भएको थियो ।

उहाँहरूले सम्बन्धित विषयमा स्थलगत सर्वेक्षण, केन्द्रित समूह छलफल, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, विभिन्न प्रकाशनहरूको समीक्षा र द्वित्तीयक तथ्याङ्कको विश्लेषणका आधारमा आफ्ना अनुसन्धान नतिजाहरू तयार गर्नुभएको थियो । दायित्वको तर्फबाट वरिष्ठ प्रशासकीय संयोजक, संयोजक

र इन्टर्नहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका तर्फबाट प्रबन्धक, वरिष्ठ अनुसन्धानकर्ता, कर्मचारीहरू र इन्टर्नको सहभागितासहित कार्यक्रममा कुल २५ जना सहभागीहरूको उपस्थिति थियो । प्रस्तुतिहरूमाथि प्रतिष्ठानका अध्येताहरूले आफ्ना विज्ञता र अनुभवका आधारमा टिप्पणी गर्नुभएको थियो ।

४.९.११ नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रका लागि उन्नत हवाई गतिशीलताको उपयुक्तता अन्वेषणसम्बन्धी ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नीति अनुसन्धान प्रतिष्ठानले साउन ४ गते कोइका एलुम्नाई एसोसिएसन अफ नेपालसँगको सहकार्यमा कोइका स्नातकोत्तर छात्रवृत्ति कार्यक्रम मार्फत प्राप्त अध्ययन अनुभव साझा गर्न एक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा कोइका छात्रवृत्ति प्राप्त गरी दक्षिण कोरियास्थित के.डी.आई स्कुल अफ पब्लिक पोलिसी एण्ड म्यानेजमेन्टमा स्नातकोत्तर गर्नुभएका लीलाधर जोशीले अध्ययनका उपलब्धिहरू प्रस्तुत गर्नुभएको थियो । जोशी हाल नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयमा नायव सुब्बा पदमा कार्यरत हुनुहुन्छ । उहाँको प्रस्तुति "नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रको यातायात समाधानका रूपमा उन्नत हवाई गतिशीलता (AAM) को उपयुक्तता अन्वेषण" विषयक अध्ययनमा आधारित थियो ।

प्रतिष्ठानका सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख एवम् वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कोइका प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका सहभागी गरी २८ जनाको उपस्थिति थियो । कार्यक्रममा सहभागीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत गर्नुभएको थियो भने कोइकाको प्रतिनिधित्व गर्दै रोशी मूलले नेपालप्रति कोइकाको सहयोग मुख्यतया तीन क्षेत्रहरू - परियोजनामा आधारित सहायता, कोरियन स्वयंसेवक/अध्येताहरूको परिचालन र क्षमता विकास कार्यक्रममा केन्द्रित रहेको उल्लेख गर्नुभयो । मूलका अनुसार क्षमता विकास कार्यक्रम अन्तर्गत सरकारका कर्मचारीहरूलाई लक्षित गर्दै छोटो तथा दीर्घकालीन तालिमहरू प्रदान गरिन्छ ।

नेपालको जटिल भौगोलिक बनावट र पूर्वाधारको अभावलाई सम्बोधन गर्दै जोशीले सवारी दुर्घटना, सहरी यातायात जाम, वायु प्रदूषण तथा पहुँचको असमानता जस्ता प्रमुख समस्याहरूलाई उजागर गर्नुभयो । उहाँले यस्ता समस्याहरूको समाधानको सम्भावित विकल्पका रूपमा उन्नत हवाई गतिशीलता (AAM) प्रविधिको सम्भावनाबारे चर्चा गर्नुभयो । प्रस्तुतिमा सामाजिक-आर्थिक असमानता हटाउन AAM को भूमिका, कार्यान्वयनका चुनौतीहरू, पाइलट परियोजना सिफारिसहरू, संस्थागत र नीतिगत रोडम्यापहरू, वातावरणीय तथा विकाससम्बन्धी प्रभावहरूका साथै भविष्यका अनुसन्धान र नवप्रवर्तनका क्षेत्रहरू समेटिएको थियो ।

कार्यक्रममा जोशीले विमानहरू भूभाग माथिबाट उड्न सक्ने भएकाले सडक वा रनवेको आवश्यकता नपर्ने, ठुला संरचनाको आवश्यकता नरहेकाले साना तथा विकट स्थानमा सजिलै अवतरण गर्न सक्ने;

विद्युतीय उर्जा प्रयोग गर्ने भएकाले जीवाश्म इन्धनमा निर्भरता घटाउने र मानवीय सहायता, आर्थिक विकास र वातावरणीय संरक्षणको उद्देश्यलाई सघाउने भएकाले नेपालका लागि AAM उपयुक्त हुने आफ्नो अध्ययनको निष्कर्ष रहेको बताउनुभयो ।

प्रस्तुतिपछिको प्रश्न-उत्तर सत्रमा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ताहरूद्वारा AAM प्रविधिको आर्थिक सम्भाव्यता र नीतिगत पक्षबारे जिज्ञासाहरू राख्नुभएको थियो ।

४.१० अन्तर्राष्ट्रिय निकायहरूसँगको समन्वय तथा सहकार्य

प्रतिष्ठानले विभिन्न अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, विश्वविद्यालय तथा थिङ्क ट्याङ्कहरूसँग संयुक्त अनुसन्धान, ज्ञान आदानप्रदान तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यस आर्थिक वर्षमा निम्नानुसारका क्रियाकलापहरू सम्पन्न भएका छन् ।

- नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच अन्तरक्रिया ५
- नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका प्राज्ञहरूबिच अन्तरक्रिया
- अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग अन्तरक्रिया
- नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच अन्तरक्रिया
- नीति अनुसन्धान प्रतिष्ठानमा पेकिङ विश्वविद्यालयको अध्ययन टोलीको भ्रमण

४.१०.१ नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज (CASS) अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिज (NIIS) का प्रतिनिधिहरूबिच जेठ ४ गते प्रतिष्ठानको सभाहलमा अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रममा CASS का पाँच जना प्राज्ञ, परराष्ट्र मन्त्रालय तथा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका तीन जना प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका २० जना प्रतिनिधिसहित कुल २८ जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य नेपाल-चीन सम्बन्धका बहुआयामिक पक्ष, परराष्ट्र नीतिका प्राथमिकता, रणनीतिक सहकार्य तथा भविष्यमा विस्तार गर्न सकिने साझेदारीका क्षेत्रहरूबारे विचार आदानप्रदान गर्नु रहेको थियो ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले नेपालको वर्तमान परराष्ट्र नीति, नयाँ सरकारका प्राथमिकता तथा नेपाल-चीन सम्बन्धको अवस्थाबारे प्रस्तुति दिनुभएको थियो । CASS

का प्रतिनिधि डा. ली चफेइले चीनका प्रमुख अन्तर्राष्ट्रिय पहलहरू (initiatives), क्षेत्रीय सहकार्य तथा चीनको परराष्ट्र नीतिका समसामयिक आयामहरूबारे जानकारी गराउनुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले नेपाल-चीन सहकार्यका नयाँ सम्भावनाबारे जिज्ञासा राख्दै व्यापार, लगानी, जलविद्युत्, नवीकरणीय ऊर्जा, शिक्षा, अनुसन्धान तथा जनस्तरको सम्बन्ध विस्तारका विषयमा विचार आदानप्रदान गरेका थिए । प्रश्नोत्तर सत्रमा CASS का प्रा.डा. छेन सीनले नेपालसँगको व्यापारिक तथा रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने सम्भावना भए तापनि विभिन्न संरचनात्मक, प्रक्रियागत तथा कार्यान्वयनसम्बन्धी चुनौतीका कारण अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भएको धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमले नेपाल-चीन सम्बन्धलाई थप मजबुत बनाउन अनुसन्धान तथा शैक्षिक सहकार्य विस्तार, आर्थिक तथा पूर्वाधार विकासमा साझेदारी अभिवृद्धि, साथै दुवै देशका नीति अनुसन्धान संस्थाहरूबिच ज्ञान र अनुभव आदानप्रदानलाई संस्थागत गर्नुपर्ने आवश्यकतामा जोड दिएको थियो ।

४.१०.२ नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका प्राज्ञहरूबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका सहप्राध्यापक डा. काओ लियाङ (Gao Liang) र डा. चङ शिआङयु (Zeng Xiangyu) बिच वैशाख १६ गते नेपाल-चीन सम्बन्धका बहुआयामिक पक्ष, अनुसन्धान सहकार्य तथा विकास सम्भावनामा केन्द्रित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा चिनियाँ दुई जना प्राज्ञ तथा प्रतिष्ठानका १८ जना प्रतिनिधिहरू समेत गरी २० जनाको उपस्थिति थियो ।

कार्यक्रमको सुरुआतमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले प्रतिष्ठानको सङ्क्षिप्त परिचय र नीति अनुसन्धान अभ्यासबारे जानकारी गराउनुभएको थियो । सिचुआन विश्वविद्यालयका प्रतिनिधिहरूले चीनको क्षेत्रीय विकास प्राथमिकता, शैक्षिक अनुसन्धान अभ्यास तथा नेपालसँगको सहकार्य सम्भावनाबारे आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा नेपाल-चीन ऐतिहासिक सम्बन्ध, सीमावर्ती विकास, छात्रवृत्ति अवसर, भाषा-संस्कृति तथा अनुसन्धान सहकार्यजस्ता विषयमा विचार आदानप्रदान गरिएको थियो । कार्यक्रमले दुई संस्थाबिच भविष्यमा अनुसन्धान र शैक्षिक सहकार्य विस्तार गर्ने सम्भावनालाई थप बल दिएको छ ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले यस्ता अन्तरक्रियाले अन्तर्राष्ट्रिय सहकार्य र ज्ञान आदानप्रदानलाई सुदृढ बनाई नीति अनुसन्धानलाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याउने बताउनुभयो ।

४.१०.३ अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम

प्रतिष्ठानले २०८३ वैशाख ३ गते अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग नेपालको विकास प्राथमिकता, आर्थिक रूपान्तरण तथा सार्वजनिक नीतिका चुनौती र अवसरहरूमा केन्द्रित अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । प्रतिष्ठानका अनुसन्धानकर्ताहरू र सोसाइटीका प्रतिनिधिबिच समसामयिक सामाजिक-आर्थिक मुद्दामा विचार आदानप्रदान गरिएको उक्त कार्यक्रममा ३७ जना सहभागी थिए ।

कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले प्रतिष्ठानको कार्यप्रणाली तथा नीति अनुसन्धान अभ्यासबारे सङ्क्षिप्त परिचय दिनुभएको थियो । त्यसपछि आर्थिक तथा पूर्वाधार विकास नीति केन्द्रका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल र सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीले संयुक्त रूपमा "नेपालमा स्टार्टअप, एमएसएमईहरू (MSMEs), औद्योगिक दिशा र प्रत्यक्ष वैदेशिक लगानीः अवसर, चुनौती र आगामी बाटो" विषयमा प्रस्तुतीकरण दिनुभएको थियो ।

प्रस्तुतीकरणपश्चात् भएको अन्तरक्रियामा सहभागीहरूले जनस्वास्थ्य वित्त, हरित औद्योगिक नीति, लगानी वातावरण, डिजिटल सुशासन, साइबर सुरक्षा, प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन, ऊर्जा रणनीति, मानव पुँजी विकास तथा संस्थागत सुधारजस्ता विषयमा प्रश्न र धारणा प्रस्तुत गरेका थिए । छलफलमा नेपालमा नवप्रवर्तन-आधारित, रोजगारमुखी तथा दिगो विकासका लागि प्रमाणमा आधारित नीति निर्माण र आर्थिक-पर्यावरणीय सन्तुलन आवश्यक रहेको विषयमा जोड दिइएको थियो ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा प्रवक्ता डा. खगनाथ अधिकारीले यस्ता अन्तरक्रियाले नीति संवादलाई सुदृढ गर्दै तथ्यमा आधारित निर्णय प्रक्रियालाई सहयोग पुऱ्याउने प्रतिष्ठानको प्रतिबद्धता पुनः व्यक्त गर्नुभएको थियो ।

४.१०.४ नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच पुस ३ गते प्रतिष्ठानको सभा हलमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओसहित पाँच सदस्यीय प्रतिनिधि मण्डल, काठमाडौंस्थित चिनियाँ दूतावासका प्रतिनिधि र २१ जना प्रतिष्ठानका अनुसन्धानकर्ता तथा कर्मचारीहरूको सहभागिता थियो । बदलिँदो परिस्थितिमा नेपाल र चीनका थिङ्क ट्याङ्कहरूबिचको अन्तरनिकाय ज्ञान हस्तान्तरण र आपसी सिकाइको लागि सहकार्यको सान्दर्भिकता अझ बढ्दै गएको र विश्वका विभिन्न थिङ्क ट्याङ्कहरूबिच सम्पर्क र समन्वय हुनु निकै महत्त्वपूर्ण रहेको सन्दर्भमा सो अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानबारेको परिचयात्मक प्रस्तुतिपश्चात् शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओले नीति अनुसन्धान प्रतिष्ठानमा भएको अन्तरक्रिया निकै महत्त्वपूर्ण भएको बताउँदै आगामी दिनहरूमा शाङ्घाई इन्स्टिच्युटको प्रतिष्ठानसँग सहकार्य हुन आवश्यक रहेको पनि बताउनुभयो । साथै, उहाँले नेपालमा भर्खरै भएको राजनीतिक परिवर्तनपछि भूराजनीतिक प्रभावले नेपाल-चीन सम्बन्धमा पर्नसक्ने असरबारे पनि जिज्ञासा राख्नुभयो ।

कार्यक्रमको छलफल सत्रमा राज्य व्यवस्थामा युवा लगायत सबैको बढ्दो सहभागिता र राज्य सञ्चालनमा सहभागी निर्वाचित प्रतिनिधिहरू र कर्मचारीवर्गलाई सुशासन तथा जवाफदेहिताको आयाम अझ सबल बनाउने किसिमका नीतिगत अभ्यास स्थापित गरिनुपर्नेमा जोड दिइएको थियो । साथै, सो कार्यक्रममा दुवै पक्षले अनुसन्धान संस्थाहरूलाई थप प्रभावकारी बनाउनेमा जोड दिएको थियो ।

४.१०.५ नीति अनुसन्धान प्रतिष्ठानमा पेकिङ विश्वविद्यालयको अध्ययन टोलीको भ्रमण

नेपाल भ्रमणमा रहेको चीनको पेकिङ विश्वविद्यालय अन्तर्गतको स्कुल अफ फरेन ल्याङ्ग्वेजको १२ सदस्यीय टोलीले साउन २२ गते नीति अनुसन्धान प्रतिष्ठानको भ्रमण गरी एक सङ्क्षिप्त अन्तरक्रिया गरेको छ । उक्त टोलीको नेतृत्व पेकिङ विश्वविद्यालयका उपाध्यक्ष प्रा.डा. निङ छीले गर्नुभएको थियो । भ्रमणको मुख्य उद्देश्य संस्थागत अनुभवहरू आदानप्रदान गर्नुका साथै नीति अनुसन्धान प्रतिष्ठान र पेकिङ विश्वविद्यालयबिच सहकार्य र सहलगानीको सम्भावना अन्वेषण गर्नु रहेको थियो ।

उक्त अन्तरक्रिया सत्रको सञ्चालन नीति अनुसन्धान प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा पेकिङ विश्वविद्यालयको स्कुल अफ फरेन ल्याङ्ग्वेजका १२ सदस्य र नीति अनुसन्धान प्रतिष्ठानका ३० प्रतिनिधि गरी कार्यक्रममा कुल ४२ जनाको सहभागिता थियो ।

नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत मन्तव्यमा नेपालको सरकारी थिङ्क ट्याङ्क र पेकिङ विश्वविद्यालयबिच विविध कार्यक्रम, अध्ययन भ्रमण, गोष्ठी, तालिम तथा संयुक्त अनुसन्धान मार्फत थिङ्क ट्याङ्कहरूको क्षमता विकास; नीति निर्माण तथा प्रमाणमा आधारित निर्णय प्रक्रियालाई प्रवर्धन गर्ने अत्याधुनिक प्रविधिहरूको प्रयोग र द्विपक्षीय तथा बहुपक्षीय विषयहरू संयुक्त अनुसन्धान सहकार्यका सम्भावित क्षेत्रहरू हुनसक्ने राय व्यक्त गर्नुभयो । उहाँले चीनको नीति अनुभवहरूबाट सिक्न प्रतिष्ठान इच्छुक रहेको कुरामा जोड दिँदै सहकार्यले पारस्परिक विकास र सद्भावनामा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

प्रा. निङ छीले नीति अनुसन्धान प्रतिष्ठानद्वारा गरिएको आत्मीय स्वागतप्रति धन्यवाद ज्ञापन गर्दै आफ्नो दक्षिण एसिया भ्रमणको उद्देश्य, विशेषगरी अनिश्चितताको समयमा चीन र दक्षिण एसियाली देशहरूबिचको सहकार्यसम्बन्धी चलिरहेको अनुसन्धानको बारेमा जानकारी गराउनुभयो । प्रा.डा. निङले नेपाल र चीनबिचको दृढ र दीर्घकालीन सम्बन्धलाई स्वीकार गर्दै भविष्यमा सहकार्यका व्यावहारिक सम्भावनाहरूको पहिचान गर्न इच्छुक रहेको बताउनुभयो ।

कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले नीति अनुसन्धान प्रतिष्ठानको उद्देश्य, संरचना, अनुसन्धानको प्राथमिकता र नीतिगत तहमा पुऱ्याएको योगदानबारे सङ्क्षिप्त प्रस्तुति दिँदै प्रतिष्ठानद्वारा गरिएका अनुसन्धान र National Institute of International Strategy of the Chinese Academy of Social Sciences (NIIS CASS) सँग यसअघि सम्पन्न गरिएको संयुक्त गोष्ठी र समझदारीपत्र लगायत वर्तमानमा भइरहेका सहकार्यका पहलहरूको बारेमा जानकारी गराउनुभयो ।

४.११ सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार

प्रतिष्ठानले नीतिसँग सम्बन्धित सामग्रीहरूको पहुँचलाई सहजीकरण गर्न सार्वजनिक नीति स्रोतकेन्द्र (पुस्तकालय) को स्थापना गरी सो केन्द्र संस्थागत हुँदैआएको छ । पुस्तकालयमा नीति अनुसन्धान प्रतिष्ठानका सबै प्रकाशनहरू, सरकारका कानुन, नियमावली, निर्देशिका र नीति तथा कार्यक्रमका दस्ताबेजहरूको सङ्ग्रह, विश्वविद्यालयले जारी गरेका नीतिसँग सम्बन्धित कार्यपत्र र प्रकाशनहरू, निजी वा सार्वजनिक अनुसन्धान केन्द्रका सान्दर्भिक प्रकाशनहरू, सन्धिहरू, अन्तर्राष्ट्रिय सीमा निर्धारणका अभिलेख र नक्साहरू, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरूका प्रतिलिपिहरू, ऐतिहासिक महत्त्वका दस्ताबेजहरू र गैरसरकारी क्षेत्रका महत्त्वपूर्ण प्रकाशनहरूका सङ्ग्रहहरू छन्। यस अवधिमा पुस्तकालयमा निम्नानुसारका सामग्रीहरू सङ्ग्रह गरिए ।

तालिका ४.१: आ.व. २०८२/८३ मा प्रतिष्ठानको नीति स्रोतकेन्द्रमा सङ्ग्रह गरिएका सार्वजनिक नीतिसम्बन्धी सामग्रीहरूको विवरण

क्र.सं.	स्रोतहरू	सङ्ख्या
१	पुस्तक (छापा-विद्युतीय)-जर्नल	४२५
२	मन्त्रिपरिषद्का निर्णयहरू	३९
३	नीति-ऐन-नियमावली	५०
४	समाचारपत्रहरू	७४३
५	समाचारका क्लिप्स	१२१
६	श्रव्य/श्रव्य-दृश्य सामग्री	३८
७	पावरपोइन्ट प्रस्तुतीकरण	३२
८	फोटो	१,७८१
९	प्रतिवेदन र अन्य	२९४
जम्मा		३,५२४

४.१२ कर्मचारी तथा इन्टर्नहरूको नियुक्ति

प्रतिष्ठानमा वरिष्ठ सहायक र गठन आदेश अनुसार नियुक्त गरिनुपर्ने इन्टर्नहरूको पदहरू रिक्त रहेको सन्दर्भमा प्रतिष्ठानले यस अवधिमा निम्नानुसारका जम्मा आठ जना नियुक्ति गऱ्यो । नवनियुक्त कर्मचारी तथा इन्टर्नहरूको पद-सङ्ख्या निम्नानुसार छ ।

तालिका ४.२: नवनियुक्त कर्मचारी तथा इन्टर्नहरूको पद-सङ्ख्या

क्र.सं.	पद	सङ्ख्या
१	वरिष्ठ सहायक	१
२	इन्टर्न	७
जम्मा		८

४.१३ नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू

आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३० ले सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाइने उल्लेख भएबमोजिम उक्त प्रावधानलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा नेपाल सरकारले नीति प्रयोगशाला (Policy Lab) स्थापना गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भई २०८१ फागुनदेखि कार्यान्वयनमा आएको उक्त प्रयोगशालाको उद्देश्य निम्नानुसार छन्:

- नेपाल सरकारका मन्त्रालय-निकायहरूबाट प्राप्त भएका नयाँ नीति तर्जुमा र संशोधनसम्बन्धी विषयमा सैद्धान्तिक सहमति प्रदान गर्ने,
- प्राप्त भएका नीतिको अन्य सम्बन्धित नीतिहरूसँग सामन्जस्य, एकरुपता र अन्तरसम्बन्ध कायम गर्न निर्देशन प्रदान गर्ने,
- नीति कार्यन्वयनका क्रममा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गरी सुधारका लागि सहजीकरण गर्ने,
- अध्ययन अनुसन्धान गर्नुपर्ने विभिन्न समसामयिक नीतिगत विषयहरूको पहिचान गरी सम्बन्धित निकायहरूलाई अध्ययन अनुसन्धान गराउन निर्देशन दिने,
- अध्ययन अनुसन्धानबाट प्राप्त हुन आएका निष्कर्षलाई भविष्यमा नयाँ नीति निर्माणको क्रममा उपयोग गर्ने

नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा ९ जनाको नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको बैठकमा निरन्तर सहभागी भई कार्य गर्दैआएको छ । नीति

प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई (हेर्नुहोस् तालिका ४.३) प्रतिष्ठानले विभिन्न नौ वटा नीतिहरूउपर आफ्ना राय सुझाव दिएको थियो ।

छलफलमा सहभागी हुनुपूर्व सम्बन्धित नीतिहरूमा राय सुझावका लागि प्रतिष्ठानले सम्बन्धित विधामा दखल राख्ने अनुसन्धान समूहका अध्येताहरूको आन्तरिक रूपमा अध्ययन टोली गठन गरी राय सुझाव तय गर्दै आएको छ ।

तालिका ४.३ः नीति प्रयोगशाला निर्देशक समितिको बैठक र छलफलको विवरण

क्र.सं.	नीति प्रयोगशाला निर्देशक समितिको बैठक मिति	छलफल भएको राष्ट्रिय नीति
१	२०८२ साउन ९	▸ व्यक्तिगत डाटा संरक्षण नीति, २०८२
२	२०८२ साउन २३	▸ राष्ट्रिय भू-उपग्रह नीति, २०८२ ▸ सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ ▸ राष्ट्रिय सडक सुरक्षा नीति, २०८२
३	२०८२ साउन २८	▸ वित्तीय क्षेत्र विकास रणनीति, २०८२/८३-२०८६/८७ ▸ तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति, २०८२-२०८७
४	२०८२ कार्तिक १८	▸ राष्ट्रिय कृषि नीति, २०८२
५	२०८३ असार १५	▸ राष्ट्रिय संस्कृति नीति, २०८३ ▸ राष्ट्रिय झोलुङ्गेपुल नीति, २०८२

४.१४ बोर्ड र नीतिगत मामिला पहिचान समितिको बैठक

आ.व. २०८२/८३ मा नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (बोर्ड) को दुई वटा बैठकहरू (६४औँ र ६५औँ) सम्पन्न भई उक्त बैठकहरूले विविध विषयहरूमा निर्णयहरू लिएको छ । त्यसैगरी, यस आर्थिक वर्षमा नीतिगत मामिला पहिचान समितको पाँच वटा बैठकहरू (४७औँ देखि ५१औँ सम्म) सम्पन्न भई उक्त बैठकहरूले विविध विषयहरूमा निर्णय लिएको छ ।

४.१५ तथ्याङ्कमा समग्र कार्यसम्पादन तथा उपलब्धिहरू

प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ मा र आफ्नो स्थापना कालदेखि आर्थिक वर्ष २०८२/८३ सम्म सम्पन्न गरेका तथ्याङ्कीय प्रस्तुति तालिका ४.४ मा दिइएको छ ।

तालिका ४.४: आ.व. २०८२/८३ सम्म सम्पन्न कार्यहरूको विवरण

क्र. सं.	विवरण	आ.व. २०८२/८३	आ.व. २०८२/८३ सम्मको कुल
१	नेपाल सरकार तथा सम्बन्धित निकायहरूसमक्ष नीति सिफारिस पेस	३	४५
२	मस्यौदा नीति, ऐन तथा नियमावली सुधारका लागि पृष्ठपोषण पेस	८	१५
३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको नीति प्रयोगशालामा विभिन्न नीतिका अन्तिम मस्यौदाहरूमा भएका बैठकहरूमा सहभागी भई दिइएका नीति सुझावहरू (बैठक सङ्ख्या-सुझाव दिएका नीति सङ्ख्या)	५-९	९-१९
४	अनुसन्धान प्रतिवेदन	४	३७
५	सम्पादित सँगालो	२	२
६	नीति समीक्षा प्रतिवेदन	२	२
७	परियोजना समीक्षा प्रतिवेदन	०	१
८	नीति सङ्क्षेप	१	९
९	अनुसन्धान सङ्क्षेप	०	१३
१०	सोचपत्र	३	१२
११	छलफलपत्र	०	३
१२	कार्यपत्र	०	१
१३	स्रोत पुस्तिका	०	१
१४	वार्षिक प्रतिवेदन	१	५
१५	नीति सिफारिस सँगालो	०	३

क्र. सं.	विवरण	आ.व. २०८२/८३	आ.व. २०८२/८३ सम्मको कुल
१६	नीति पृष्ठपोषण सँगालो	०	१
१७	अन्य प्रकाशनहरू (अर्धवार्षिक बुलेटिन, अनुसन्धान सङ्क्षेप सँगालो, कार्यक्रम प्रतिवेदन र अन्यसमेत)	४	३०
१८	जर्नल भौतिक प्रकाशन-आलेख सङ्ख्या	१-८	५-५९
१९	संस्थागत सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर	१	१९
२०	सार्वजनिक नीति संवाद	१७	१२१
२१	नीति प्रवचन	६	२०
२२	अभिमुखीकरण	१	७
२३	क्षमता विकास तालिम-कार्यशाला	०	४
२४	सहकार्य र समन्वयका लागि बैठक एवम् अन्तरक्रिया	१६	६०
२५	रेडियो कार्यक्रम प्रसारण	०	१०२
२६	सार्वजनिक नीति स्रोत केन्द्र (पुस्तकालय) मा ज्ञान सामग्रीहरूको सङ्कलन र सङ्ग्रह	३,५२४	२८,५३८
२७	संस्थागत कार्यविधि निर्देशिका र सम्बन्धित औजारहरूको परिमार्जन	०	२७
२८	बोर्ड बैठक सङ्ख्या	२	६५
२९	नीतिगत मामिला पहिचान समितिको बैठकका सङ्ख्या	५	५१
३०	अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समितिको बैठक सङ्ख्या	०	२७

परिच्छेद ५

समस्या, चुनौती र अवसर

नीति अनुसन्धान प्रतिष्ठानले स्थापनापश्चात् नेपालमा नीति अनुसन्धान, नीति विश्लेषण तथा प्रमाणमा आधारित नीति सुझाव प्रदान गर्ने क्षेत्रमा आफ्नो संस्थागत उपस्थिति विस्तार गर्दै आएको छ । यद्यपि, यसको संस्थागत विकास र प्रभावकारितासँग सम्बन्धित विभिन्न संरचनागत, कार्यगत तथा स्रोतसम्बन्धी चुनौतीहरू अझै विद्यमान छन् । नेपालमा प्रमाणमा आधारित नीति निर्माणप्रति बढ्दो चासो, बहुतह शासन प्रणालीको विस्तार, तथा नीति अनुसन्धान संस्थाहरूको सुदृढीकरणप्रति राज्यको प्राथमिकताले प्रतिष्ठानका लागि नयाँ अवसरहरू पनि सिर्जना गरेका छन् । यस सन्दर्भमा प्रतिष्ठानले सामना गरिरहेका प्रमुख समस्या, चुनौती र सम्भावित अवसरहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

५.१ समस्या र चुनौतीहरू

१) प्रतिष्ठानले प्रारम्भिक सञ्चालन चरणमा संस्थागत अनुभव र कार्यसम्पादन क्षमता विकास गरे तापनि प्रतिष्ठान अझै दीर्घकालीन संस्थागत परिपक्वता हासिल गर्ने प्रक्रियामै रहेको देखिन्छ ।

२) प्रतिष्ठानलाई आफ्नो प्रथम रणनीतिक योजनाले माग गरेको अनुपातमा अत्यन्त कम बजेट विनियोजन भएको कारण दीर्घकालीन, बहुविषयक र गहन नीति अनुसन्धानलाई निरन्तरता दिन कठिनाइ रहेको छ ।

३) दक्ष, अनुभवी तथा विषयगत विशेषज्ञता भएका अनुसन्धान जनशक्ति आकर्षित गर्ने, उनीहरूलाई संस्थामा टिकाइ राख्ने तथा अनुसन्धान अनुकूल पेसागत वातावरण निर्माण गर्ने क्षमता अझै पर्याप्त रूपमा विकास हुन सकेको छैन ।

४) फिल्डमा आधारित तथा तथ्याङ्क सङ्कलन केन्द्रित अनुसन्धानका लागि हालको बजेट र जनशक्ति पर्याप्त नभएकाले अनुसन्धानसँग सम्बन्धित स्थानीय तहको तथ्याङ्क, यथार्थ, नागरिक अनुभव तथा क्षेत्रगत समस्याहरूलाई पर्याप्त रूपमा अनुसन्धानमा समेट्न चुनौती रहेको छ ।

५) संस्थाको कार्यक्षेत्र समेतका कारणले सङ्घीय, प्रदेश तथा स्थानीय तहबिचको समन्वय प्रणाली अझै पर्याप्त सुदृढ हुन नसक्दा बहुतह शासन संरचनासँग नीति अनुसन्धानको प्रभावकारी सम्बन्ध निर्माण गर्न कठिनाइ भइरहेको छ ।

६) प्रतिष्ठानले नेपाल सरकारलाई दिने नीति सिफारिसहरूको कार्यान्वयनका लागि प्रतिष्ठान र सरकारी तहहरूबिचको समन्वय र सहकार्यमा थप सुधार गर्नु पर्ने देखिन्छ । मुख्यगरी क्षेत्रगत मन्त्रालयहरूबाट प्राप्त हुने नीति मस्यौदाहरूको पृष्ठपोषण तथा सुझावहरूका लागि आवश्यक न्यूनतम समयावधि राखेर माग गर्ने हुँदा सरोकारवालाहरूको धारणा समेत समावेश गरेर पृष्ठपोषण गर्न कठिनाइ भएको छ ।

७) अनुसन्धान प्रतिवेदन र नीति सुझावहरू सरकारी निर्णय प्रक्रियामा कुन हदसम्म प्रयोग भए भन्ने विषयमा व्यवस्थित पृष्ठपोषण प्रणालीको अभाव रहेको छ ।

८) अनुसन्धान पूर्वाधार, डेटा पहुँच, डिजिटल अनुसन्धान प्रणाली तथा प्राविधिक स्रोत साधनका दृष्टिले प्रतिष्ठान अझै अन्तर्राष्ट्रिय स्तरका अनुसन्धान संस्थाहरूको तुलनामा कमजोर अवस्थामा रहेको देखिन्छ ।

९) न्यून बजेट र प्रतिष्ठानमा आफ्नै अक्षयकोष निर्माण हुन नसकेकाले अन्तर्राष्ट्रिय स्तरका थिङ्क ट्याङ्कहरूको समन्वय, सहकार्य र अनुभवका आधारमा प्रतिष्ठानले आफूलाई थप प्रभावी, पेसागत र प्रतिस्पर्धी बनाउने कार्य सहज हुन सकेको छैन ।

५.२ अवसरहरू

१) नेपालमा प्रमाणमा आधारित नीति निर्माणप्रति सरकार र सार्वजनिक संस्थाहरूको चासो तथा प्रतिबद्धता क्रमशः बढ्दै गएको छ, जसले नीति अनुसन्धान संस्थाहरूको भूमिका विस्तार गर्ने अनुकूल वातावरण सिर्जना गरेको छ ।

२) नीति अनुसन्धान र ज्ञानमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउने दिशामा राज्यले संस्थागत सुधार र नीति संस्थाहरूको क्षमतावृद्धिलाई प्राथमिकतामा राख्न थालेको देखिन्छ ।

३) प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत स्थापना गरिएको नीति प्रयोगशालामा प्रतिष्ठानको समन्वयात्मक तथा बौद्धिक भूमिकाको परिकल्पनाले प्रतिष्ठानको रणनीतिक महत्त्वलाई थप बढाएको छ ।

४) नीति प्रयोगशालाको अवधारणाले अनुसन्धान, नीति परीक्षण, नवप्रवर्तन तथा सुधार प्रक्रियालाई प्रत्यक्ष रूपमा सरकारी निर्णय प्रक्रियासँग जोड्ने अवसर प्रदान गरेको छ ।

५) सङ्घीयता कार्यान्वयनसँगै सङ्घीय, प्रदेश तथा स्थानीय तहमा नीति अनुसन्धान, तथ्य विश्लेषण तथा प्रमाणमा आधारित निर्णय प्रक्रियाको आवश्यकता बढ्दै गएकाले प्रतिष्ठानका लागि कार्यक्षेत्र विस्तारको सम्भावना सिर्जना गरेको छ ।

६) संसदीय समितिहरू, संवैधानिक आयोगहरू तथा विषयगत सरकारी निकायहरूसँगको सहकार्य विस्तार गरी नीति निर्माण र विधायन प्रक्रियामा अनुसन्धानमा आधारित योगदान बढाउन सकिने अवसर रहेको छ ।

७) अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरू, विश्वविद्यालयहरू तथा थिङ्क ट्याङ्कहरूसँग संयुक्त अनुसन्धान, ज्ञान आदानप्रदान तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना बढ्दै गएको छ ।

८) क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नीति संवादमा सहभागिता विस्तार मार्फत नेपालको नीति अनुसन्धान क्षमतालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने अवसर पनि उपलब्ध हुँदै गएको छ ।

९) डिजिटल प्रविधि, कृत्रिम बौद्धकता, डेटा प्रणाली, खुला ज्ञान सञ्जाल तथा अनुसन्धान सहकार्यका नयाँ माध्यमहरूले अनुसन्धानको पहुँच, प्रभाव र गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याउन सक्छन् ।

१०) शासन, सङ्घीयता, सार्वजनिक सेवा, आर्थिक रूपान्तरण, जलवायु परिवर्तन, सामाजिक समावेशीकरण तथा विकास व्यवस्थापनजस्ता जटिल नीतिगत क्षेत्रमा बढ्दो अनुसन्धान आवश्यकताले प्रतिष्ठानको सान्दर्भिकता अझ विस्तार गर्ने सम्भावना देखिन्छ ।

अनुसूचीहरू

अनुसूची १: नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३

खण्ड ७६) संख्या २१ नेपाल राजपत्र भाग ३ मिति २०८३।०३।३२

भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर १०

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन)

(दोस्रो संशोधन) आदेश, २०८३

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा २ मा संशोधनः** नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेको "कार्यकारी" भन्ने शब्द झिकिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) को ठाउँ ठाउँमा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष	-अध्यक्ष
(ख) राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य	-सदस्य
(ग) त्रिभुवन विश्वविद्यालयको उपकुलपति	-सदस्य
(घ) अध्ययन, अनुसन्धानमा संलग्न विज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना	-सदस्य"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम सदस्य नियुक्ति गर्दा" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम सदस्य मनोनयन गर्दा" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (४) मा रहेका "उपदफा (२) बमोजिम नियुक्त" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) मा रहेका "कुनै सदस्यको" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (६) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल आदेशको दफा ४ मा संशोधन** : मूल आदेशको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "सदस्य पदमा नियुक्ति" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सदस्य पदमा नियुक्त" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल आदेशको दफा ५ मा संशोधन** : मूल आदेशको दफा ५ को,-

(१) उपदफा (१) मा रहेको "सदस्यको" भन्ने शब्दको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा रहेको "नियुक्ति" भन्ने शब्दको सट्टा "मनोनीत" भन्ने शब्द राखिएको छ।

६. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को,-

(१) उपदफा (२) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (४) मा रहेका "उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको" भन्ने शब्दहरूको सट्टा "अध्यक्षले तोकेको कुनै" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (६) मा रहेका "वरिष्ठ अधिकृत" भन्ने शब्दहरूको सट्टा "सचिव वा अन्य वरिष्ठ अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. **कार्यकारी निर्देशक** : (१) समितिको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र समितिको कार्यसम्पादनमा अध्यक्ष तथा समितिका सदस्यलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्यशास्त्र, इतिहास, संस्कृति, भूगोल, कानून वा अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका व्यक्तिहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येबाट समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) कार्यकारी निर्देशकको छनोट विधि तथा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुँदासम्मको लागि यो आदेश जारी हुनुअघि कार्यरत कार्यालय प्रबन्धकले कार्यकारी निर्देशकको रूपमा काम गर्नेछ।

(४) कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ र निज पुनः एकपटक नियुक्त हुन सक्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिनेछैन।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

(७) अध्यक्षको निर्देशनमा कार्यालयको व्यवस्थापन र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल आदेशको दफा ९ मा संशोधन** : मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकार अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको समग्र व्यवस्थापन, सञ्चालन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,

(ग) दफा १७ बमोजिम कायम गरिएको विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,

(घ) प्रतिष्ठानको अध्ययन वा अनुसन्धान गर्ने विषयको छनोट गरी त्यसको कार्य क्षेत्रगत सर्त (टर्म्स अफ रेफरेन्स) सहित समितिमा पेस गर्न लगाउने,

(ङ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरिवेक्षण गरी आवश्यकताअनुसार निर्देशन दिने,

(च) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सङ्घ, संस्थासँग सम्पर्क राख्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।"

९. **मूल आदेशको दफा ९क. मा संशोधन** : मूल आदेशको दफा ९क. को उपदफा (२) को खण्ड (ख) मा रहेको "अध्यक्षलाई" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशकलाई" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल आदेशको दफा १४ मा संशोधन** : मूल आदेशको दफा १४ को उपदफा (७) मा रहेको "अध्यक्ष" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

११. **मूल आदेशको दफा २३ मा संशोधन** : मूल आदेशको दफा २३ मा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

१२. **खारेजी** : मूल आदेशको दफा ११ खारेज गरिएको छ।


आज्ञाले,

पुष्कर सापकोटा

नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २: प्रतिष्ठानको सङ्गठनात्मक संरचना



अनुसूची ३: आ.व. २०८२/८३ मा प्रतिष्ठानबाट प्रकाशित अध्ययन तथा अन्य संस्थागत सामग्रीहरूको सूची

क्र. सं.	नीअप्र प्रकाशन सङ्ख्या सङ्केत	प्रकाशनको नाम	प्रकाशनको माध्यम	प्रकाशनको भाषा	प्रकाशनको किसिम
१	१०६	नीअप्र बुलेटिन वर्ष ५, अङ्क १	अनलाइन	नेपाली	संस्थागत बुलेटिन
२	१०७	नेपाली अर्थतन्त्रको बहुआयामिक क्षेत्रः पूर्वाधार निर्माण, कृषि, उद्योग, पर्यटन तथा सार्वजनिक सेवाप्रवाह	अनलाइन र छापा	नेपाली	सोचपत्र
३	१०८	नीअप्र बुलेटिन वर्ष ५, अङ्क २	अनलाइन	नेपाली	संस्थागत बुलेटिन
४	१०९	नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक प्रतिवेदन आ.व. २०८१/८२	अनलाइन र छापा	नेपाली	वार्षिक प्रतिवेदन
५	११०	नेपालमा सामाजिक सद्भाव (मधेशको सन्दर्भ)	अनलाइन र छापा	नेपाली	सोचपत्र
६	१११	Nepal's Journey Towards Zero Hunger: The Triple Challenge of Food Security, Food Self-Sufficiency and Economic Prosperity	अनलाइन र छापा	अङ्गेजी	अनुसन्धान प्रतिवेदन
७	११२	Transforming Nepal Through Structural Reforms	अनलाइन र छापा	अङ्गेजी	सम्पादित सङ्गालो
८	११३	स्थानीय तहमा न्यायिक समितिको कार्यप्रभावकारिता अभिवृद्धिका उपायहरू	अनलाइन	नेपाली	नीति सङ्क्षेप
९	११४	जलविद्युत् विकास नीति, २०५८ (२००१): समीक्षा र भविष्यका लागि मार्गदर्शन	अनलाइन र छापा	नेपाली	नीति समिक्षा प्रतिवेदन
१०	११५	संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता	अनलाइन र छापा	नेपाली	सोचपत्र

क्र. सं.	नीअप्र प्रकाशन सङ्ख्या सङ्केत	प्रकाशनको नाम	प्रकाशनको माध्यम	प्रकाशनको भाषा	प्रकाशनको किसिम
११	११६	Moving Towards a Shared Future: Review of and Prospects for Nepal-China Strategic Partnership of Cooperation	अनलाइन र छापा	अङ्गेजी	सेमिनार प्रतिवेदन
१२	११७	नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस	अनलाइन र छापा	नेपाली	सम्पादित सँगालो
१३	११८	गैरपरम्परागत सुरक्षाः नेपालमा ऊर्जा सुरक्षाको परिदृश्य	अनलाइन र छापा	नेपाली	अनुसन्धान प्रतिवेदन
१४	११९	नीअप्र बुलेटिन वर्ष ६, अङ्क १	अनलाइन	नेपाली	संस्थागत बुलेटिन
१५	१२०	राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा	अनलाइन र छापा	नेपाली	नीति समिक्षा प्रतिवेदन
१६	१२१	नेपालमा नदीजन्य निर्माण सामग्रीको दिगो र वातावरणमैत्री उत्खननः नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन	अनलाइन र छापा	नेपाली	अनुसन्धान प्रतिवेदन
१७	१२२	विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू	अनलाइन र छापा	नेपाली	अनुसन्धान प्रतिवेदन

अनुसूची ४: आ.व. २०८२/८३ मा मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययनहरूको विवरण

क्र. सं.	नीति अध्ययन केन्द्र	परियोजना	अवस्था
१	आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र	१.१ Infrastructure and economic development in Nepal: Scaling up Investment and reinforcing linkages	प्रकाशोन्मुख
		१.२ Efficiency and effectiveness of public expenditure management system in Nepal: Review of performance and way forward	प्रकाशोन्मुख
		१.३ Examining the alignment between monetary policy and fiscal policy for promoting sustainable economic development in Nepal	प्रकाशोन्मुख
		१.४ A Strategic Direction for Industrial Development in Nepal: Evidence from the Key Industrial Sectors	आन्तरिक समीक्षामा
		१.५ Foreign direct investment commitment and its realization	आन्तरिक समीक्षामा
		१.६ राष्ट्रिय आवास नीति २०६८ को पुनरावलोकन	आन्तरिक समीक्षामा
		१.७ नेपालमा अनौपचारिक अर्थतन्त्रका अवस्था, चुनौती र यसका औपचारिकीकरणको मार्गचित्र	आन्तरिक समीक्षामा
		१.८ नेपालमा आन्तरिक रोजगारी र युवाका लागि अवसर सिर्जना (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		१.९ नेपालमा विद्युतीय सवारीका अवसर र चुनौतीहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
२	शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र	२.१ नेपालमा निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधार	आन्तरिक समीक्षामा
		२.२ विद्यालय शिक्षा सुधारका लागि शिक्षकको क्षमता अभिवृद्धि	आन्तरिक समीक्षामा
		२.३ संसदीय समितिका निर्देशनहरू कार्यान्वयन हुन नसक्नुका कारणहरू	आन्तरिक समीक्षामा
		२.४ Prospects and challenges of e-governance in Nepal: Citizen's perspectives	प्रकाशोन्मुख

क्र. सं.	नीति अध्ययन केन्द्र	परियोजना	अवस्था
		२.५ निजामती सेवामा उत्प्रेरणाको अवस्था	प्रकाशोन्मुख
		२.६ Epidemic management in Nepal: An inquiry into policy issues and crisis	आन्तरिक समीक्षामा
		२.७ प्रदेश सभाको विधायिकी कार्यसम्पादन अध्ययन	प्रकाशोन्मुख
		२.८ स्थानीय तहको कानुन निर्माण र सोको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन	प्रकाशोन्मुख
		२.९ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्य योजना २०७७ को समीक्षा	आन्तरिक समीक्षामा
		२.१० रोजगारी प्रवर्धन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रयास, विद्यमान समस्या र सुधारका पक्षहरू	आन्तरिक समीक्षामा
		२.११ पिछडिएको वर्गको पहिचानका आधारहरू	आन्तरिक समीक्षामा
		२.१२ विपन्न खस आर्य पहिचानका आधारहरू	आन्तरिक समीक्षामा
		२.१३ सामाजिक सुरक्षा प्रणालीको एकीकरणका लागि सुझावहरू	आन्तरिक समीक्षामा
		२.१४ न्याय प्रणालीको वर्तमान अवस्था र भावी रूपरेखा	आन्तरिक समीक्षामा
		२.१५ राष्ट्रिय चलचित्र नीति, २०७१ को समीक्षा	आन्तरिक समीक्षामा
		२.१६ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को समीक्षा	आन्तरिक समीक्षामा
		२.१७ विश्वविद्यालयहरूको शासकीय प्रणालीमा सुधारका उपायहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		२.१८ अन्तरसरकारी समन्वयका संयन्त्रहरूको कार्यसम्पादन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		२.१९ नेपालमा जेन-जीः युवा लक्षित कार्यक्रमका प्राथमिकताहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		२.२० नेपालमा ज्येष्ठ नागरिकको स्याहार-सुसारसम्बन्धी नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		२.२१ नेपालमा जनस्वास्थ्य शिक्षाको अवस्था र सुधारका उपायहरू (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा

क्र. सं.	नीति अध्ययन केन्द्र	परियोजना	अवस्था
३	परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र	३.१ नेपालमा नागरिक-सेना सम्बन्ध	आन्तरिक समीक्षामा
		३.२ भारतको अग्निपथ योजनामा नेपाली नागरिकहरूको भर्तीको प्रश्न	आन्तरिक समीक्षामा
		३.३ गैरआवासीय नागरिकता प्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन	आन्तरिक समीक्षामा
		३.४ बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरू	आन्तरिक समीक्षामा
		३.५ Identification, promotion, and utilization of resources of soft power to achieve Nepal's foreign policy objectives	आन्तरिक समीक्षामा
		३.६ नेपालमा साइबर अपराधको अवस्था, यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव र नियन्त्रणका उपायहरू	आन्तरिक समीक्षामा
		३.७ सङ्कटपूर्ण अवस्थामा प्रवासी नेपालीहरूको उद्धार (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		३.८ नेपाल र चीनबिचको रणनीतिक साझेदारीसम्बन्धी अध्ययन (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		३.९ मानव सुरक्षाको सन्दर्भमा सडक सुरक्षाः सडक दुर्घटनाका कारण र निवारण (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		३.१० वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सीप/तालिम कार्यक्रमको प्रभावकारिता (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
४	प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र	४.१ विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणालीको राष्ट्रिय सूचीकरणको रूपरेखा	आन्तरिक समीक्षामा
		४.२ जनस्वास्थ्य प्रयोगशाला नीति २०५९ को समीक्षा	आन्तरिक समीक्षामा
		४.३ National policy development framework for agriculture research in Nepal	आन्तरिक समीक्षामा
		४.४ नेपालको कृषि क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन	आन्तरिक समीक्षामा
		४.५ राष्ट्रिय बीउ बिजन नीति २०५६ को समीक्षा	आन्तरिक समीक्षामा
		४.६ नेपालका व्यावसायिक प्रतिष्ठानहरूमा नवप्रवर्तनको क्षमता र अवस्थाको मापन	आन्तरिक समीक्षामा
		४.७ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयामः कृषि भूमिको आदर्श उपयोग निर्धारण	चालु

क्र. सं.	नीति अध्ययन केन्द्र	परियोजना	अवस्था
		४.८ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयामः समग्र भूमि नीतिको समीक्षा	चालु
		४.९ नेपालमा कृषि बीमा कार्यान्वयनको प्रभावकारिता सम्बद्ध समस्याहरू तथा समाधानका उपायहरू	आन्तरिक समीक्षामा
		४.१० खानेपानीको स्रोत विविधीकरण (source diversification) को रूपमा सानो र ठुलो आकारमा बर्सातको पानी सञ्चयन (rainwater harvesting) को सम्भावनासम्बन्धी अध्ययन	आन्तरिक समीक्षामा
		४.११ जलवायु परिवर्तनले राष्ट्रिय सुरक्षामा पार्ने दीर्घकालीन प्रभाव र न्यूनीकरणका उपाय	आन्तरिक समीक्षामा
		४.१२ नेपालको कृषि क्षेत्रको कमजोर प्रतिस्पर्धी क्षमताका कारणहरू र यसको प्रतिस्पर्धी क्षमता बढाउने सम्भावित उपायहरू	आन्तरिक समीक्षामा
		४.१३ राष्ट्रिय परमाणु नीति, २०६४ को अध्ययन तथा अनुसन्धान (नीति समीक्षा)	आन्तरिक समीक्षामा
		४.१४ Assessment of insurance-based approaches to human–wildlife conflict mitigation in Nepal (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		४.१५ Developing policy framework on biotoxicity (microtoxicity and nanotoxicology) in Nepal (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
		४.१६ नेपालमा खाद्य सुरक्षा र शून्य भोकमरीः अवस्था र आगामी रणनीति (नीति सङ्क्षेप)	आन्तरिक समीक्षामा
५	सूचना तथा ज्ञान व्यवस्थापन विभाग	५.१ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण तथा उनीहरूबाट अर्जित पुँजी, ज्ञान र सीपको उपयोगको सम्भावना	आन्तरिक समीक्षामा
		५.२ नेपालको संविधानमा दलितका लागि व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयन अवस्था, चुनौती र आगामी बाटो	आन्तरिक समीक्षामा
		५.३ Reflection on the culture of knowledge transfer among the civil servants in Nepal	प्रकाशोन्मुख
६	अनुसन्धान विभाग	६.१ सार्वजनिक सेवामा सदाचार प्रवर्धनका उपायहरू	आन्तरिक समीक्षामा
		६.२ २०४६ सालको परिवर्तनपछि श्रमिक तथा मजदुर वर्गको उत्थानका लागि राज्यले गरेका प्रयासहरूको समीक्षात्मक अध्ययन	आन्तरिक समीक्षामा
		६.३ राष्ट्रिय नीति तर्जुमा गर्ने सम्बन्धमा नीति तर्जुमाका महत्त्वपूर्ण चरणहरू समावेश भएको नीति तर्जुमा दिग्दर्शन तयार गर्ने (नीति अनुसन्धान)	आन्तरिक समीक्षामा

अनुसूची ५: आ.व. २०८२/८३ मा प्रतिष्ठानमा रही कार्य गर्ने कर्मचारी तथा इन्टर्नहरू

क्र.स.	नाम	पद
१	लक्ष्मण प्रसाद भट्टराई	कार्यालय प्रबन्धक/कार्यकारी निर्देशक
२	डा. हरि शर्मा न्यौपाने	वरिष्ठ अनुसन्धानकर्ता
३	डा. मोहन कुमार शर्मा	वरिष्ठ अनुसन्धानकर्ता
४	डा. दीपक कुमार खडका	वरिष्ठ अनुसन्धानकर्ता
५	डा. मुक्ति राम रिजाल	वरिष्ठ अनुसन्धानकर्ता
६	डा. खगनाथ अधिकारी	वरिष्ठ अनुसन्धानकर्ता
७	डा. कल्पना खनाल	वरिष्ठ अनुसन्धानकर्ता
८	डा. गिरी राज शर्मा	अनुसन्धानकर्ता
९	डा. निरन्जन देवकोटा	अनुसन्धानकर्ता
१०	डा. हरि प्रकाश चन्द	अनुसन्धानकर्ता
११	डा. प्रदिप पन्थी	अनुसन्धानकर्ता
१२	अशोक पाण्डे	अनुसन्धानकर्ता
१३	डा. झम कुमार विश्वकर्मा	सहअनुसन्धानकर्ता
१४	डा. मनिता कुसी	सहअनुसन्धानकर्ता
१५	डा. महेश्वर गिरी	सहअनुसन्धानकर्ता
१६	डा. सुबास अधिकारी	सहअनुसन्धानकर्ता
१७	गोपाल आचार्य	सहअनुसन्धानकर्ता
१८	दिपेन्द्र प्रसाद पन्त	सहअनुसन्धानकर्ता
१९	रीजा मानन्धर	सहअनुसन्धानकर्ता
२०	डा. देजिना थापा	विश्लेषक
२१	सोनिया बस्याल	विश्लेषक
२२	प्राञ्जल रिजाल	विश्लेषक
२३	सुधीर श्रेष्ठ	विश्लेषक
२४	मचा भाइ महर्जन	लेखा अधिकृत (२०८२ मङ्सिर १७ गतेदेखि अनिवार्य अवकाश)
२५	सीता न्यौपाने गैरे	लेखा अधिकृत
२६	कृष्ण प्रसाद वि.क.	शाखा अधिकृत

क्र.स.	नाम	पद
२७	विमल चन्द्र शर्मा	पुस्तकालय व्यवस्थापन संयोजक (२०८२ माघ २९ गते राजीनामा स्वीकृत)
२८	सञ्जु कुमारी सरबरिया	वरिष्ठ सहायक
२९	सुविन उलक	वरिष्ठ सहायक/ग्राफिक डिजाइनर
३०	गीता न्यौपाने	वरिष्ठ सहायक
३१	पर्वत भट्टराई	वरिष्ठ सहायक
३२	मिलन श्रेष्ठ	वरिष्ठ सहायक (२०८२ फागुन १ गते राजीनामा स्वीकृत)
३३	मणिश चन्द्र राई	वरिष्ठ सहायक
३४	सन्दु सुवेदी	इन्टर्न
३५	कुसुम ढुंगाना	इन्टर्न (२०८३ असार ३२ गते राजीनामा स्वीकृत)
३६	रोजिन राई	इन्टर्न (२०८३ जेठ १ गते राजीनामा स्वीकृत)
३७	सुलक्षा भण्डारी	इन्टर्न
३८	सृष्टिका न्यौपाने	इन्टर्न
३९	सुसन तामाङ	इन्टर्न
४०	राजु अधिकारी	इन्टर्न
४१	विष्णु भण्डारी	चालक
४२	पदमबहादुर जिरेल	चालक
४३	देउबहादुर गुरुङ	चालक (२०८२ पुस ३० गते राजीनामा स्वीकृत)
४४	पवित्रा घिमिरे	कार्यालय सहयोगी
४५	सङ्गीता ओझा	कार्यालय सहयोगी
४६	राजु पोडे	सरसफाइकर्मी

अनुसूची ६: प्रतिष्ठानको आ.व. २०८२/८३ को वित्तीय विवरण

म.ले.प. फाराम नं:२१३

नेपाल सरकार

वित्त अनुसन्धान प्रतिष्ठान

कार्यालय कोड नं : ३०१००३५०२

आर्थिक विवरण

आ.व.: २०८२/८३

बजेट उपशीर्षक नम्बर: ३०१००००१२३

आयोजना/कार्यक्रम नाम: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		शुरू बजेट / अख्तियारी	संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत वर्षको खर्च
	स्रोत व्यहोर्ने	भुक्तानी विधि	स्रोत व्यहोर्ने	भुक्तानी विधि		थप	घट					
21111पारिश्रमिक कर्मचारी					३९,५१३,०००.००	०.००	०.००	३९,५१३,०००.००	३८,९५२,४३३.८५	३८,९५२,४३३.८५	५६०,५६६.१५	०.००
1100001-नेपाल सरकार	01-नगद				३९,५१३,०००.००	०.००	०.००	३९,५१३,०००.००	३८,९५२,४३३.८५	३८,९५२,४३३.८५	५६०,५६६.१५	०.००
21112पारिश्रमिक पदाधिकारी					२,६६२,०००.००	०.००	०.००	२,६६२,०००.००	२,०२५,०००.००	२,०२५,०००.००	६३७,०००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				२,६६२,०००.००	०.००	०.००	२,६६२,०००.००	२,०२५,०००.००	२,०२५,०००.००	६३७,०००.००	०.००
21121पोशाक					१४०,०००.००	०.००	०.००	१४०,०००.००	११०,०००.००	११०,०००.००	३०,०००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१४०,०००.००	०.००	०.००	१४०,०००.००	११०,०००.००	११०,०००.००	३०,०००.००	०.००
21132महंगी भत्ता					२४,०००.००	३३,५००.००	०.००	५७,५००.००	५७,५००.००	५७,५००.००	०.००	०.००
1100001-नेपाल सरकार	01-नगद				२४,०००.००	३३,५००.००	०.००	५७,५००.००	५७,५००.००	५७,५००.००	०.००	०.००
21141पदाधिकारी बैठक भत्ता					३००,०००.००	०.००	०.००	३००,०००.००	२४,०००.००	२४,०००.००	२७६,०००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				३००,०००.००	०.००	०.००	३००,०००.००	२४,०००.००	२४,०००.००	२७६,०००.००	०.००
21213ओगदानमा आधारित बीमा कोष खर्च					५,०००.००	०.००	०.००	५,०००.००	४,६००.००	४,६००.००	४००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				५,०००.००	०.००	०.००	५,०००.००	४,६००.००	४,६००.००	४००.००	०.००
22111पानी तथा बिजुली					१,२००,०००.००	०.००	०.००	१,२००,०००.००	८१७,९६४.००	८१७,९६४.००	३८२,०३६.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१,२००,०००.००	०.००	०.००	१,२००,०००.००	८१७,९६४.००	८१७,९६४.००	३८२,०३६.००	०.००
22112संचार महसुल					८०३,०००.००	०.००	०.००	८०३,०००.००	६६५,१३८.००	६६५,१३८.००	१३७,८६२.००	०.००
1100001-नेपाल सरकार	01-नगद				८०३,०००.००	०.००	०.००	८०३,०००.००	६६५,१३८.००	६६५,१३८.००	१३७,८६२.००	०.००
22211इन्धन (पदाधिकारी)					२४०,०००.००	०.००	०.००	२४०,०००.००	१११,९४५.००	१११,९४५.००	१२८,०५५.००	०.००
1100001-नेपाल सरकार	01-नगद				२४०,०००.००	०.००	०.००	२४०,०००.००	१११,९४५.००	१११,९४५.००	१२८,०५५.००	०.००
22212इन्धन (कार्यालय प्रयोजन)					३००,०००.००	०.००	०.००	३००,०००.००	२९०,२९४.००	२९०,२९४.००	९,७०६.००	०.००
1100001-नेपाल सरकार	01-नगद				३००,०००.००	०.००	०.००	३००,०००.००	२९०,२९४.००	२९०,२९४.००	९,७०६.००	०.००
22213सवारी साधन मर्मत खर्च					४१०,०००.००	०.००	०.००	४१०,०००.००	३३८,७९६.००	३३८,७९६.००	७१,२०४.००	०.००
1100001-नेपाल सरकार	01-नगद				४१०,०००.००	०.००	०.००	४१०,०००.००	३३८,७९६.००	३३८,७९६.००	७१,२०४.००	०.००
22214बीमा तथा नवीकरण खर्च					२४०,०००.००	०.००	०.००	२४०,०००.००	१३९,२०९.००	१३९,२०९.००	११०,७९१.००	०.००
1100001-नेपाल सरकार	01-नगद				२४०,०००.००	०.००	०.००	२४०,०००.००	१३९,२०९.००	१३९,२०९.००	११०,७९१.००	०.००

Printed By: sita305

Printed Date: Jul 14, 2026 10:54 AM

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		बजेट / अख्तियारी	संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत वर्षको खर्च
	स्रोत व्यहोर्ने	भुक्तानी विधि	स्रोत व्यहोर्ने	भुक्तानी विधि		थप	घट					
22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च					६००,०००.००	०.००	०.००	६००,०००.००	५९७,८०३.००	५९७,८०३.००	२,१९७.००	०.००
1100001-नेपाल सरकार	01-नगद				६००,०००.००	०.००	०.००	६००,०००.००	५९७,८०३.००	५९७,८०३.००	२,१९७.००	०.००
22311मसलन्द तथा कार्यालय सामाग्री					१,०६९,०००.००	०.००	०.००	१,०६९,०००.००	१,०६५,०२५.००	१,०६५,०२५.००	३,९७५.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१,०६९,०००.००	०.००	०.००	१,०६९,०००.००	१,०६५,०२५.००	१,०६५,०२५.००	३,९७५.००	०.००
22313पुस्तक तथा सामग्री खर्च					१००,०००.००	०.००	०.००	१००,०००.००	०.००	०.००	१००,०००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१००,०००.००	०.००	०.००	१००,०००.००	०.००	०.००	१००,०००.००	०.००
22314इन्धन - अन्य प्रयोजन					१००,०००.००	०.००	०.००	१००,०००.००	९७,७४०.००	९७,७४०.००	२,२६०.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१००,०००.००	०.००	०.००	१००,०००.००	९७,७४०.००	९७,७४०.००	२,२६०.००	०.००
22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च					६४७,०००.००	०.००	०.००	६४७,०००.००	३३६,१२२.००	३३६,१२२.००	३१०,८७८.००	०.००
1100001-नेपाल सरकार	01-नगद				६४७,०००.००	०.००	०.००	६४७,०००.००	३३६,१२२.००	३३६,१२२.००	३१०,८७८.००	०.००
22319अन्य कार्यालय संचालन खर्च					४२७,०००.००	०.००	०.००	४२७,०००.००	३१७,१३७.००	३१७,१३७.००	१०९,८६३.००	०.००
1100001-नेपाल सरकार	01-नगद				४२७,०००.००	०.००	०.००	४२७,०००.००	३१७,१३७.००	३१७,१३७.००	१०९,८६३.००	०.००
22412सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च					५४०,०००.००	०.००	०.००	५४०,०००.००	३४३,०४६.००	३४३,०४६.००	१९६,९५४.००	०.००
1100001-नेपाल सरकार	01-नगद				५४०,०००.००	०.००	०.००	५४०,०००.००	३४३,०४६.००	३४३,०४६.००	१९६,९५४.००	०.००
22413करार सेवा शुल्क					१,४४३,०००.००	०.००	०.००	१,४४३,०००.००	४४३,६७२.००	४४३,६७२.००	९९९,३२८.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१,४४३,०००.००	०.००	०.००	१,४४३,०००.००	४४३,६७२.००	४४३,६७२.००	९९९,३२८.००	०.००
22522कार्यक्रम खर्च					१५,३२१,०००.००	०.००	०.००	१५,३२१,०००.००	१०,२६१,६४४.००	१०,२६१,६४४.००	५,०५९,३४६.००	०.००
1100001-नेपाल सरकार	01-नगद				१५,३२१,०००.००	०.००	०.००	१५,३२१,०००.००	१०,२६१,६४४.००	१०,२६१,६४४.००	५,०५९,३४६.००	०.००
22612भ्रमण खर्च					५००,०००.००	०.००	०.००	५००,०००.००	३,२४०.००	३,२४०.००	४९६,७५०.००	०.००
1100001-नेपाल सरकार	01-नगद				५००,०००.००	०.००	०.००	५००,०००.००	३,२४०.००	३,२४०.००	४९६,७५०.००	०.००
22711विविध खर्च					९००,०००.००	०.००	०.००	९००,०००.००	४७७,४११.००	४७७,४११.००	४२२,५८९.००	०.००
1100001-नेपाल सरकार	01-नगद				९००,०००.००	०.००	०.००	९००,०००.००	४७७,४११.००	४७७,४११.००	४२२,५८९.००	०.००
जम्मा					६७,५०४,०००.००	३३,५००.००	०.००	६७,५३७,५००.००	५७,४८९,७३९.८५	५७,४८९,७३९.८५	१०,०४७,७६०.१५	०.००

स्रोतगत विवरण

११००००१-नेपाल सरकार	६७,५०४,०००.००	३३,५००.००	०.००	६७,५३७,५००.००	५७,४८९,७३९.८५	५७,४८९,७३९.८५	१०,०४७,७६०.१५	०.००
०१-नगद	६७,५०४,०००.००	३३,५००.००	०.००	६७,५३७,५००.००	५७,४८९,७३९.८५	५७,४८९,७३९.८५	१०,०४७,७६०.१५	०.००
जम्मा	६७,५०४,०००.००	३३,५००.००	०.००	६७,५३७,५००.००	५७,४८९,७३९.८५	५७,४८९,७३९.८५	१०,०४७,७६०.१५	०.००

कोष तथा लेखा नियन्त्रक कार्यालय
सिंहदरबार काठमाडौं
बाट आ.व. २०८२/८३
वार्षिक आर्थिक विवरण प्रमाणित ।

कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक

Printed By: sita305

Printed Date: Jul [illegible] 2026 [illegible]

फछ्यौंट हुन बाँकी पेस्की	0.00
गत आ व सम्मको	
यस आ व को	0.00
जम्मा	0.00
म्याद नाघेको पेस्की	
म्याद ननाघेको पेस्की	

तयार गर्ने :
नाम:
पद:
मिति:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने:
नाम:
पद:
मिति:

नेपाल सरकार

म.ले.प. फाराम नं:२१३

नीति अनुसन्धान प्रतिष्ठान
कार्यालय कोड नं : ३०१००३५०२

आर्थिक विवरण

आ.व.: २०८२/८३

बजेट उपशीर्षक नम्बर: ३०१०००१२४

आयोजना/कार्यक्रम नाम: प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		शुरू बजेट / अख्तियारी	संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक		अन्तिम बजेट	निकासा	जम्मा खर्च	बाँकी बजेट	गत वर्षको खर्च
	स्रोत व्यहोर्ने	भुक्तानी विधि	स्रोत व्यहोर्ने	भुक्तानी विधि		थप	घट					
31122स्टेशनरी तथा औजार					७३६,०००.००	०.००	०.००	७३६,०००.००	७२०,६०१.००	७२०,६०१.००	१५,३९९.००	०.००
1100001-नेपाल सरकार	01-नगद				७३६,०००.००	०.००	०.००	७३६,०००.००	७२०,६०१.००	७२०,६०१.००	१५,३९९.००	०.००
31123फर्निचर तथा फिक्चर्स					४९७,०००.००	०.००	०.००	४९७,०००.००	४२३,९००.००	४२३,९००.००	७३,१००.००	०.००
1100001-नेपाल सरकार	01-नगद				४९७,०००.००	०.००	०.००	४९७,०००.००	४२३,९००.००	४२३,९००.००	७३,१००.००	०.००
	जम्मा				१,२३३,०००.००	०.००	०.००	१,२३३,०००.००	१,१४४,५०१.००	१,१४४,५०१.००	८८,४९९.००	०.००

स्रोतगत विवरण

१११०००१-नेपाल					१,२३३,०००.००	०.००	०.००	१,२३३,०००.००	१,१४४,५०१.००	१,१४४,५०१.००	८८,४९९.००	०.००
	०१-नगद				१,२३३,०००.००	०.००	०.००	१,२३३,०००.००	१,१४४,५०१.००	१,१४४,५०१.००	८८,४९९.००	०.००
	जम्मा				१,२३३,०००.००	०.००	०.००	१,२३३,०००.००	१,१४४,५०१.००	१,१४४,५०१.००	८८,४९९.००	०.००

फछ्यौट हुन बाँकी पेस्की	०.००
गत आ व सम्मको	
यस आ व को	
जम्मा	
म्याद नाघेको पेस्की	
म्याद ननाघेको पेस्की	

नेपाल सरकार
वित्त मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
सिंहदरबार
कोष तथा लेखा नियन्त्रक कार्यालय
सिंहदरबार काठमाडौं
बाट आ.व. २०८२/८३,
वार्षिक आर्थिक विवरण प्रमाणित ।

कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक

तयार गर्ने :
नाम:
पद:
मिति:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने:
नाम:
पद:
मिति:

अनुसूची ७: आ.व. २०८२/८३ लेखापरीक्षण प्रतिवेदन र सम्बन्धित टिप्पणीहरू

७.१ लेखापरीक्षण प्रतिवेदन

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०८१/८२

नीति अनुसन्धान प्रतिष्ठान
OAG-AUT-०००७८०
काठमाडौं

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संवैधानिक निकाय तथा प्रशासनिक व्यवस्था लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-१२-३
च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
नीति अनुसन्धान प्रतिष्ठान ,
काठमाडौं

लेखापरीक्षण ऐन,२०७५ अनुसार त्यस प्रतिष्ठानको आर्थिक वर्ष २०८१।८२ को विनियोजन÷राजस्व÷धरौटी÷अन्य कारोबारको वित्तीय विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।१०।२८ मा छलफलपश्चात् तयार गरिएको पाना (७) को प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ।

प्रतिष्ठानबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ।उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

दुर्गाबहादुर बस्नेत
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
काठमाडौं ।, info@opmcm.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सिंहदरवार, काठमाडौं ।,
singhadarbar.dtco@fcgo.gov.np

परिचय

१ **(क) कार्यालय परिचय :-** राष्ट्रले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने, मुलुकले कुनै खास विषयमा अपनाउनु पर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा संचालन गर्नुपर्ने योजना, कार्यक्रम तथा अनुसन्धान गर्ने, नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कुटनीति तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनु पर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिनु यस प्रतिष्ठानको मुख्य उदेश्य हो ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस प्रतिष्ठानको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस प्रतिष्ठानको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१८ देखि २०८२।१०।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा प्रतिष्ठान प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- प्रतिष्ठानको आय – व्ययतर्फ रु. ५,७०,३२,०३५, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **पाम्सको प्रयोग तथा सम्पति व्यबस्थापनः**

महालेखा नियन्त्रक कार्यालय (सार्वजनिक सम्पति तथा दायित्व व्यवस्थापन शाखा) को च.नं. ७४ मिति २०८१।१०।२१ को पत्र मार्फत PAMS VI बाट PAMS V2 मा Migration सम्पतिहरुको ब्राण्ड मोडल क्षमता र

पहिचान नं. राखी सबै सम्पतिहरु Approve गरी तथ्यांक अद्याधिकका लागि तोकिएको व्यवस्थाहरु पूर्ण रुपमा कार्यान्वयन गरेको नदेखिएकोले तोकिए अनुसारका सामग्री तथा कार्यहरु PAMS V2 मा अनिवार्य रुपमा अद्यावधिक गरिनु पर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ को उपनियम बमोजिम गठित समितिबाट निरीक्षण गरी गराई स्वीकृत म.ले.प. ढाँचामा सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी उपनियम ४ बमोजिम त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिनाभित्र कुनै निर्देशन दिएमा कार्यालय प्रमुखले सो समेत विचार गरी र सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको हकमा नियम १०८ बमोजिम लिलाम बिक्री गर्न र मर्मत सम्भार गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत गरिसक्नु पर्ने व्यवस्थाको कार्यान्वयन गर्नुका साथै सार्वजनिक घरजग्गा र सवारी साधनहरु PAMS मा प्रविष्टी गर्ने एवं मूल्य नखुलेको सम्पति तथा जिन्सी सामानको मूल्य कायम गरी जिन्सी व्यवस्थापनलाई चुस्त बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नित्रन्त्रणः**

आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका बेहोरा निम्न छन्

३.१ **आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शनः** प्रतिष्ठानले यो आर्थिक वर्ष सम्ममा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३१ र नियमावली, २०७७ को नियम ८१ बमोजिम सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ।महालेखा नियन्त्रक कार्यालयले सबै सरकारी कार्यालय र निकायको सहजताको लागि आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१ कार्यान्वयनमा ल्याईसकेको छ। आन्तरिक नियन्त्रण प्रणाली सम्पादन गरिने कार्य प्रदान गरिने सेवा तथा स्वीकृत कार्य बमोजिमको खाका मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाई संस्थागत उद्देश्य प्राप्तिमा सहयोग पुर्याउने भएकोले आफ्नो कार्य प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली शीघ्र तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३.२ **मितव्ययी लागत अनुमान तयार गर्नुपर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १ को उपनियम २ मा मालसामानको लागत अनुमान तयार गर्दा त्यस्तो सार्वजनिक किरण रहेको जिल्लाको सम्बन्धित सार्वजनिक निकायका अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय र अन्य बजारको प्रचलित दरमा, अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट लगायतका सूचक आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस बर्ष लागत अनुमान तयार गर्दा उल्लिखित नियममा तोकिएका विभिन्न आधार तथा मध्ये जुन प्रयोग गर्दा सबैभन्दा मितव्ययी लागत अनुमान सोहीलाई प्रयोग गर्नुपर्ने तथा परामर्श सेवाको लागत अनुमान नियमावलीको नियम १२ अनुसार तयार गरी लागत अनुमानलाई मितव्ययी वास्तविक यथार्थपरक र पारदर्शी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **खर्चमा मितव्ययिताः** कार्यालयमा बर्षभरी प्रयोग गरिने पानीको जार तथा बोतलहरुको अनुमानित बप्त विवरण तयार गरी लागत अनुमान बनाउनु पर्ने । यस्ता खपत हुने पानीको सवारी साधनमा प्रयोग हुने इन्धनको विवरण समेत PAMS मा प्रविष्टी गरी सोही प्रणालीबाट खर्च गरी पारदर्शिता कायम गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट खर्चः** आर्थिक वर्षको अन्तिम महिनामा गरिने अधिक खरिद कार्यमा नियन्त्रण गरिनु पर्दछ । साथै नियमित रूपमा प्रयोग तथा खपत हुने मसलन्द लगायतका सामग्रीहरु आर्थिक बर्ष शुरु देखि नै प्राप्त हुने गरी शिलबन्दी दरभाउपत्र वा बोलपत्रको कार्यवाही मार्फत गरिनु पर्दछ ।साथै LMBIS मा उल्लेख भएको क्रियाकलाप र उक्त सीमा भित्र रही उक्त क्रियाकलापको उद्देश्य प्रातिमा मात्र बजेट खर्च गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बार्षिक लक्ष्य तथा प्रगतिः**

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा २४(२) मा प्रतिष्ठानले एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रम कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । प्रतिष्ठानलाई यो बर्ष प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय मार्फत रु.७ करोड २१ लाख ८१ हजार प्राप्त भएकोमा रु.५ करोड ६३ लाख ४८ हजार खर्च गरेको छ।यो बर्ष पर्यटन नीति २०८१, ई गभर्नेन्स बलुप्रिन्टमा सुधार, अनिवार्य तथा निशुल्कः शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुधारका लागि सुझाब, प्रतिलिपि अधिकार ऐन,२०८१,राष्ट्रिय संस्कृति नीति,२०८१,श्रम आप्रवासन नीति मस्यौदा,२०८१,वातावरण संरक्षण नियमावली,२०७७ (पहिलो संशोधन २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरु लगायत ७ वटा नीति सिफारिस गरेको, अनुसन्धान परियोजनाहरुमा आधारित भई तय गरिएको अनुसन्धान संक्षेपहरु समेत गरी ११ वटा प्रतिवेदनहरु प्रकाशित गरेको,२७ वटा नीति संवाद आयोजना, ५ वटा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँग अनुसन्धानमा समन्वय र सहकार्यको लागि समझदारी गरेको छ।यस अवधिमा ४७ वटा अनुसन्धान परियोजना चालू रहेको देखिन्छ।उक्त अनुसन्धानहरु लक्षित समयमा नै सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **अनुसन्धानको प्रभाव अध्ययनः**

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश,२०७५ को दफा ६ मा समितिको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ।प्रतिष्ठान नेपाल सरकारका लागि सल्लाहकारीय भूमिकामा मात्र रहेको हुँदा अनुसन्धानका उपलब्धि र नीति सिफारिसहरूले सरकारी नीतिहरूलाई प्रभावकारी रूपमा के / कसरी प्रमाण/ सुसूचित गरेका छन् र नीतिगत सुधारमा प्रतिष्ठानका सुझाव र सिफारिसहरू के कति कार्यान्वयन भएका छ/छैनन् भनी प्रभाव मूल्यांकन गरेको छैन।व्यवस्थित प्रभाव मूल्याङ्कन ढाँचाको अभावका कारण अनुसन्धानद्वारा प्रमाणित तथा प्रमाण/सुसूचित नीतिहरूको दीर्घकालीन प्रभाव अभिलेखीकरण भएको छैन।अनुसन्धानको सुझाव तथा निष्कर्षलाई लागु भए/नभएको तथा सो को प्रभाव अध्ययन तथा अनुगमनको लागि प्रभाव मूल्याँकनको ढाँचा तथा संयन्त्र तर्जुमा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **तालिम कार्यक्रमको लागत अनुमानः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(७) बमोजिम कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था रहेकोमा प्रतिष्ठानबाट तालिम, सेमिनार, गोष्ठी र कार्यशाला जस्ता कार्यक्रमको लागि खर्च गर्दा लागत अनुमान तयार गरी स्वीकृत गरेको पाईएन।त्यस्ता कार्यक्रमहरु संचालन गर्नु पूर्व अनिवार्य रुपमा लागत अनुमान स्वीकृति गरिनु पर्दछ।साथै कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०८१ को प्रावधान पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **महशुल भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ र नियमावली, २०७७ को नियम ३९ (११) बमोजिम सरकारी कारोबार गर्दा उचित गुणस्तर, मितव्ययी तथा हानि-नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था गरेको छ । प्रतिष्ठानले विद्युत महशुलमा जरिवाना समेत भुक्तानी गरी थप आर्थिक व्ययभार पारेकोले यस्ता महशुलहरु समयमै भुक्तानी गरी खर्चमा नियमितता र मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सवारी साधन खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा कारोवार राख्ने प्रयोजनको लागी महालेखा नियन्त्रक कार्यालयले लेखाको दाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्न सक्ने व्यवस्था तथा नियमावली,२०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था रहेको साथै एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ले खर्च गर्ने संकेत तथा विषयको स्पष्ट व्याख्या गरेको छ।प्रतिष्ठानले यो बर्ष सार्वजनिक खरिद ऐन, २०६३ मा भएको प्रावधान अन्तर्गत पुरानो दिने नयाँ लिने (Buy Back Method) विधिको आधारमा स्कोडा अटो गाडी तथा हुन्डाइ सान्ट्रो दुई सवारी साधनहरूबाट विधुतिय सवारी साधन मिति २०८१।०३।२४ मा सट्टापट्टा गरी प्रतिष्ठानको नाममा नामसारी भएको देखिन्छ । तर उक्त EV गाडीको सट्टामा बा.ए.बी.१५०३ हुन्डाइ सान्ट्रोको कायम भएको मुल्य रु.७,५०,०००।- लक्ष्मी इन्टरकन्टीनेन्टल प्रा.लि.काठमाडौं र प्रदेश ३००१ झ ००८० स्कोडा अटो गाडीको कायम भएको मुल्य रु.१,७५,०००।- सिजि मोटर्स प्रा.लि. काठमाडौंको नाममा नामसारी हुन नसकेको कारणले प्रतिष्ठानको मिति २०८१।१२।२५ को निर्णय अनुसार बजेट रकम नं. २२२१२ (इन्धन कार्यालय प्रयोजन) बाट रु.३,३०,०००।- तथा २२२१३ (सवारी साधन) बाट रु. ४,००,०००/ साथै २२२१९ (इन्धन पदाधिकारी) बाट रु. ४,२०,०००।- र २२६१२ (भ्रमण खर्च) बाट रु.१,७५,०००।- समेत जम्मा रकम रु.१३,२५,०००।०० उल्लिखित फर्मलाई भुक्तानी गरेको पाईयो।यसरी उल्लिखित स्पष्ट कानूनी प्रावधान हुँदाहुदै प्रतिष्ठानले फरक बजेट रकम नं. र स्वीकृत खरिद विधि विपरीत भुक्तानी गरेको उक्त रकम नियमसम्मत देखिएन रु.१३२५०००।

अनियमित भएको	१३,२५,०००

९ **दरबन्दी बेगर करारमा कर्मचारी नियुक्तीः**

बिकास समिति ऐन,२०१३ (संसोधन २०७५।११।१९ समेत) को दफा ६ (१) अनुसार लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्दान्तहरु र तरीका अनुसार बाहेक अरु कुनै तरीकाबाट कुनै ब्यक्तिलाई नियुक्ति गर्न नहुने व्यबस्था छ।नीति अनुसन्धान प्रतिष्ठानले उक्त प्रक्रिया पुरा नगरी विमल चन्द्र शर्मा लाई दरबन्दी नभएको पुस्तकालय व्यवस्थापन संयोजक पद सृजना गरी करार पदमा नियुक्ती दिई २०८१ श्रावणदेखि मासिक रु. ५०,०००।- पारिश्रमिक भुक्तानी गर्ने गरी सम्झौता गरी २०८२ बैशाख सम्मम रु.५,०००००।- भुक्तानी गरेको छ । साथै २०८२ जेठ देखि नेपाल नलेज सेन्टर सर्भिसेस सँग सम्झौता गरी प्रतिष्ठानले प्रयोग गरेको Digital Assets Management (DAM) को अनलाइन सँस्करण सञ्चालन तथा डिजिटल पुस्तकालय सम्बन्धी सम्पुर्ण कार्य गर्नका लागि विमल चन्द्र शर्मा लाई जिम्मेवारी दिएको र सो कार्यवापत गौ. भौ. न. ३५७ मिति २०८२/०३/१८ मा मु.अ.कर समेत रु.१७५००० भुक्तानी भएको समेत रु.६,७५,०००।- खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

१०

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । प्रतिष्ठानले बेरुजु फर्स्यौंट गरी सम्परीक्षणको लागी पेश गरेको छैन ।

(ख) अध्यावधिक बेरुजुको अवस्थाः यस **नीति अनुसन्धान प्रतिष्ठान** को २०८२ सम्मको फर्स्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजु (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)	यो वर्ष कायम बेरुजु(C)	सम्परीक्षणबाट कायम बेरुजु(D)	अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)
१	०	०	१३२५०००	०	१३२५०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नीति अनुसन्धान प्रतिष्ठान , काठमाडौं

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लेखनाथ शर्मा	२०८१-२-२०	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखा अधिकृत श्री मचाभाई महर्जन	२०८०-२-४	२०८२-०८-१६

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	१,३२५,०००	०	०	०	०
				जम्मा बेरुजु रकम	१,३२५,०००
				लेखापरीक्षणको क्रममा असुली रु	०

नाफा नोक्सान हिसाब:

आय		व्यय	
बिक्री / सेवा शुल्क	०	**प्रत्यक्ष खर्च**	०
अनुदान	०	**संचालन खर्च**	०

आय		व्यय	
अन्य आय	०	कर्मचारी खर्च	०
		व्याज	०
		ह्रास खर्च	०
		आयकर	०
जम्मा	०	जम्मा	०
खुद आम्दानी	०		

प्राप्ती र भुक्तानी :

वर्षको सुरु मौज्दात		०	
आय		व्यय	
बिक्री / सेवा शुल्क	०	प्रत्यक्ष खर्च	२०,६६,९६९
अनुदान	५,६३,४८,५५९.२	संचालन खर्च	२,३३,०८,८२६.२
अन्य आय	६,८३,४७६	कर्मचारी खर्च	३,०८,७२,७६४
		अन्य खर्च	०
जम्मा	५,७०,३२,०३५.२	जम्मा	५,६२,४८,५५९.२
		यो वर्षको बचत	७,८३,४७६
		वर्षान्तको मौज्दात	७,८३,४७६

७.२ प्रतिवेदनउपर प्रतिष्ठानको व्यवस्थापकीय टिप्पणी

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :-०८२/८३
चनं. :-३११

मिति :-२०८२/१२/२२ गते

नीति अनुसन्धान प्रतिष्ठान

नारायणहिटी, काठमाडौं, नेपाल

महालेखा परिक्षकको कार्यालयको प्रतिबेदन २०८१।०८२ मा प्रतिष्ठानको प्रतिकृया

सि नं	बेरुजुको बिवरण	प्रतिष्ठानको प्रतिकृया	कैफियत
१	परिचय खण्ड आर्थिक कारोबारको स्थितिः रु ५७०३२०३५ को लेखापरिक्षण सम्पन्न	अवगत भयो ।	
२	पाम्सको प्रयोग तथा सम्पति व्यवस्थापनः महालेखा नियन्त्रक कार्यालय (सार्वजनिक सम्पति तथा दायित्व व्यवस्थापन शाखा) को च.नं. ७४ मिति २०८१। १०।२१ को पत्र मार्फत PAMS V1 बाट PAMS V२ मा Migration सम्पतिहरुको ब्राण्ड मोडल क्षमता र पहिचान नं. राखी सबै सम्पतिहरु Approve गरी तथ्यांक अद्यधिक लागि तोकिएको व्यवस्थाहरु पूर्ण रुपमा कार्यान्वयन गरेको नदेखिएकोले तोकिए अनुसारका सामग्री तथा कार्यहरु PAMS V२ मा अनिवार्य रुपमा अद्यावधिक गरिनु पर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ को उपनियम बमोजिम गठित समितिबाट निरीक्षण गरी गराई स्वीकृत	पाम्स V2 को प्रयोग गरी सम्पत्ति व्यवस्थापन लागू गरिएको छ। जिन्सी अनुमान बजेट प्राथमिकताको आधारमा खरिद योजना स्वीकृत गरी खरिद कार्य गर्ने साथै खर्च गर्दाको प्रकृया पनि PAMS V२ मा अनलाईन पद्दतिबाटै गरी अद्यावधिक गरिदै आएको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ को उपनियम बमोजिम समिति गठन गरी उक्त समितिबाट जिन्सी निरीक्षण गरी गराई स्वीकृत म.ले.प. ढाँचामा सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी उपनियम ४ बमोजिम त्यस्तो प्रतिवेदनको एक प्रति प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने गरिएको व्यहोरा अनुरोध गर्दछौ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार	सैद्धान्तिक बेरुजु

(१)

नारायणहिटी, काठमाडौं, नेपाल
फोनः ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

	म.ले.प. ढाँचामा सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी उपनियम ४ बमोजिम त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिनाभित्र कुनै निर्देशन दिएमा कार्यालय प्रमुखले सो समेत विचार गरी र सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको हकमा नियम १०८ बमोजिम लिलाम बिक्री गर्न र मर्मत सम्भार गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत गरिसक्नु पर्ने व्यवस्थाको कार्यान्वयन गर्नुका साथै सार्वजनिक घरजग्गा र सवारी साधनहरु PAMS मा प्रविष्टी गर्ने एवं मूल्य नखुलेको सम्पति तथा जिन्सी सामानको मूल्य कायम गरी जिन्सी व्यवस्थापनलाई चुस्त बनाउनु पर्दछ ।	मर्मत गर्नु पर्नेमा मर्मत समेत गराई प्रयोगमा ल्याउने गरिएको यहोरा अनुरोध गर्दछौं ।	
३	आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका बेहोरा निम्न छन् ३.१ आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शनः प्रतिष्ठानले यो आर्थिक वर्ष सम्ममा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३१ र नियमावली, २०७७ को नियम ८१ बमोजिम सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ	अख्तियार प्राप्त अधिकारीको स्वीकृतबाट मात्र आर्थिक कारोबार गर्ने गरेको छ। साथै, समय समयमा वित्तीय/भौतिक स्थितिको समीक्षा गरी खर्चमा मितव्ययिता कायम हुने व्यवस्था गरिएको छ। तहाँको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३१ र नियमावली, २०७७ को नियम ८१ बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिने व्यहोरा अनुरोध गरिन्छ ।	सैद्धान्तिक बेरुजु

	भन्ने व्यवस्था रहेको छ। महालेखा नियन्त्रक कार्यालयले सबै सरकारी कार्यालय र निकायको सहजताको लागि आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१ कार्यान्वयनमा ल्याईसकेको छ। आन्तरिक नियन्त्रण प्रणाली सम्पादन गरिने कार्य प्रदान गरिने सेवा तथा स्वीकृत कार्य बमोजिमको खाका मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाई संस्थागत उद्देश्य प्राप्तिमा सहयोग पुर्याउने भएकोले आफ्नो कार्य प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली शीघ्र तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।		
	३.२ मितव्ययी लागत अनुमान तयार गर्नुपर्नेः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १ को उपनियम २ मा मालसामानको लागत अनुमान तयार गर्दा त्यस्तो सार्वजनिक किरण रहेको जिल्लाको सम्बन्धित सार्वजनिक निकायका अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय र अन्य बजारको प्रचलित दरमा, अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट लगायतका सूचक आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यस बर्ष लागत अनुमान तयार गर्दा उल्लिखित नियममा तोकिएका विभिन्न आधार तथा मध्ये जुन प्रयोग गर्दा सबैभन्दा मितव्ययी	प्रकाशन छपाई कार्यको लागि सिलबन्दी बोलपत्र प्रक्रिया थालनी गर्दा अघिल्ला वर्षहरुमा छपाई कार्यको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय र अन्य बजारको प्रचलित दरलाई आधार मानी मितव्ययी हुने गरी लागत अनुमान तयार गरिएको व्यहोरा अनुरोध गरिन्छ ।	सैद्धान्तिक बेरुजु

नीति अनुसन्धान प्रतिष्ठान
POLICY RESEARCH INSTITUTE

(2)

	लागत अनुमान सोहीलाई प्रयोग गर्नुपर्ने तथा परामर्श सेवाको लागत अनुमान नियमावलीको नियम १२ अनुसार तयार गरी लागत अनुमानलाई मितव्ययी वास्तविक यथार्थपरक र पारदर्शी बनाउनु पर्दछ ।		
	३.३ **खर्चमा मितव्ययिताः** कार्यालयमा बर्षभरी प्रयोग गरिने पानीको जार तथा बोतलहरुको अनुमानित बप्त विवरण तयार गरी लागत अनुमान बनाउनु पर्ने। यस्ता खपत हुने पानीको सवारी साधनमा प्रयोग हुने इन्धनको विवरण समेत PAMS मा प्रविष्टी गरी सोही प्रणालीबाट खर्च गरी पारदर्शिता कायम गरिनु पर्दछ ।	बिगत आ. व. मा पानीको जार तथा सवारी साधनमा प्रयोग हुने इन्धनको विवरण समेत PAMS मा प्रविष्टी गर्न तहाँबाट सुझाव प्राप्त भए अनुसार चालु आ व २०८२।०८३ बाट PAMS मा प्रविष्टी गरी सोही अनुसार खर्च समेत गर्दै आएको व्यहोरा अनुरोध गरिन्छ ।	सैद्धान्तिक बेरुजु
	३.४ **बजेट खर्चः** आर्थिक वर्षको अन्तिम महिनामा गरिने अधिक खरिद कार्यमा नियन्त्रण गरिनु पर्दछ । साथै नियमित रूपमा प्रयोग तथा खपत हुने मसलन्द लगायतका सामग्रीहरु आर्थिक बर्ष शुरु देखि नै प्राप्त हुने गरी शिलबन्दी दरभाउपत्र वा बोलपत्रको कार्यवाही मार्फत गरिनु पर्दछ। साथै LMBIS मा उल्लेख भएको क्रियाकलाप र उक्त सीमा भित्र रही उक्त क्रियाकलापको उद्देश्य प्रातिमा मात्र बजेट खर्च गरिनु पर्दछ ।	LMBIS मा उल्लेख भएको क्रियाकलाप र उक्त सीमा भित्र रही उद्देश्य प्रातिमा मात्र बजेट खर्च गर्ने गरिएको छ ।कमि भएको हकमा आगामि दिनमा तहाँको सुझाव अनुसार खरिद कार्यमा नियन्त्रण गरिने व्यहोरा अनुरोध गरिन्छ ।	सैद्धान्तिक बेरुजु
४	**बार्षिक लक्ष्य तथा प्रगतिः** नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा २४ (२) मा प्रतिष्ठानले एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रम कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। प्रतिष्ठानलाई यो बर्ष	माइलस्टोन कार्यक्रम प्रगति-८५.७१, समग्र वार्षिक प्रगति-८३.५ र वितीय प्रगति - ७६.८८ प्रतिशत भएको व्यहोरा अनुरोध गरिन्छ ।	सैद्धान्तिक बेरुजु

	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय मार्फत रु.७ करोड २१ लाख ८१ हजार प्राप्त भएकोमा रु.५ करोड ६३ लाख ४८ हजार खर्च गरेको छ। यो बर्ष पर्यटन नीति २०८१, ई गभर्नेन्स बलुप्रिन्टमा सुधार, अनिवार्य तथा निशुल्कः शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुधारका लागि सुझाब, प्रतिलिपि अधिकार ऐन, २०८१, राष्ट्रिय संस्कृति नीति, २०८१, श्रम आप्रवासन नीति मस्यौदा, २०८१, वातावरण संरक्षण नियमावली, २०७७ (पहिलो संशोधन २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरु लगायत ७वटा नीति सिफारिस गरेको, अनुसन्धान परियोजनाहरुमा आधारित भई तय गरिएको अनुसन्धान संक्षेपहरु समेत गरी ११ वटा प्रतिवेदनहरु प्रकाशित गरेको, २७ वटा नीति संवाद आयोजना, ५ वटा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँग अनुसन्धानमा समन्वय र सहकार्यको लागि समझदारी गरेको छ। यस अवधिमा ४७ वटा अनुसन्धान परियोजना चालू रहेको देखिन्छ। उक्त अनुसन्धानहरु लक्षित समयमा नै सम्पन्न गर्नुपर्दछ ।		
5	**अनुसन्धानको प्रभाव अध्ययन** नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश, २०७५ को दफा ६ मा समितिको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । प्रतिष्ठान नेपाल सरकारका लागि सल्लाहकारीय भूमिकामा मात्र रहेको हुँदा अनुसन्धानका उपलब्धि र नीति सिफारिसहरूले सरकारी नीतिहरूलाई प्रभावकारी रूपमा के-कसरी प्रमाण-सुसूचित गरेका छन् र नीतिगत सुधारमा प्रतिष्ठानका सुझाव र सिफारिसहरू के	नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश, २०७५ को व्यवस्था अनुरुप प्रतिष्ठानले अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाबहरु सिफारिस गर्दै आएको छ । सुझाव कार्यान्वयन गर्ने वा नगर्ने जिम्मेवारी नेपाल सरकारमा निहित रहने बिषय हो । प्रतिष्ठानले अध्ययन अनुसन्धान गरी तत्थ्यमा आधारित भई दिएका सुझाबहरु कार्यान्वयन होउन् भन्ने अपेक्षा रहेको छ । कार्यान्वयनमा प्रतिष्ठानको भूमिका नरहने व्यहोरा अनुरोध गर्दछु ।	सैद्धान्तिक बेरुजु

नीति अनुसन्धान प्रतिष्ठान
POLICY RESEARCH INSTITUTE

	कति कार्यान्वयन भएका छ । छैनन् भनी प्रभाव मूल्याँकन गरेको छैन । व्यवस्थित प्रभाव मूल्याङ्कन ढाँचाको अभावका कारण अनुसन्धानद्वारा प्रमाणित तथा प्रमाण- सुसूचित नीतिहरूको दीर्घकालीन प्रभाव अभिलेखीकरण भएको छैन । अनुसन्धानको सुझाव तथा निष्कर्षलाई लागु भए । नभएको तथा सो को प्रभाव अध्ययन तथा अनुगमनको लागि प्रभाव मूल्याँकनको ढाँचा तथा संयन्त्र तर्जुमा गर्नुपर्ने देखिन्छ ।	तहाँको सुझाव अनुसार आगामि आ व मा प्रतिष्ठानले नेपाल सरकारमा पेश गरेका अनुसन्धानको सुझाव तथा निष्कर्षहरु लागु भए/नभएको तथा सो को प्रभाव अध्ययन तथा अनुगमनको लागि प्रभाव मूल्याँकनको ढाँचा तथा संयन्त्र तर्जुमा गरिने व्यहोरा अनुरोध गरिन्छ ।	
6	**तालिम कार्यक्रमको लागत अनुमानः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) बमोजिम कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था रहेकोमा प्रतिष्ठानबाट तालिम, सेमिनार, गोष्ठी र कार्यशाला जस्ता कार्यक्रमको लागि खर्च गर्दा लागत अनुमान तयार गरी स्वीकृत गरेको पाईएन। त्यस्ता कार्यक्रमहरु संचालन गर्नु पूर्व अनिवार्य रुपमा लागत अनुमान स्वीकृति गरिनु पर्दछ। साथै कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०८१ को प्रावधान पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ ।	प्रतिष्ठानबाट तालिम कार्यक्रम संचालन भएको छैन। समय समयमा संचालन हुने नीति प्रवचन कार्यक्रममा सहभागीहरूलाई खाजा (Norms अनुसार) खुवाउने साथै अन्य खर्च नहुने भएकोले लागत अनुमान तयार नगरिएको व्यहोरा अनुरोध छ।	सैद्धान्तिक बेरुजु
7	**महशुल भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ र नियमावली, २०७७ को नियम ३९ (११) बमोजिम सरकारी कारोबार गर्दा उचित गुणस्तर, मितव्ययी	प्रतिष्ठाननले नारायणहिटी दरवार परिसर भित्रको रातो भवनको पहिलो तला प्रयोग गरदै आएको छ ।उक्त भवनमा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय पञ्चाङ्ग निर्णायक समित लगायतका कार्यालयहरु बस्दै आएको र उक्त भवन	सैद्धान्तिक बेरुजु

(६)

	तथा हानि-नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था गरेको छ । प्रतिष्ठानले विद्युत महशुलमा जरिवाना समेत भुक्तानी गरी थप आर्थिक व्ययभार पारेकोले यस्ता महशुलहरु समयमै भुक्तानी गरी खर्चमा नियमितता र मितव्ययिता कायम गर्नुपर्दछ ।	नारायणहिटी दरवार संग्रालयको स्वमित्वमा रहेकोले विद्युत मिटर पनि एउटै भवनमा छुट्टा छुट्टै गर्न नमिलेकोले विद्युत महशुलको बिल पनि उक्त कार्यालयको नाममा आउने र उक्त कार्यालयबाट समयमा नै विल प्राप्त नभएका कारण बाध्यतावश जरिवाना भुक्तानी गर्न परेको व्यहोरा अनुरोध छ ।चालु आ व २०८२।०८३ देखी यो भवन प्रयोग गर्ने कुन कार्यालयले कुन कुन महिनाको बिल भूक्तानी गर्ने भन्ने सहमति भएकोले अव जरिवाना तिर्न नपर्ने व्यहोरा अनुरोध गर्दछौ ।	
८	**सवारी साधन खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा कारोवार राख्ने प्रयोजनको लागी महालेखा नियन्त्रक कार्यालयले लेखाको दाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्न सक्ने व्यवस्था तथा नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था रहेको साथै एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ले खर्च गर्ने संकेत तथा विषयको स्पष्ट व्याख्या गरेको छ। प्रतिष्ठानले यो बर्ष सार्वजनिक खरिद ऐन, २०६३ मा भएको प्रावधान अन्तर्गत पुरानो दिने नयाँ लिने (Buy Back Method) विधिको आधारमा स्कोडा अटो गाडी तथा हुन्डाइ सान्ट्रो दुई सवारी साधनहरूबाट विधुतिय सवारी साधन मिति २०८१।०३।२४ मा सट्टापट्टा गरी प्रतिष्ठानको नाममा नामसारी भएको	आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को अधिनमा रही पुरानो दिने नयाँ लिने प्रणाली अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको स्वीकृत लिई साथै प्रतिष्ठान बोर्डबाट निर्णय गरी कार्यान्वयन गर्ने क्रममा यातायात कार्यालयले एउटै निर्णयको नयाँ गाडी मात्र नामसारी गरी प्रतिष्ठानको पुरानो गाडी कम्पनीको नाममा नामसारी नगरी आधा मात्र काम गरेकाले समस्या सिर्जना भएको। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश मन्त्रालय/सबैतिर समस्या अवगत गराई समस्याको समाधान खोजिएकोमा बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयले प्राविधिक समिति बनाई अध्ययनको सिफारिसको आधारमा पुरानो दिई नयाँ लिने प्रणालीबाट भएको कारोबारबाट नामसारी गर्ने कार्यविधि स्वीकृत गरी यातायात कार्यलयमा पत्र पठाएको। तथापी, आफ्नै तालुक मन्त्रालयको निर्णय समेत यातायात कार्यालयले कार्यान्वयन	अनियमित भएको १३,२५,०००

नीति अनुसन्धान प्रतिष्ठान
POLICY RESEARCH INSTITUTE

(6)

	देखिन्छ। तर उक्त EV गाडीको सट्टामा बा.ए.बी.१५०३ हुन्डाइ सान्ट्रोको कायम भएको मुल्य रु.७,५०,०००।- लक्ष्मी इन्टरकन्टीनेन्टल प्रा.लि. काठमाडौं र प्रदेश ३००१ झ ००८० स्कोडा अटो गाडीको कायम भएको मुल्य रु.१,७५,०००।- सिजि मोटर्स प्रा.लि. काठमाडौंको नाममा नामसारी हुन नसकेको कारणले प्रतिष्ठानको मिति २०८१।१२।२५ को निर्णय अनुसार बजेट रकम नं. २२२१२ (इन्धन कार्यालय प्रयोजन) बाट रु.३,३०,०००।- तथा २२२१३ (सवारी साधन) बाट रु. ४,००,०००/ साथै २२२१९ (इन्धन पदाधिकारी) बाट रु. ४,२०,०००।- २ २२६१२ (भ्रमण खर्च) बाट रु.१,७५,०००।- समेत जम्मा रकम रु.१३,२५,०००।०० उल्लिखित फर्मलाई भुक्तानी गरेको पाईयो। यसरी उल्लिखित स्पष्ट कानूनी प्रावधान हुँदाहुदै प्रतिष्ठानले फरक बजेट रकम नं. र स्वीकृत खरिद विधि विपरीत भुक्तानी गरेको उक्त रकम नियमसम्मत देखिएन रु.१३२५०००।	नगरेकोले कम्पनीले कवोल गरेको पुरानो दुई वटा गाडीको मूल्य बराबरको रकम रु १३२५०००।- दायित्व सृजना भएको। नामसारी हुन नसके पछि कम्पनीले पुरानो दुई वटा गाडी प्रतिष्ठानमा फिर्ता गरी सो बराबरको कवुल रकम फिर्ता माग गरे पछि भूक्तानी दिन बाध्य भएको व्यहोरा अनुरोध गर्दछौं । आ.व. २०८१/८२ मा सवारीसाधनमा बजेट नभएकोले प्रतिष्ठान बोर्डलाई "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (आर्थिक प्रशासन सम्बन्धि) नियमावली, २०७५ को नियम ९ बमोजिम प्राप्त अधिकार प्रयोग गरी प्रतिष्ठानको ६१ औं र ६२ औं बोर्ड बैठकले निर्णय गरेको सवारी साधनमा रकमान्तर स्वीकृत भएको (निर्णय संलग्न छ)। रकमान्तर सहित वजेट संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरि सकिएको थियो।तसर्थ यो बेरुजु रहनु नपर्ने व्यहोरा अनुरोध गरिन्छ प्रचलित कानून/प्रावधान र आफ्नै तालुक मन्त्रालयले निर्धारण गरेको कार्यविधि नमानी नामसारी नगरी समस्या सिर्जना भएकोले बाध्यात्मक परिस्थितिमा प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धि) नियमावली, २०७५ को नियम ९ बमोजिम बोर्डलाई प्राप्त अधिकार प्रयोग गरी प्रतिष्ठानको ६१ औं र ६२ औं बोर्ड बैठकले निर्णय गरी रकमान्तर र वजेट संशोधन समेत गरिएको व्यहोरा अनुरोध गरिन्छ ।	
9	**दरबन्दी बेगर करारमा कर्मचारी नियुक्तीः** बिकास समिति ऐन, २०१३ (संसोधन	प्रतिष्ठान प्रमाणमा आधारित भई अध्ययन अनुसन्धान गर्ने संस्था भएकोले ज्ञान तथा सूचनाको महत्वपूर्ण स्थान हुन्छ ।यसै	सैद्धान्तिक बेरुजु

	२०७५।११।१९ समेत) को दफा ६ (१) अनुसार लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्दान्तहरु र तरीका अनुसार बाहेक अरु कुनै तरीकाबाट कुनै ब्यक्तिलाई नियुक्ति गर्न नहुने व्यबस्था छ। नीति अनुसन्धान प्रतिष्ठानले उक्त प्रक्रिया पुरा नगरी विमल चन्द्र शर्मा लाई दरबन्दी नभएको पुस्तकालय व्यवस्थापन संयोजक पद सृजना गरी करार पदमा नियुक्ती दिई २०८१ श्रावणदेखि मासिक रु. ५०,०००।- पारिश्रमिक भुक्तानी गर्ने गरी सम्झौता गरी २०८२ बैशाख सम्ममा रु. ५,०००००।- भुक्तानी गरेको छ । साथै २०८२ जेठ देखि नेपाल नलेज सेन्टर सर्भिसेस सँग सम्झौता गरी प्रतिष्ठानले प्रयोग गरेको Digital Assets Management (DAM) को अनलाइन सँस्करण सञ्चालन तथा डिजिटल पुस्तकालय सम्बन्धी सम्पुर्ण कार्य गर्नका लागि विमल चन्द्र शर्मा लाई जिम्मेवारी दिएको र सो कार्यवापत गौ. भौ. न. ३५७ मिति २०८२/०३/१८ मा मु.अ.कर समेत रु.१७५००० भुक्तानी भएको समेत रु.६,७५,०००।- खर्च भएको छ ।	कुरालाई दृष्टिगत गरी प्रतिष्ठानमा सार्वजनिक नीति स्रोतकेन्द्र स्थापना गरी सार्वजनिक नितिसँग सम्वन्धित र आवश्यक आधारभूत अध्ययन सामाग्री तथा अन्य स्रोतहरुको सङ्ग्रहकेन्द्रको रुपमा विकास गरिएको छ ।भौतिक र डिजिटल सामाग्रीहरु खोजी गर्ने सङ्ग्रह गर्ने र आवश्यता अनुसार अनुसन्धानको लागि उपलव्ध गराउने साथै Digital Assets Management (DAM) को अनलाइन सँस्करण सञ्चालन तथा डिजिटल पुस्तकालय व्यवस्थापन सम्वन्धि कार्य गर्न केन्द्रमा प्राविधिक ज्ञान भएको अनुभवि विज्ञता भएको जनशक्ति प्रतिष्ठानमा नभएकोले उल्लेखित कार्य क्षमता भएको आधारमा विमल चन्द्र शर्मा लाई परामर्श सेवा अन्तरगत सेवा खरिद गरिएको व्यहोरा अनुरोध गरिन्छ ।	
10	**(क) सम्परीक्षण** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग	विगत बर्षहरुमा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गरी बेरुजु लगत कट्टाको लागि NAMS मा Documents sent to Auditor मा अप लोड गरी भौतिक रुपमा पनि तहाँ कार्यालय पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।	

(९)

	सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ। प्रतिष्ठानले बेरुजु फर्स्यौट गरी सम्परीक्षणको लागी पेश गरेको छैन ।		
	(ख) अध्यावधिक बेरुजुको अवस्थाः यस **नीति अनुसन्धान प्रतिष्ठान** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	तहाँको सुझाव अनुसार नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत नै बेरुजुको सम्परीक्षणको लागि बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौटको लागि पठाउने व्यहोरा अनुरोध गरिन्छ ।	

२०८२।१२।२२ गते

लक्ष्मण प्रसाद भट्टराई
(कार्यालय प्रबन्धक)

नीति अनुसन्धान प्रतिष्ठान

प्रा.डा. लेखनाथ शर्मा
(कार्यकारी अध्यक्ष)

(१०)

७.३ बेरुजु लगत कट्टा

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

संवैधानिक निकाय तथा प्रशासनिक व्यवस्था लेखापरीक्षण निर्देशनालय

मितिः २०८२-१२-२२

विषयः सम्परीक्षण ।

श्री कार्यालय प्रमुखज्यू,

नीति अनुसन्धान प्रतिष्ठान

महोदय,

तहाँको मिति २०८२-१२-१० को पत्रबाट आर्थिक वर्ष २०७८ को बेरुजु फर्स्यौट गरी सम्परीक्षण तथा लगत कट्टाका लागि अनुरोध भै आएकोमा लेखापरीक्षण ऐन, २०७५ को दफा २ (घ) तथा सोही ऐनको दफा २१ (२) बमोजिम सम्परीक्षण गरी मिति २०८२-१२-२२ को स्तरीय निर्णयानुसार देहाय बमोजिम लगत कट्टा गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

व्यहोराको तालिका

क्र.सं.	बेरुजुको दफा नं	बेरुजुको विवरण	बेरुजु रकम	कैफियत
१	लेखनाथ शर्मा	नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।८।१० को निर्णयमा अध्यक्ष, बरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता, सह अनुसन्धानकर्ता, विश्लेषक, कार्यालय प्रबन्धकले चाडपर्व खर्च नपाउने व्यवस्था रहेकोमा प्रतिष्ठानको नियमावली, २०७६ को नियम ४० मा प्रतिष्ठानका कर्मचारीले खाईपाई आएको एक महिनाको तलव बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउने व्यवस्था भएअनुसार मन्त्रिपरिषद्को २०७५।८।१० मा स्वीकृत स्केलमा चाडपर्व खर्च भुक्तानी गरेको देखियो । नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश,२०७५ को दफा ८(२) मा अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ । प्रतिष्ठानका अध्यक्षले मासिक पारिश्रमिक रू.२,२५,०००।- मा रू.५५,२६२।- कर कट्टा गरी	१६९७३८.००	बेरुजू रकम दाखिला भएको बैङ्क भौचर पेश भएको

		रू.१,६९,७३८।- चाडपर्व खर्च भुक्तानी लिएको देखिएकोले सो रकम असुल गर्नुपर्ने रू.		

बोधार्थ तथा कार्यार्थ :

दुर्गाबहादुर बस्नेत

निर्देशक

singhadarbar.dtco@gmail.com
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

info@opmcm.gov.np
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

संवैधानिक निकाय तथा प्रशासनिक व्यवस्था लेखापरीक्षण निर्देशनालय

मितिः २०८२-१२-२२

विषयः सम्परीक्षण ।

श्री कार्यालय प्रमुखज्यू,

नीति अनुसन्धान प्रतिष्ठान

महोदय,

तहाँको मिति २०८२-१२-११ को पत्रबाट आर्थिक वर्ष २०७८ को बेरुजु फर्स्यौंट गरी सम्परीक्षण तथा लगत कट्टाका लागि अनुरोध भै आएकोमा लेखापरीक्षण ऐन, २०७५ को दफा २ (घ) तथा सोही ऐनको दफा २१ (२) बमोजिम सम्परीक्षण गरी मिति २०८२-१२-२२ को स्तरीय निर्णयानुसार देहाय बमोजिम लगत कट्टा गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

व्यहोराको तालिका

क्र.सं.	बेरुजुको दफा नं	बेरुजुको विवरण	बेरुजु रकम	कैफियत
१	सञ्चित कोष दाखिला - 0	आर्थिक वर्ष २०७८।७९ मा प्रतिष्ठानलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त भएको अनुदान रू.६ करोडमध्ये रू.५९०९६४३२ खर्च भै बाँकी रू.९०३५६८ कोलेनिका विविध खाता अन्तर्गत भएको देखिएकोले उक्त रकमलाई सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रू.	९०३५६८.००	बैंक दाखिला गरी बैङ्क मौज्दात शुन्य गरिएको र उक्त रकम संचित कोष दाखिला भौचर पेश गरेको

दुर्गाबहादुर बस्नेत

निर्देशक

बोधार्थ तथा कार्यार्थ :

singhadarbar.dtco@gmail.com
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

info@opmcm.gov.np
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

अनुसूची ८: आ.व २०८२/८३ का गतिविधिहरूका केही तस्बिरहरू



सम्माननीय प्रधानमन्त्रीज्यूलाई नीति अनुसन्धान प्रतिष्ठान गतिविधिबारे जानकारी



सम्माननीय प्रधानमन्त्रीज्यूलाई नीति अनुसन्धान प्रतिष्ठान गतिविधिबारे जानकारी



विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान अधिकार दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको अध्ययनका निष्कर्षहरू निर्वाचन आयोगमा छलफल हुँदै



प्रतिष्ठानको भ्रमणमा रहनु भएका चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजका अध्यक्ष प्रा. छेन दोंगसियाओलाई मायाको चिनो प्रदान गर्नुहुँदै प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा



राष्ट्रिय हवाई नीतिको मस्यौदा, २०८३ मा पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग नीति संवाद



चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कनसम्बन्धी अध्ययनको प्रारम्भिक नतिजामाथि छलफल तथा नीति संवाद



एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास सम्बन्धमा सार्वजनिक नीति संवाद



नेपालको सौम्य शक्तिसम्बन्धी रणनीति विषयक सार्वजनिक नीति संवाद



सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदाउपर पृष्ठपोषण लिने प्रयोजनार्थ आयोजित सार्वजनिक नीति संवाद



स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरूसम्बन्धी सार्वजनिक नीति संवाद



नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति विषयक सार्वजनिक नीति संवाद



बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको अझ सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिसम्बन्धी सार्वजनिक नीति संवाद



राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरूसम्बन्धी सार्वजनिक नीति संवाद



राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनार्थ आयोजित सार्वजनिक नीति संवाद



विदेशबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण तथा उनीहरूको ज्ञान, सिप र पुँजी उपयोगसम्बन्धी सार्वजनिक नीति संवाद



नेपालमा परमाणु प्रविधिको प्रयोग, समस्या र अवसरसम्बन्धी सार्वजनिक नीति संवाद



विदेशमा रहेका तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई मतदानमा सहभागी गराउने उपायहरू सम्बन्धमा आयोजित सार्वजनिक नीति संवाद



जनस्वास्थ्य शिक्षा तथा जनशक्तिसम्बन्धी नीति संवाद



शिक्षाशास्त्र र शिक्षक शिक्षासम्बन्धी नीति संवाद



नेपालमा एआईको विकास लागि आधारभूत संरचना तथा पूर्वाधार निर्माण सम्बन्धमा नीति प्रवचन



नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार सम्बन्धमा नीति प्रवचन



नागरिक समाजसँगको सहकार्य सम्बन्धमा नीति प्रवचन



नेपालको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा विषयक नीति प्रवचन



ग्लोबल साउथको सन्दर्भमा कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति प्रवचन



सार्वजनिक नीति निर्माणमा गुणात्मक अनुसन्धानको प्रयोगसम्बन्धी नीति प्रवचन



नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्क (नेपाल) का प्रतिनिधिहरूबिच नेपालको सार्वजनिक वित्तबारे अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रका वरिष्ठ विधागत विज्ञहरूसँगको बैठक



नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका प्राज्ञहरूबिच अन्तरक्रिया



अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठान र चीनको शाङ्घाई इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिजबिच अन्तरक्रिया



नीति अनुसन्धान प्रतिष्ठानमा पेकिङ विश्वविद्यालयको अध्ययन टोलीको भ्रमण



राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल



नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू विषयक छलफल



शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जनका लागि नेपालको आकाङ्क्षा सम्बन्धमा पछिल्लो प्रमाणमा आधारित अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रम



Photo: Bimal Chandra Sharma/PRI/2025

शून्य भोकमरी, आर्थिक समृद्धि र मर्यादित जीविकोपार्जनका लागि नेपालको आकाङ्क्षा सम्बन्धमा पछिल्लो प्रमाणमा आधारित अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रम



दायित्व नेपालका फेलोहरूबाट नीतिसम्बद्ध अनुसन्धानहरूको प्रारम्भिक नतिजा प्रस्तुति



नेपालको चुनौतीपूर्ण भौगोलिक क्षेत्रका लागि उन्नत हवाई गतिशीलताको उपयुक्तता अन्वेषणसम्बन्धी ज्ञान आदानप्रदान कार्यक्रम

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विभिन्न क्षेत्रका विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न गठन गरिएको विशिष्ट प्रकृतिको विज्ञ संस्था हो ।

नीतिसम्बन्धी अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो । यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघ-संस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ । गुणस्तरीयता, वस्तुपरकता, सत्यनिष्ठा, विविधता, पारदर्शिता, जवाफदेहिता र सहभागिता प्रतिष्ठानका मूल मान्यताहरू हुन् ।

ज्ञान व्यवस्थापन नीति अनुसन्धान प्रतिष्ठानको एक महत्त्वपूर्ण पक्ष रहँदै आएको छ, जस अन्तर्गत नीति अनुसन्धानसम्बन्धी विषयमा छलफल तथा सिकाइको आदानप्रदान गर्ने संयन्त्र - सार्वजनिक नीति संवाद - सञ्चालन हुँदै आएको छ नीति निर्माणका सन्दर्भमा तीन किसिमका ज्ञान - क) अनुसन्धान र विश्लेषण मार्फत प्राप्त वैज्ञानिक ज्ञान, ख) निजामती सेवाको अनुभवबाट प्राप्त प्रशासनिक ज्ञान र ग) आम नागरिकका अनुभव र सञ्चारमाध्यम लगायत सामाजिक तथा राजनीतिक प्रक्रियाबाट प्राप्त सामुदायिक ज्ञान - आवश्यक हुन्छ भन्ने विश्वासमा आधारित भई प्रतिष्ठानले नीति अनुसन्धान गर्दै आएको छ ।